सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ भदौ २०८२, सोमबार (25 Aug 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १३४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

जिबीका जेठान सूर्यदर्शनका संस्थापक अध्यक्ष ज्ञानबहादुर बमजन मुद्दा चलेको आठ महिनापछि अदालतमा

हाजिर भएकै दिन बयान र थुनछेक बहस, १० लाख धरौटीमा रिहा

सरकारवादी रहेको मुद्दामा सरकारी वकिल नै थुनछेक बहसमा गएनन्, 'मिलेमतो'को आशंका

यसअघि रविको थुनछेक बहसमा सरकारले काठमाडौंबाट पनि झिकाएको थियो वकिलको टिम

■ न्यायाधिवक्ता र अदालतका सूचना अधिकारीको भनाइ बाझियो, 'सेटिङ'मा बयान र थुनछेक बहसको आशंका



● **कमला काफ्ले**
जिल्ला न्यायाधिवक्ता, कास्की

अदालतका प्रेस्तेदार राजन खनाललाई फोन गरेर जानकारी दिन भनेका थियौं। खबर भएन। बयान नसकिएकाले अदालतले खबर नगरेको होला भनी हामी गएनौं।



● **दामोदर अधिकारी,** सूचना अधिकारी, कास्की जिल्ला अदालत

सरकारी वकिल कार्यालका प्रतिनिधि आएर इजलासमा जानकारी गराएर गएको भन्ने सुनेको हुँ। तर, औपचारिक जानकारी छैन।



ज्ञानबहादुर बमजन, सूर्यदर्शन सहकारीका संस्थापक अध्यक्ष

पीडित संघर्ष समितिका अध्यक्ष किरण श्रेष्ठ भन्छन्-

इजलासबाट धकेलेर निकालियो, बोल्नसमेत दिइएन



ज्ञानबहादुर बमजन अदालतमा आएको थाहा पाएपछि हामी ८-१० जना गयौं। बहस हुँदै थियो, मैले 'श्रीमान् म केही कुरा राख्छु' भनें। न्यायाधीशले कुरा राख्न भनेपछि म बोल्न सुरु गरेको मात्र के थिएँ, प्रहरी हवल्दार केएस गुरुङ 'नबोल-नबोल' भन्दै आए। किन भनेर सोध्दा- 'श्रीमानले भनेको' भने। हामीले त सुनेनौं भन्दै मैले प्रतिवाद गरें। मेरो कुरा भन्न सुरु गरेपछि फेरि तिनै हवल्दार आएर झम्टिएझैं गरी 'चुप लाग' भने। र, जबर्जस्ती हामीलाई धकेलेर बाहिर निकाले। यी सब देख्दादेख्दै पनि श्रीमान्समेत केही बोल्नुभएन। जहाँसुकैका इजलासमा पीडित पक्षले समय लिएर आफ्नो कुरा राख्न पाउने प्रचलन छ। तर, आज हामीलाई किन कुरा राख्न दिइएन र प्रहरीले धकेलेर निकाल्दासमेत इजलासका न्यायाधीश केही बोलेनन्, गम्भीर

पोखरामा **रोहितराज पराजुली**

सहकारी ठगीमा फरार जिबी राईका जेठानसमेत रहेका पोखरास्थित सूर्यदर्शन सहकारीका संस्थापक अध्यक्ष ज्ञानबहादुर बमजन मुद्दा चलेको आठ महिनापछि आइतबार बिहान १० बजे कास्की जिल्ला अदालतमा उपस्थित भए। फटाफट बयान मात्रै भएन, केही घण्टामै थुनछेक बहस पनि सकियो। कार्यालय समय नसकिँदै

» पृष्ठ २ मा क्रमशः



संसदीय छानबिन समितिको प्रतिवेदन

ज्ञानबहादुर बमजन आधा दर्जन सहकारी हिनामिनाका नाइके

सांसद सूर्य थापा अध्यक्षताको संसदीय विशेष छानबिन समितिले ज्ञानबहादुर बमजनलाई विभिन्न सहकारी अनियमितताका मुख्य नाइके भनेर किटान गरेको छ। इच्छाबहादुर तामाङ, डम्बरबहादुर बमजन, ज्ञानबहादुर बमजन र गितेन्द्रबाबु (जिबी) राई मिलेर विभिन्न सहकारी खोलेर ठगी गरेको उल्लेख छ। प्रतिवेदनमा भनिएको छ, '...त्यसमध्ये अहिले अधिकांश सहकारी डिबी बमजन र पछि ज्ञानबहादुर बमजनसँग जोडिएकाहरूको संलग्नतामा खुलेका र सहकारीहरूमा उनीहरूको पारिवारिक जालो व्यापक रहेको देखिन्छ।'

ज्ञानबहादुर बमजन ०६० मा सुरुमा उपकार सेभिङको संस्थापक अध्यक्ष बनेका थिए। त्यस्तै, कुमारी सेभिङ, हिमाल सेभिङमा पनि उनै संस्थापक अध्यक्ष थिए। बज्रयोगिनी सहकारी पनि उनकै अग्रसरतामा स्थापना गरिएको प्रतिवेदनमा उल्लेख छ। स्वर्णलक्ष्मी सहकारी पनि बमजनले नै सुरुमा कब्जा गरेका थिए। प्रतिवेदनमा भनिएको छ, 'स्वर्णलक्ष्मी सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेड कालीमाटी यही समूहले जबर्जस्ती कब्जा गरेको थियो। ज्ञानबहादुर बमजनको टिमले हिमाल सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ भक्तपुरको स्टाफ कल्पना श्रेष्ठलाई ल्याएर अध्यक्ष बनायो।'

यही सहकारीमा उनीहरूले हाल कांग्रेसमा रहेकी सांसद माया राईलाई समेत सञ्चालक बनाएको थियो। व्यापक दबाबपछि राईविरुद्ध प्रहरीले मुद्दा चलाएको थियो। तर, अचम्म यो सहकारीको हिनामिनामा ज्ञानबहादुर बमजनलाई भने प्रहरीले अनुसन्धानको दायरामा ल्याएको देखिँदैन। सूर्यदर्शन पनि बमजनले नै स्थापना गरेकोमा पछि बहिनीज्वाइँ जिबी राईलाई जिम्मा लगाएका थिए। तर, हिनामिना भने उनकै कार्यकालदेखि सुरु भइसकेको थियो।

अब निलम्बनको खेल

उपसभामुख इन्दिरा रानालाई आचरणअनुकूल काम नगरेको आरोप लगाएर हटाउन संसद्मा दुईतिहाइ मत जुटाउने प्रयास असफल भएपछि कांग्रेस-एमालेले मानव बेचबिखनको मुद्दामा तानेर निलम्बन गर्ने खेल सुरु गरेका छन्



पीडित भएँ भनेर कसैको उजुरी छैन, गृहको ठाडो आदेशमा छानबिन गर्दै सिआइबी

● **डिआइजी विनोद घिमिरे**
प्रवक्ता, नेपाल प्रहरी

बाल मन्दिरबाट बच्चाहरू अन्यत्र लगिएको विषयमा अनुसन्धान गर्न सिआइबीलाई निर्देशन आएको छ।

● **चन्द्रकुवेर खापुङ**
निर्देशक, सिआइबी

सञ्चारमाध्यममा आएका विवरणका आधारमा यो के रहेछ भनेर हामीले बुझिरहेका छौं। कतैबाट जाहेरी आएको छैन, प्रारम्भिक छानबिन मात्र हो। विषय बाहिर आएपछि हामी चुप लागेर बस्नुहुँदैन भनेर यस विषयमा सोधीखोजी गर्न थालेका हौं।

कमलराज भट्ट/नयाँ पत्रिका

उपसभामुख इन्दिरा रानालाई आचरणअनुकूल काम नगरेको आरोप लगाएर हटाउन संसद्मा दुईतिहाइ मत जुटाउने प्रयास असफल भएपछि कांग्रेस-एमालेले मानव बेचबिखनको मुद्दामा तानेर निलम्बन गर्ने खेल सुरु गरेका छन्। अभिभावककै अनुमतिमा बाल संगठनबाट १० वर्षअघि रानाको संस्था बन्दी सहायता नेपालमा बच्चाहरू लगिएको विषयलाई विनाउजुरी सरकारले अहिले आएर मानव बेचबिखनको मुद्दा

» पृष्ठ २ मा क्रमशः

■ बेचबिखन गरिएको भनिएका युवा/युवती भन्छन्-

बेचिएका भए सुरक्षित बसेर कसरी पढिरहेका हुन्थ्यौं ? हाम्रो नाममा राजनीति नगरियोस्

अभिभावक भन्छन्- हाम्रा बच्चा जबर्जस्ती लगेको होइन, बेचेको पनि होइन। हामी आफैंले सिग्नेचर गरेर राम्रो ठाउँ पठाएको हो। पटकपटकको विवादले बच्चाहरूको मानसिक स्वास्थ्यमा समस्या होला जस्तो भइसक्यो।



मनकुमारी थारू, अभिभावक

हामीले छोरीलाई सहमतिमै सारेको हो। हामी पढाउन नसक्ने थियौं। त्यहाँ गएर राम्रो भएको छ। विचार गरेर नै पिए नेपाल पठाएको हो। बुबा र आमा हामी आफैंले लिएर गएका हौं। हस्ताक्षर गरेका छौं। जबर्जस्ती लगेको होइन, बेचेको होइन। हामी आफैंले सिग्नेचर गरेर पठाएको हो। गलत कुरा गर्दा-सुन्दा मन खिन्न हुन्छ।

● **बाल मन्दिरबाट पिए नेपालमा आएकी २० वर्षीया युवती भन्छिन्-**

भूकम्प आएपछि सिफल बाल मन्दिरमा सेफ्टी थिएन। केटाकेटी सँगै राख्ने, एउटै रुममा सुताइदिने पनि गर्थे। हामी त सानै थियौं। दसैंमा घर गएको बेला अप्ठ्यारो भएका कुरा बाबा-आमालाई सुनाएँ। त्यसपछि बाबाले साइन गरेर इन्दिरा आमाकोमा सार्नुभएको हो। यहाँ सबै राम्रो छ। ब्याचलर फर्स्ट इयर पढ्दै छु। यो मुद्दा पटकपटक उछालिँदा 'प्राइभेसी ह्याम्पर' भइरहेको छ। मानव तस्करी गरेको भए म यहाँ हुँदिनँ थिए होला। हाम्रो नाम बेचेर राजनीति नगरियोस्।

■ थप अभिभावक र युवा/युवतीको भनाइ पृष्ठ २

● **नेपाल बाल संगठनकी अध्यक्ष विद्या न्यौपाने भन्छिन्-**

बच्चाहरू ०७२ को दसैं बिदामा गएका र त्यसपछि नफर्किएको रेकर्डमा देखिन्छ। बाल मन्दिरले पनि खोजी गरेको देखिएन। म आएपछि बुझ्दा बच्चाहरू पिए नेपालमा गएको थाहा भयो। आज पनि सिआइबीका मान्छे सोधीखोजी गर्न आएका थिए। तर, औपचारिक पत्र नभएकाले कुनै जानकारी दिएनौं।



● **जाँचबुझ आयोगलाई तत्कालीन अध्यक्ष रिता सिंहको बयान**

विशेषतः जेलका चार-पाँचजना बच्चालाई इन्दिरा रानाको संस्थामा सारेको थाहा छ। मैले पनि उहाँको संस्थामा हेरेकी थिएँ। राम्रो सुविधा रहेछ, अनि पठाएको हो। हामीसँग पैसा नभएर गाह्रो भएको वेलामा बच्चाहरू पठाएको हो। त्यहाँ राम्रो सुविधा थियो। पछि मैले ल्याउँछु भनेको हो, तर बच्चाहरू आउन मानेनन्।

इम्बोस्ड नम्बर प्लेटमा सरकारको जबर्जस्ती, सर्वसाधारणलाई सास्ती

२४ लाख नागरिकलाई लाइसेन्स दिन नसकेर लाचार देखिएको सरकार पूर्वाधारविनै इम्बोस्ड अनिवार्य गर्ने योजनामा, साढे पाँच अर्बको इम्बोस्ड नम्बर प्लेट परियोजनामा 'अनियमितता र कमिसन'को खेल रहेको आशंका

सुवास भट्ट/नयाँ पत्रिका

लिखित र ट्रायल पास गरिसकेका २४ लाख नागरिकलाई पाँच वर्षदेखि सवारीचालक अनुमति-पत्र (लाइसेन्स) दिन नसकेको सरकारले फेरि इम्बोस्ड नम्बर प्लेट जडानको अर्को झन्झट थपिदिएको छ। आवश्यक पूर्वाधार र तयारीविनै इम्बोस्ड नम्बर प्लेट जडान गर्ने सरकारको उर्दीले अनावश्यक सास्ती हुने भन्दै नागरिकस्तरबाट व्यापक विरोधसहित आन्दोलनकै घोषणा भएको छ।

सरोकारवाला र विज्ञहरूका अनुसार विवादास्पद बनेको र झन्डै साढे पाँच अर्बको इम्बोस्ड नम्बर प्लेट परियोजना 'अनियमितता र कमिसन'सँग जोडिएको छ। यो ठेक्का नौ वर्ष

» पृष्ठ २ मा क्रमशः



इम्बोस्ड प्लेट जडानका लागि दुईपांग्रे सवारीले २,५००, तीनपांग्रेले २,९००, साना तथा मझौला चारपांग्रेले ३,२०० र ठुला सवारीले ३,६०० रुपैयाँ बुझाउनुपर्छ

यातायात विभागको फेसबुक पेजमा नागरिकका प्रश्न

- 'पाँच सय पर्ने इम्बोस्डका लागि कमिसनको खेलमा ३५ सय लिने ?'
- 'लाइसेन्सका लागि कर तिरेको २/३ वर्ष भइसक्दासम्म स्मार्ट कार्ड किन थमाउन सकेनौ सरकार ! हाकिमलाई यो गुनासो सुनाइदिनुपऱ्यो।'
- 'लाइसेन्स नवीकरण गरेको एक वर्ष भइसक्यो, रातो बिलले काम चलाउनुपऱ्या छ। कहिले दिनुहुन्छ ? खै स्मार्ट लाइसेन्स ? ट्रायल पास तथा लाइसेन्स रिन्यु गरेको एक हप्ताभित्र स्मार्ट कार्ड उपलब्ध गर्ने व्यवस्था गर्नुहोस् अनि बल्ल यस्ता नियम ल्याउनुहोस् ल !'

सुस्ता-कालापानी विवादमा छलफल गर्ने संयन्त्र भारतीय बेवास्ताले दशकदेखि नै निष्क्रिय

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



डेढ अर्ब सरकारी अनुदान माग्दै उखु किसान काठमाडौंमा

प्रतिक्विन्टल ७० रुपैयाँ सरकारी अनुदान चालू आर्थिक वर्षबाट कटौती, ०८१/८२ को अनुदान पनि प्रतिक्विन्टल ३५ रुपैयाँ मात्रै दिने मन्त्रिपरिषद्बाट निर्णय



● **रामनाथ अधिकारी**
कृषिमन्त्री

गत वर्ष उखु क्रसिङ भएको परिमाणका आधारमा प्रतिक्विन्टल ३५ रुपैयाँका दरले किसानलाई अनुदान उपलब्ध गराउने प्रक्रिया पूरा हुन लागेको छ। अबको एक हप्ताभित्र किसानको हातमा पैसा पुग्छ। बैंक खातामै पैसा पठाउन ७५ करोड व्यवस्थापन पनि भइसकेको छ। चालू आवका लागि भने सरकारका तर्फबाट थप गृहकार्य गरेर निर्णय लिनुपर्ने अवस्था छ।

अजित अधिकारी/नयाँ पत्रिका

प्रतिक्विन्टल ७० रुपैयाँ सरकारी अनुदान पाउनुपर्ने माग राख्दै देशभरका उखु किसानले आइतबारबाट काठमाडौंकेन्द्रित आन्दोलन थालेका छन्। मोरङदेखि कञ्चनपुरसम्मका करिब ६ सय किसान भेला भएर थालेको आन्दोलनबाट माग पूरा नभए थप किसान काठमाडौं उतारेर आन्दोलन चर्काउने उखु किसान महासंघका संयोजक श्यामबाबु रायले बताए।

सरकारले विगतदेखि नै प्रदान गर्दै आएको

» पृष्ठ २ मा क्रमशः

■ सोमबारदेखि एक सातासम्म आन्दोलन चर्काउने



उखु किसानले आइतबार माइतीघर-बानेश्वर क्षेत्रमा गरेको प्रदर्शन। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

उखु किसान महासंघको संयोजकत्वमा मोरङ, सिराहा, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी र कञ्चनपुरका किसान आन्दोलनका लागि काठमाडौं आएका छन्। यी जिल्लामा १३ वटा चिनी उद्योग रहेको र उखुखेती धेरै हुने भएकाले सोही क्षेत्रका किसान आन्दोलनका लागि आएको महासंघले जनाएको छ। सर्लाहीका उखु किसान नवीन खनालले किसानलाई ७० रुपैयाँ प्रतिक्विन्टलका दरले अनुदान दिने निर्णय कार्यान्वयन गर्नुपर्ने बताए। 'प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान दिने निर्णयबाट आधा अर्थात् ३५ मात्रै दिने गरी निर्णय भयो भन्ने सुन्दा सरकारप्रति यति घृणा र दुःख लाग्यो कि त्यसको सीमा नै छैन,' उनले भने, 'हामी किसान सधैं निरीह भएर बस्न सक्दैनौं। विगतदेखि पाइरहेको ७० रुपैयाँ प्रतिक्विन्टल अनुदान दिन बाध्य पार्ने गरी सरकारलाई घुँडा टेकाउँछौं।'

६ सय किसान काठमाडौं आइसक्यौं, सरकारले माग नसुने थप आउँछन्



अन्तर्वार्ता

श्यामबाबु राय
संयोजक, उखु किसान महासंघ

तपाईंहरूले के-के माग राखेर आन्दोलन थाल्नुभएको हो ?

०८१/८२ का लागि उखुको समर्थन मूल्य निर्धारण गर्दा सरकारले प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान दिने र उद्योगीले ५८५ रुपैयाँका दरले भुक्तानी दिने निर्णय भएको थियो। उद्योगीले सबै पैसा दिए, तर सरकारी अनुदान अहिलेसम्म नदिएकाले काठमाडौंकेन्द्रित आन्दोलन गरेका हौं।

अनुदान कटौतीको पनि विरोध गरिरहनुभएको हो ?

०८२/८३ को बजेट वक्तव्यमा उखु किसानले पाइरहेको अनुदानबारे केही उल्लेख छैन। तर, विभिन्न माध्यमबाट सुनेअनुसार प्रतिक्विन्टल ३५ रुपैयाँ सरकारी अनुदान दिने व्यवस्था हुँदै छ रे। किसानले पाइरहेको अनुदान कटौती गर्न पाईंदैन, पूरै पाउनुपर्छ भनेका छौं।

आन्दोलनको स्वरूप कस्तो बनाउनुभएको छ ?

मोरङदेखि कञ्चनपुरसम्मका किसान माइतीघरमा प्रत्येक दिन आन्दोलन गर्ने निर्णयमा पुगेका छौं। अहिले करिब ६ सय किसान काठमाडौं आउनुभएको छ, सरकारले हाम्रो माग नसुने थप किसान काठमाडौं आउनुहुनेछ। सरकारले माग पूरा गर्न जति ढिला गर्छ, आन्दोलन त्यति चर्काउँछौं।

■ वीरगन्जमा हैजा संक्रमण थप फैलिँदै

७८ जनामा पुष्टि, नौजना आइसियूमा



वीरगन्जमा **तिवारी यादव**

वीरगन्जमा हैजाको संक्रमण झनै बढिरहेको छ। आइतबार थप ३६ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय पर्साले जनाएको छ। शनिबार रातिसम्म ४२ संक्रमित रहेकामा ७८ पुगेका स्वास्थ्य कार्यालय पर्साका अधिकृत जयमोद ठाकुरले बताए।

हैजा संक्रमण पुष्टि भएका सबै वीरगन्ज महानगरपालिका- ३, ८, ११, १२, १३, १४ र १६ नम्बर वडाका हुन्। ठाकुरका अनुसार हैजा संक्रमण पुष्टि भएका ७८ सहित १३४ जना उपचाररत छन्। तीमध्ये नौजनाको आइसियूमा उपचार भइरहेको छ।

ठाकुरका अनुसार नारायणी अस्पतालमा २६, तराई हस्पिटलमा २५, नेसनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा नौ, भवानी अस्पतालमा तीन तथा वीरगन्ज हेल्थकेयर हस्पिटल, अलि अर्थो ट्रमा सेन्टर, नारायणी सेन्ट्रल अस्पताल र मंगलम डाइग्नोसिस

» पृष्ठ २ मा क्रमशः

अब निलम्बनको...

पृष्ठ १ बाट क्रमशः

बनाउन खोजेको छ। मानव बेचबिखन फौजदारी अपराधअन्तर्गत पर्ने र तीन वर्षभन्दा माथि सजाय हुने भएकाले यो अभियोगमा मुद्दा चलाउन सके निलम्बित गराउन सकिने प्रपञ्चअनुसार कसरत थालिएको हो।

गृह मन्त्रालयको निर्देशनमा आइतबारदेखि सिआइबीले अनुसन्धान अघि बढाइसकेको छ। प्रहरी प्रवक्ता डिआइजी विनोद घिमिरे यस विषयमा अनुसन्धानका लागि सिआइबीलाई निर्देशन आएको बताउँछन्।

बाल संगठनकी अध्यक्ष विद्या न्यौपानेले आइतबार कार्यालयमा प्रहरीहरू आएको बताइन्। 'आज पनि सिआइबीका मान्छेहरू सोधीखोजी गर्न आएका थिए। तर, औपचारिक पत्रसहित नआएकाले हामीले कुनै जानकारी दिएनौँ,' उनले भनिन्।

प्रहरी अधिकारीका अनुसार यस्तो विषयमा सामान्यतया पीडितको उजुरी आएपछि मात्र अनुसन्धान अघि बढ्ने गर्छ। सिआइबी निर्देशक चन्द्रकुवेर खापुङ भने कतैबाट जाहेरी नआएको बताउँछन्।

'सञ्चारमाध्यममा आएका विवरणका आधारमा यो के रहेछ भनेर हामीले बुझिरहेका छौँ। कतैबाट जाहेरी आएको छैन, प्रारम्भिक छानबिन मात्र हो,' उनले भने, 'विषय बाहिर आएपछि हामी चुप लागेर बस्नुहुँदैन भनेर यस विषयमा सोधीखोजी गर्न थालेका हौँ।'

कैदीबन्दी अभिभावकका बाल संगठनमा आश्रित बालबालिकालाई ०७२ माघमा अभिभावककै सहमतिमा उपसभामुख रानाको संस्था बन्दी सहायता नेपालमा लगिएको थियो। त्यहीँ बसेर अध्ययन गरेका ती बालबालिका आफ्नो भविष्य निर्माणकै क्रममा छन्। उनीहरूले आफूहरूमाथि उक्त संस्थाबाट सहयोग भएको र कुनै समस्या नरहेको बताएका छन्। जसकारण यो विषयमा अनुसन्धान अघि बढ्ने अवस्था नै नरहेको स्रोत बताउँछ। यो विषय उचालेर भिजिट भिसा प्रकरणको मागलाई कमजोर बनाउने र उपसभामुखलाई दबाबमा राख्ने गृह मन्त्रालयको रणनीति रहेको स्रोत बताउँछ।

प्रहरीले मानव बेचविखनमा अनुसन्धान गरेर फौजदारी अपराध मुद्दा दर्ता गरे र पूर्पक्षमा पठाए सांसद पद निलम्बन हुने कानुनी व्यवस्था छ। प्रतिनिधिसभा नियमावलीको नियम २४८ (३) मा तीन वर्षभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई पुर्पक्षका लागि थुनामा पठाएमा निलम्बनमा रहने प्रावधान छ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले तीन वर्षभन्दा बढीको सजाय हुने फौजदारी अभियोगमा मुद्दा दायर भई पुर्पक्ष भएमा संसद्का पदाधिकारी तथा सदस्यको पद निलम्बन हुने नियमावलीको व्यवस्था रहेको बताए। 'कुनै पनि सदस्य प्रचलित कानुनबमोजिम तीन वर्ष वा बढी सजाय हुने फौजदारी मुद्दा दायर भई पुर्पक्ष भएमा निलम्बन हुने नियमावलीको व्यवस्था हो। यो अभ्यासमा रहँदै आएको छ,' उनले भने।

संवैधानिक परिषद्मा प्रधानमन्त्री नै अल्पमतमा रहेकाले मनलाग्दी नियुक्तिमा बाधा भएपछि सत्तारूढ दलले उपसभामुखलाई पदमुक्त गरेर बहुमत जुटाउने प्रयास गर्दै छन्। यसका लागि ३ भदौमा कांग्रेस र एमालेले आफ्ना सांसदलाई सिंहदरबारमा डाकेर खाली कागजमा हस्ताक्षर गराएका थिए। तर, कांग्रेसमा शेखर कोइराला पक्ष र साना दलले सहयोग नगरेपछि दुई दलको योजना तत्कालका लागि तुहिएको छ।

बालबालिकाहरू भन्छन्-
हाम्रो नाममा राजनीति नगरियोस्

बाल संगठनबाट बन्दी सहायता (पिए) नेपालमा बालबालिकाहरू बस्न थालेको १० वर्ष भयो। उनीहरू र तिनका अभिभावकको भनाइमा ०७२ को भूकम्पपछि बाल मन्दिरको भौतिक संरचना भत्किएपछि केटा र केटीलाई एउटै ठाउँमा राख्न थालियो। खान, बस्न समस्या हुन थाल्यो। पढाइ पनि प्रभावित भयो। काठमाडौँको सिफल सुधार केन्द्रमा बस्ने पाँचैजना दसैँको छुट्टीमा घर गए। परिवारका सदस्यले बाल मन्दिरको अवस्था राम्रो नभएको भन्दै कारागार प्रशासनको रोहवरमा पिए नेपालसँग सम्झौता गरे। त्यसपछि पिए नेपालले उनीहरूलाई आश्रय दिएको हो।

आश्रय पाएका पाँचमध्ये बर्दियाकी २० वर्षीया मुना (परिवर्तित नाम) सेन्ट जेभियर्स कलेजमा ब्याचलर बिए इन साइकोलिजी एन्ड सोसल वर्क विषयमा दोस्रो वर्षमा अध्ययनरत छिन्। 'भुइँचालोपछि बाल मन्दिरमा सेफ्टी राम्रो थिएन। केटाकेटी सँगै राख्ने, एउटै रुममा सुताइदिने थियो। पर्खाल भत्किएको थियो। जो पनि आउने-जाने भइरहेको थियो। उनीहरूले अप्ठ्यारो भएको अभिभावकलाई सेयर गरे,' उनले भनिन्, 'त्यसपछि बाबाले इन्दिरा आमालाई राखिदिन अनुरोध गर्नुभयो। बाबाले सम्झौतापत्रमा साइन गर्नुभयो। अनि म यहाँ आएँ।'

अभिभावक के भन्छन् ?

● प्रभु थारू

बाल संगठनबाट निकाल्न पाऊँ भनेर निवेदन हालेको हो। अर्को निवेदन इन्दिरा आमाकोमा राखिपाऊँ भनेर दिएको हो। जेलरको सही लिएर दुईवटा निवेदन दिएको हो। बाल मन्दिरमा सेफ्टी र स्याहार राम्रो छैन भनेको थिएँ। मेरी छोरीले राम्रोसँग पढ्न पाओस् भनेको थिएँ। पिए नेपालमा ठिकै छ। पढाइ त्यहीँ भयो। राम्रो काम गर्नेलाई जस नमिल्दो रहेछ। पटकपटक विवाद ल्याउन नहुने हो। यत्रो वर्ष के हेरेर बसेको ? कहाँको मान्छे कहाँ पुगिसक्यो। म जेलबाट निस्केको पनि सात-आठ वर्ष भइसक्यो। हामीलाई पटकपटक अनावश्यक दुःख नदेऊ।

● बिजु सुनार

बाल मन्दिरमा भूकम्प आएपछि केटाकेटीहरूलाई एकै ठाउँमा राख्न समस्या थियो। त्यही भएर सार्नुभएको, पिए नेपाल राम्रो लागेर सार्नुभयो। अनुमतिमै गएको हो। बाबाले साइन गर्नुभएको हो। बेचेको होइन। हाम्रो सहमतिमै हो। सारेपछि राम्रो भयो। पढाइ राम्रो भयो, ट्यालेन्ट भयो। बच्चालाई राम्रोसँग हुर्काइदिनुभयो। बच्चा राम्रो छ, राम्रै पढिरहेको छ। उहाँमाथि आरोप लाग्दा दुःख लाग्यो।

● सबिना मगर

बाल मन्दिरमा बस्न अप्ठ्यारो भयो। खान-लाउन राम्रो भएन। त्यसपछि बच्चा यता ल्याएको हो। प्रक्रिया पूरा गरेर नै ल्याएको छ। यता सबै राम्रो छ। त्यस्तो नराम्रो आरोप नलाउनु नि। नरमाइलो लाग्छ। जसले हुर्काएको हो, उसैलाई आरोप लागेको छ। बुझेर बोल्दिए हुन्थ्यो। बच्चाको मानसिक स्वास्थ्यमा समस्या होला जस्तो भइसक्यो।

पिए नेपालमा पढाइ राम्रो भएको, हेरचाह र अवसरहरू पनि पाएको उनले बताइन्। आफूहरूको नाममा आइरहेको विषयले तनाव भएको उनको भनाइ छ। 'यो केसहरू पटक-पटक आइराख्दा हामीलाई डिस्टर्ब भइरहेको छ। इन्दिरा आमाले पालन गरिरहेको वेला बेच्यो भन्दा हाम्रो प्राइभेसी ह्याम्पर भएको छ। आमालाई दोष लगाएकोमा पीडा भएको छ। यो नगर्न रिक्वेस्ट गर्छौँ,' उनले भनिन्, 'यदि म बेचिएकै भए ब्याचलर पढ्दिनँ थिएँ। मानव तस्करी गरेको भए म यहाँ हुँदिनथिएँ होला। म तपाईंसँग बोलिरहेको हुँदैनथेँ। यसरी बेचेको भन्ने मान्छेलाई म के भन्छु भने इभिडेन्सले बोल्नुस्। हाम्रो नाम बेचेर राजनीति नगरियोस्। पोलिटिक्समा हामी बच्चालाई नतान्नुहोला। पटकपटक उचालिएको छ। यो प्रस्ट होस्,' उनले भनिन्।

बर्दियाकै २१ वर्षकी सगुन (नाम परिवर्तन)ले बागबजारबाट कम्प्युटर साइन्समा कक्षा १२ पास गरेकी छिन्। बिबिए पढ्ने तयारीमा रहेकी उनको भोगाइ पनि उस्तै छ। सिफलको बाल संगठनमा सेफ्टी भएन भनेर उनले बुबालाई भनेकी थिइन्। त्यसपछि उनका बुबाले पिए नेपालमा पठाउने निधो गरी कागज गरेका थिए। 'सिफलमा सेफ्टी नभएपछि बुबाले इन्दिरा आमाकहाँ कागज गरेर पठाउनुभयो,' उनले भनिन्, 'अहिले इन्दिरा आमालाई हामी देखाएर मानव तस्कर भन्दा टर्चर भएको छ। हाम्रो पनि निजी जीवन हुन्छ। बुझ्नुपर्ने हो। मान्छे यहीँ छ, कसरी बेच्यो ?' उनले प्रश्न गरिन्।

बर्दियाकै २० वर्षीया वृन्दा (नाम परिवर्तन)ले केएमसी बागबजारबाटै बिजनेस स्टडीमा कक्षा १२ पास गरेकी छिन्। अहिले काम सिकिरहेकी उनलाई बुबाले बाल मन्दिरबाट निकालेर कागज गरी पिए नेपाल पठाएका हुन्। 'इन्दिरा आमाबारे कुरा सुन्दा नराम्रो लाग्छ। हाम्रो व्यक्तिगत जीवनलाई पनि असर गर्‍यो। हामीले जुन फेसिलिटी पाएका छौँ त्यो नपाएको भए कहाँ हुन्थ्यौँ होला। सायद यति फेसिलिटी हामीले आफ्नो परिवारबाट पनि पाउँदैन थियौँ होला,' उनले भनिन्।

दाङका दिदीभाइ १८ वर्षीया रिमा (नाम परिवर्तन) र १७ वर्षीय हर्षित (नाम परिवर्तन)को पनि भोगाइ उस्तै छ। रिमा बिपी मेमोरियल कलेजमा जनरल मेडिसिन विषयमा डिप्लोमा तेस्रो वर्षमा अध्ययनरत छिन् भने हर्षित साउथ वेस्टर्न कलेजमा ११ कक्षामा म्यानेजमेन्ट पढिरहेका छन्। उनीहरूलाई सिफल बाल केन्द्रको परिवेश राम्रो नभएपछि आमा विन्दुले पिए नेपालसँग सम्झौता गरेर पठाइन्। 'ममीले इन्दिरा आमालाई अनुरोध गर्नुभयो। अनि कागज गरेर हामी यता आयौँ। यहाँ पहिलाभन्दा एकदम फरक छ। फेसिलिटीहरू राम्रो छ,' रिमाले भनिन्। आफूहरू बेचिएको भन्ने आरोपमा उनले भनिन्, 'यस्तो सुन्दा नराम्रो लाग्छ, बेचेको छैन। बेचेको भए त हामी यहाँ हुन्थ्यौँ ? त्यस्तो आरोप लगाउनेलाई कारबाही गर्नुपर्छ,' उनले भनिन्।

हाजिर भएकै दिन...

पृष्ठ १ बाट क्रमशः

१० लाख धरौटीमा छाड्न आदेश आएपछि उनी छुटे। अझ अनौठो त सरकार वादी रहेको यो मुद्दामा सरकारी वकिलविना नै थुनछेक बहस गरेर आदेश आएको हो।

सूर्यदर्शनको पहिलो मुद्दा १८ असोज ०८० अघि नै दायर भए पनि विदेशमा फरार रहेका बमजनमाथि ७ पुस ०८१ मा पूरक मुद्दा चढेको थियो। आइतबार अदालतमा हाजिर भएपछि न्यायाधीश शंकरबहादुर राईको एकल इजलासमा थुनछेक बहस भएको थियो। १० लाख धरौटीमा छाड्न आदेश भएपछि उनी धरौटी बुझाएर रिहा भएको अदालतका सूचना अधिकारी दामोदर अधिकारीले बताए।

तर, सरकारवादी रहेको मुद्दामा सरकारी वकिलविना नै थुनछेक बहस भयो। जिल्ला सरकारी वकिलको कार्यालयले खबर नगरेका कारण उपस्थित हुन नसकिएको कास्की जिल्ला न्यायाधिवक्ता कमला काफ्लेले बताउँछिन्। 'मुद्दा अभियोजन हामीले गरेको हो। ज्ञानबहादुरको बयान लिँदा हाम्रा कार्यालयका प्रतिनिधि गएका हुन्। तर, थुनछेक बहसमा हामीहरूलाई जिल्ला अदालतले खबर गरेन। थाहा नपाएकाले उपस्थित हुन सकेनौँ,' उनले भनिन्।

यसअघि सरकारी वकिलको कार्यालयले रास्वपा सभापति रवि लामिछाने, पूर्वडिआइजी छविलाल जोशीलगायतको थुनछेक बहसमा काठमाडौँस्थित महान्यायाधिवक्ताको कार्यालयबाट उपमहान्यायाधिवक्ता, सहमहान्यायाधिवक्तालगायतको टोली झिकाएर बहस गरेको थियो। बमजनको मुद्दामा सरकारी वकिलले बहस नै नगरेपछि स्वतः प्रतिवादीका वकिलको एकपक्षीय दाबी बलियो देखियो। बमजनलाई धरौटीमा छुटाउन चलखेलमै सरकारी वकिलविना नै थुनछेक बहस गराइएको स्रोत बताउँछ। सहकारीपीडितका तर्फबाट अधिवक्ताहरू युवराज पराजुली, बिबी विष्ट र दीपक शर्मा पौडेलले बहस गरेका थिए भने बमजनका तर्फबाट कानुन व्यवसायी द्रोण दाहाल र निर्मलराज पौडेलले बहस गरेका थिए।

सूर्यदर्शन सहकारीको रकम अपचलन आरोपमा ७ पुस ०८१ मा पूरक मुद्दा जाँदा ४४ प्रतिवादी थिए, तीमध्येका बमजन एक हुन्। २७ भदौ ०६५ देखि १७ मंसिर ०६८ सम्म उक्त सरहकारीको अध्यक्ष रहेका उनलाई सहकारी ठगीमा मुद्दा चलाइएको थियो। बमजनविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयले पेस गरेको अभियोगपत्रमा उनी अध्यक्ष हुँदाका बखत सहकारीको एक करोड ५४ लाख ४९ हजार ८३९ रुपैयाँ हिनामिना भएको उल्लेख छ। तर, उनले व्यक्तिगत रूपमा २६ लाख ७७ हजार ४०९ रुपैयाँ अपचलन गरेको उल्लेख छ। बमजनले सहकारी हिनामिना गरी प्राप्त गरेको रकम चार लाख २५ हजार ५ भदौ ०६६ मा नारायणी फाइनान्समा रहेको मुद्दती खातामा जम्मा गरेकोसमेत देखिन्छ।

'यी प्रतिवादी ज्ञानबहादुर बमजनको नाममा रहेको खाता नं. १८०४६५५२६०१ मा सन् ३/३१/२००९ देखि सन् १/२/२०१२ सम्म रु. ८३,८७,४२५.६५ (त्रियासी लाख सतासी हजार चार सय पच्चीस रुपैयाँ पैंसठ्ठी पैसा) खातामा जम्मा भएकोमा सो खातामा निम्न रकम सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट रु. २६ लाख ७० हजार आठ सय एकहत्तर रकम जम्मा भएकोसमेत देखिन्छ,' अभियोजनपत्रमा भनिएको छ।

सहकारी ठगीमा बमजनसहित ३१ विरुद्ध मुद्दा चल्दा सहकारी ऐन, २०७४ को दफा १२४ (१) (घ) (६) अनुसारको कसुर लगाइएको थियो। सोही ऐनको दफा १२४ उपदफा (१) (३) अनुसार एक अर्बभन्दा बढीको सहकारी ठगीमा आठदेखि १० वर्षसम्म कैद सजायको व्यवस्था छ। यो कसुरमा एक अर्ब ५१ करोड ४० लाख बिगो कायम गरिएको छ। 'यी प्रतिवादीहरू (बमजन नेतृत्वको समिति) सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको स्थापनाकालमा नै संस्थामा आबद्ध भएकोमा संस्थाको विनियम, २०६५ मा संस्थामा संलग्न सदस्यहरूबिच स्वावलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिवृद्धि गरी नियमित बचत गर्ने बानी प्रवर्द्धन गर्ने, सदस्यहरूको व्यक्तिगत क्षमता विकास तथा उनीहरूको उत्पादन, व्यवसाय तथा पेसाको अभिवृद्धिका लागि बचत परिचालन गर्ने, सदस्यहरूको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील, आयमूलक, सिपमूलक क्षेत्रमा लगानी व्यवस्थापन कार्यको प्रवर्द्धन गर्ने, समुदायभित्र सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य, पर्यावरण, संरक्षणजस्ता क्रियाकलापको प्रवर्द्धन गर्ने उद्देश्य रहेकोमा यी प्रतिवादीहरूले सहकारीको उद्देश्यविपरीत असुलउपर हुन नसक्ने गरी विना कुनै जमानी १७ जना व्यक्तिहरूको नाममा ऋण देखाई सो ऋण उल्लेख भएको रकम यिनै प्रतिवादीहरूले लिई खाई बचतकर्ताको हितविपरीत ठगी गरेको देखिन्छ,' अभियोजन पत्रमा भनिएको छ। जिबीलाई बमजनले नै सहकारीमा लगेका थिए। पछि सूर्यदर्शनको अध्यक्षसमेत बनाएका थिए। बमजनकी बहिनी भगवतीसँग जिबीले दोस्रो विवाह गरेका थिए।

पीडित पक्षले त बयान र बहस दुवैमा सरकारी वकिल कार्यालयबाट कोही पनि नआएको दाबी गरेको छ। अभियोजन दर्ता गरेको कार्यालयबाटै प्रतिनिधि नजानुले सेटिङमा काम भरहेको भनेर आफूहरूले बुझेको संघर्ष समितिका अध्यक्ष किरण श्रेष्ठले बताए। 'अदालतमा कहिले आउने, बयान गर्ने र धरौटीमा छाड्ने भन्ने कुरा सबै सेटिङमा हुने रै'छ भन्ने आज देखियो। बरु हामी पीडित पक्ष नगएको भए पनि हुने थियो। तर, जसले अभियोग दर्ता गरेको छ, ऊ नै अनुपस्थित हुनु भनेको कहाँसम्मको गैरजिम्मेवारी हो,' उनले प्रश्न गरे। सरकारी वकिलको कार्यालयबाट गएका प्रतिनिधिको नाम सोध्दा पनि भन्न नसकेको बताउँदै उनले भने, 'हामी बिहानैदेखि अदालतमा छौँ, कोही पनि गएको हामीले देखेनौँ, नगएको मान्छे त्यसै गएको हो भनेर झुट बेलेर हुन्छ।' बमजनभन्दा कम आरोपितलाई ३०-३५ लाख धरौटी माग गरिएको छ, तर संस्थापक अध्यक्षसमेत रहेका उनलाई किन जम्मा १० लाख लिएर तारेखमा छाडियो-यो गम्भीर विषय रहेको भन्दै उनले प्रश्न गरे।

७८ जनामा...

पृष्ठ १ बाट क्रमशः

सेन्टरमा दुई-दुईजना उपचाररत छन्। 'झाडापखाला, पेट दुखेका बिरामी थपिने क्रम जारी छ,' उनले भने।

वीरगन्जमा हैजा र झाडापखालाका बिरामीको संख्या बढ्दो छ। ठाकुरका अनुसार नाला र ढलको दूषित पानीबाट हैजाको संक्रमण फैलिएको हुन सक्ने आशंका गरिएको छ। यकिन कारण पत्ता लगाउन ११ स्थानको खानेपानीको नमुना संकलन गरी परीक्षणका लागि काठमाडौं पठाइएको छ। हैजाका बिरामी भेटिएका टोलबाट संकलन गरिएको खानेपानीको नमुना परीक्षणका लागि काठमाडौंको टेकुस्थित स्वास्थ्य विज्ञान प्रयोगशालामा पठाइएको हो।

प्रभावित क्षेत्रका घरहरूमा आपूर्ति भइरहेको नेपाल खानेपानी संस्थान र डिप बोरिङको धाराबाट पानीको नमुना संकलन गरी परीक्षणका लागि काठमाडौं पठाइएको स्वास्थ्य कार्यालय पर्साका स्वास्थ्य अधिकृत ठाकुरले बताए। काठमाडौंको प्रयोगशालाबाट त्यसको रिपोर्ट सोमबार आउने सम्भावना रहेको उनले बताए।

त्यस्तै, वीरगन्ज महानगरपालिकाले नालाहरूमा रहेका खानेपानी संस्थान र डिप बोरिङका पाइप नालाबाट झिकेर त्यसको व्यवस्थापनको काम पनि थालेको सहायक प्रमुख जिल्ला अधिकारी सुमन कार्कीले बताए। सबैभन्दा बढी प्रभावित क्षेत्र वडा नम्बर १२ मा आइतबार पाइप झिकिएको र सोमबारदेखि अन्य वडामा पनि त्यसलाई निरन्तरता दिइने उनले बताए। यसका अतिरिक्त प्रभावित क्षेत्रहरूमा जनचेतना फैलाउन महानगरले २६ वटा टोली गठन गरेर परिचालन गरिएको छ।

समुदायस्तरमा हैजा फैलिएपछि मधेश प्रदेश सरकारले औषधि र स्वास्थ्य सामग्री नारायणी अस्पतालमा पठाएको छ। झाडापखाला र हैजाका बिरामीको उपचारमा आवश्यक पर्ने १७ प्रकारका औषधि र सामग्री स्वास्थ्य कार्यालय पर्सामार्फत नारायणी अस्पताललाई प्रदान गरिएको मन्त्रालयका जनस्वास्थ्य अधिकृत सन्तोष ठाकुरले बताए। महामारी रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य कार्यालय पर्साले स्थानीय तहसँग समन्वय गरेर काम गरिरहेको उनले बताए।

Panauti Municipality
Office of the Municipal Executive
Panauti, Kavre
Bagmati Province, Nepal

Invitation for Electronic Bids

Date of Publication: 2082/05/09

The Office of the Municipal Executive, Panauti municipality invites electronic bids from Nepalese Eligible Bidders for the following projects under National Competitive Bidding Procedures. Eligible Bidders may obtain further information from the www.bolpatra.gov.np and Office of the Municipal Executive, Panauti municipality, Kavre .

S. N.	Contract Identification No.	Description of Project	Bid Document Fee, Nrs.	Bid Security Amount Nrs.	Annual Turnover of best 3 years in 10 years	Remarks
1	pnt/ncb/roshi/ 2082/83-02	Roshi corridor protection works ward 12	5000	1250000	65000000	NCB 1S2E

Panauti Municipality.

इम्बोस्ड नम्बर...

पृष्ठ १ बाट क्रमशः

पुरानो हो। देशभर करिब ५८ लाख सवारीसाधनमध्ये पछिल्लो पाँच वर्षमा ९० हजारमा मात्रै इम्बोस्ड नम्बर प्लेट जडान भएको छ। पाँच वर्षमा एक लाख पनि जडान गर्न नसकेको सरकारले अहिले एकैपटक २५ लाख सवारीसाधनमा जडान गर्ने महत्त्वाकांक्षी लक्ष्य लिएको छ।

३ भदौमा यातायात व्यवस्था विभागले इम्बोस्ड नम्बर प्लेट अनिवार्य जडान गर्नेसम्बन्धी सूचना जारी गरेको सूचनामा भनिएको छ, 'सबै प्रदेश सरकारमातहतका यातायात व्यवस्था कार्यालयहरूबाट २०८२ असोज १ गतेदेखि सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिवार्य रूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने भएकाले सबै सवारीधनीहरूले यथाशीघ्र सम्बन्धित यातायात कार्यालयहरूमा गई हाई सेक्युरिटी इम्बोस्ड नम्बर प्लेट जडान गर्नुहुन यसै सूचनामार्फत जानकारी गराइन्छ।'

गत २० साउनमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा बसेको विषयगत समितिको बैठकको निर्णयअनुसार विभागले सूचना जारी गरेको हो। यसअघि पनि विभागले सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडानको सूचना पटकपटक जारी गर्दै आएको छ। तर, सरकारले एकपछि अर्को दुःख थप्ने गरेको भन्दै यसमा सर्वसाधारणले रुचि देखाएका छैनन्।

विभागका सूचना अधिकारी गणेशमानसिं राई सर्वसाधारणको सहजताका लागि भन्दा पनि भेन्डर (ठेकेदार कम्पनी डेकाटुर टाइगर आइटी संयुक्त उपक्रम (जेभी)) सँगको सम्झौता फेजआउट हुन लागेकाले चाँडो काम गर्नुपरेको बताउँछन्। 'धेरै वर्षदेखि सुरु भएको कार्यक्रमको भेन्डरको समय फेजआउट हुन लाग्यो। सुरक्षाका दृष्टिले र विभिन्न छानबिन समिति तथा विषयगत समितिले पनि इम्बोस्ड जडानमा जोड दिएका छन्। त्यसैअनुरूप विभागले मन्त्रीस्तरीय निर्णयबमोजिम यससम्बन्धी तयारी अघि बढाएको छ,' उनले भने, 'यो लागू गर्नेबारे मन्त्रालय, विभाग र प्रदेशबिच धेरैपटक त्रिपक्षीय छलफल र सम्झौता भएका छन्। भेन्डर पनि तयार छ। यसमा सबै लागेका छौँ। कार्यान्वयनका लागि विभागले बजेटिङ र जनशक्तिमा सहयोग गर्छ।'

लिखित र ट्रायल पास गरेको चार वर्षसम्म लाइसेन्स दिन नसकेको सरकारले इम्बोस्ड जडानका लागि गरेको जबर्जस्तीविरुद्ध नागरिक आक्रोशित छन्। अघिल्लो साता विभागले इम्बोस्ड जडानका लागि सूचना जारी गरेको सामाजिक सञ्जाल फेसबुक पोस्टमै अधिकांशले लाइसेन्स खोइ ? भन्दै प्रश्न गरेका छन्। पहिला राजस्व तिरेको लाइसेन्स नवीकरण गर्न उनीहरूको माग छ।

विभागको पोस्टमा एकजना व्यक्तिले कमेन्ट गरेका छन्, 'मेरो लाइसेन्सका लागि पैसा तिरेको पाँच वर्ष हुन आँट्यो। लाइसेन्स छापेर दिन नसक्नेले इम्बोस्ड अनिवार्य रे। कति सक्छौ लुट, लुट सोफा नेपाली जनतालाई।' अर्का एक व्यक्तिको कमेन्ट छ, 'लाइसेन्स नवीकरण गरेको एक वर्ष भैसक्यो, त्यही रातो बिलले काम चलाउनुपर्‍या छ। कहिले दिनुहुन्छ खै स्मार्ट लाइसेन्स ? ट्रायल पास तथा लाइसेन्स रिन्यु गरेको एक हप्ताभित्र स्मार्ट कार्ड उपलब्ध गर्ने व्यवस्था गर्नुहोस् अनि बल्ल यस्ता नियम ल्याउनुहोस् ल !'

इम्बोस्ड नम्बर प्लेट जडान गर्नु उपर्युक्त भए पनि पहिला आफूले तत्काल पूरा गर्नुपर्ने दायित्व निभाउनुपर्ने सुझाव नागरिकहरूको छ। अर्को एक नागरिकको टिप्पणी छ, 'डिजिटल अनि संसारभर लागू भएको प्रविधियुक्त प्रणाली हो। यो प्रणाली लागू हुन जरुरी छ। विश्वमै हेर्ने हो भने पनि ९९ प्रतिशत मुलुकहरूमा यो प्रणाली लागू छ। नेपालमा पनि यो प्रणाली लागू गर्न लागेको त राम्रो नै हो। तर, लाइसेन्सका लागि कर तिरेको २/३ वर्ष भैसक्दासम्म स्मार्ट कार्ड किन थमाउन सकेनौ सरकार ! हाकिमलाई यो गुनासो सुनाइदिनुपर्‍यो।'

पुरानो नम्बर प्लेट बिग्रिँदा पुनः ३२ सय रुपैयाँ तिर्नुपर्ने व्यवस्था मान्य नहुने भन्दै कतिपयको आक्रोश छ। इम्बोस्ड नम्बर लिन २५ सय तिरिसकेपछि स्ट्यान्डका लागि भनेर फेरि तीन सय छुट्टै किन तिर्नुपर्ने भनेरसमेत नागरिकले प्रश्न गरेका छन्। अर्का एकजनाले सोधेका छन्, 'पाँच सय पर्ने इम्बोस्डका लागि कमिसनको खेलमा ३५ सय लिने ?'

विभागको दाबीसँग आमनागरिक मात्र होइन, यससँग सरोकार राख्ने व्यवसायीसमेत तत्काल इम्बोस्ड जडान गर्न नसकिने भन्दै प्रतिरोधमा छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाका अनुसार इम्बोस्ड नम्बर जडानको समयसीमा छोटो र दर महँगो रहेकाले कार्यान्वयन गर्न नसक्ने बताउँछन्। 'आगामी असोजदेखि नै लागू गर्न सक्ने अवस्था छैन। इम्बोस्ड नम्बर कार्यान्वयनका लागि पूर्वाधार नै छैन। सरकार आफैँ तयार देखिँदैन। यस्तोमा व्यवसायी तत्कालै इम्बोस्ड जडान गर्न सक्ने अवस्थामा छैनन्। यसबाहेक इम्बोस्डका लागि सरकारले तोकेको शुल्क पनि ज्यादै महँगो छ। पहिला सरकारले नै आफ्नै सवारीसाधनबाट इम्बोस्ड जडान गरोस्।'

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सिना नागरिकलाई संविधानप्रदत्त प्रदान गर्नुपर्ने आधारभूत सेवा दिन नसकेको सरकारले तत्कालै इम्बोस्ड नम्बर जडानले आतंकित पार्नु गलत भएको बताउँछन्। 'साढे चार/पाँच सय रुपैयाँमा हालेको नम्बर प्लेट फ्याँकेर इम्बोस्डका लागि ३५ सय रुपैयाँ खर्च गर्न नागरिकलाई बाध्य पार्नु उचित छैन। सेवाप्रवाह चुस्तदुरुस्त बनाएर नागरिक खुसी नबनाएसम्म सरकारले बाध्य बनाउन मिल्दैन। नागरिक र उपभोक्तामैत्री छैन, यसमा पुनर्विचार गर्नुपर्छ।'

अत्यधिक महँगो, तर गुणस्तरमा प्रश्न

इम्बोस्ड नम्बर प्लेटमाथि नागरिकस्तरबाट विभिन्न प्रश्न छन्। अहिले नै इम्बोस्ड जडान गर्दा के फाइदा हुन्छ ? प्रमुख प्रश्न यही देखिन्छ। अर्कातिर इम्बोस्डको शुल्क अत्यधिक हुँदा पनि प्रश्न उठेको छ। हाल इम्बोस्ड प्लेट जडानका लागि दुईपांग्रे सवारीले दुई हजार पाँच सय, तीनपांग्रेले दुई हजार नौ सय, साना तथा मझौला चारपांग्रेले तीन हजार दुई सय र ठुला सवारीले तीन हजार ६ सय रुपैयाँ बुझाउनुपर्छ। यो हाल चल्तीको सवारी नम्बर प्लेट फेर्दा लाग्ने शुल्कको तुलनामा धेरै महँगो हो।

हुन त अहिले संसारका धेरै देशमा इम्बोस्ड नम्बर छ। तर, त्यहाँ सरकारले एकलौटी ठेक्का दिएको सामान्यतया भेटिँदैन। 'सरकारको काम नम्बर दिने हो,' सरोकारवाला भन्छन्, 'सरकारले तोकेको मापदण्डमा इम्बोसीकरण व्यक्तिले आफूखुसी गर्छ। एउटा कम्पनीलाई एकलौटी ठेक्का दिएर यसैबाट गर भनेर भन्न मिल्दैन। नागरिकको ढाड सेकाउनु गलत छ।

इम्बोस्डको नम्बर प्लेटको गुणस्तरमाथि पनि प्रश्न उठेका छन्। जडान गरिएका इम्बोस्ड नम्बर प्लेट छोटो समयमै खुइलिएर गएको भन्दै सवारीचालकहरूले गुनासो गरिरहेका छन्। 'हालको इम्बोस्ड प्लेटको गुणस्तर राम्रो छैन,' सवारीचालकहरू अनुभव सुनाउँछन् भन्छन्, 'अक्षर चाँडै खुइलिने समस्या देखिएको छ।'

इम्बोस्ड नम्बर ट्र्याक गर्ने प्रणाली पनि समयानुकूल छैन। इम्बोस्ड जडान भएका सवारी अनुगमनका लागि १० वटा आरएफआइडी गेट बनाउने ठेक्का सम्झौतामा थियो। तर, यो पूर्वाधार काठमाडौं उपत्यकामा बाहेक अन्त छैन। उसो त यसमार्फत ट्र्याक गर्न असम्भव र समयानुकूल नहुने यससँग सरोकार राख्नेहरू बताउँछन्। इम्बोस्डका लागि कम्तीमा जिपिएस प्रणाली वा क्युआर कोर्ड राख्नुपर्ने उनीहरू बताउँछन्।

इम्बोस्ड नौ वर्षदेखिको झमेला, अख्तियारमा पनि उजुरी

सवारीसाधनको व्यवस्थापन आधुनिक र वैज्ञानिक बनाउन भन्दै सरकारले इम्बोस्ड नम्बर प्लेट जडानसम्बन्धी योजना अघि सारेको थियो। यसैअनुसार उच्च सुरक्षा विशेषतायुक्त इम्बोस्ड नम्बर प्लेटको आपूर्ति तथा प्लेट जडानका लागि आवश्यक वैयक्तीकरण, नामांकन र सूचना प्रविधि पूर्वाधारसमेतको निर्माण गर्न सरकारले ०७३ मा ठेक्का लगाएको थियो।

यो कामका लागि विभाग र डेकाटुर टाइगर आइटी संयुक्त उपक्रम (जेभी) बिच १७ जेठ ०७३ मा सम्झौता भयो। सम्झौताको पाँच वर्षभित्र अर्थात् १५ जेठ ०७८ मा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो। सम्झौताअनुसार प्लेट छपाइका लागि मेसिनरीसहितको कारखाना, प्लेट व्यक्तीकरणका लागि सफ्टवेयर तथा हार्डवेयरसहितको प्रणाली, सवारी अनुगमनका लागि १० वटा आरएफआइडी र सय थान 'ह्यान्डहेल्ड आरएफआइडी रिडर'सहितका पूर्वाधार बनाउनुपर्ने थियो।

ठेक्का सम्पन्न गर्न मूल्य अभिवृद्धि कर (भ्याट) सहित तीन करोड ८७ लाख ५० हजार अमेरिकी डलरको लागत निर्धारण गरिएको थियो। सम्झौता मितिको विनिमय दरअनुसार यो नेपाली रकम चार अर्ब १६ करोड ७९ लाख ५० हजार रुपैयाँ हुन आउँछ। हालको विनियम दरअनुसार (प्रतिडलर १४० रुपैयाँ) भने यो पाँच अर्ब ४२ करोड हुन आउँछ।

सम्झौताअनुसार उक्त अवधिमा २५ लाख प्लेट इम्बोस्ड जडान गर्नुपर्ने थियो। तर, पाँच वर्षमा सम्पन्न हुने यो आयोजना हालसम्म पनि प्रारम्भिक चरणमै छ। विभागका सूचना अधिकारी राईका अनुसार हालसम्म ९० हजार सवारीसाधनमा इम्बोस्ड जडान भएको छ। सम्झौताको अनुपातमा हालसम्म जडान गरिएको इम्बोस्डको हिस्सा ३.५९ प्रतिशत मात्रै हो।

यातायात व्यवस्था विभागको रेकर्डअनुसार हाल देशभर कुल ५८ लाख सवारीसाधन छन्। 'सबै सवारीमा इम्बोस्ड जडान गर्ने लक्ष्य हो,' विभागका सूचना अधिकारी राई भन्छन्, 'हालका लागि २५ लाखमा जडान गर्ने योजना छ।' उनका अनुसार जडानमा ढिलाइ हुनुका पछाडि इम्बोस्डमा प्रयोग गर्ने भाषाको विवाद र कोभिड १९ को महामारीलगायतका कारण छन्।

विभागले सम्झौता गरेर इम्बोस्ड लागू गर्ने तयारी गरिरहँदा भाषाको विषयलाई लिएर ६ र ८ फागुन ०७४ मा सर्वोच्च अदालतमा रिट दायर भएका थिए। नम्बर प्लेटमा अंग्रेजी भाषा प्रयोग गर्नु संविधानविपरीत भएको र सवारी तथा यातायात व्यवस्था ऐनसमेतको प्रतिकूल हुने दाबीसहित सम्झौता बदरका लागि सर्वोच्चमा रिट दायर भएको थियो। तर, सर्वोच्चको संवैधानिक इजलासले २७ मंसिर ०७६ मा रिट खारेज गरिदियो।

यसपछि १ साउन ०७७ देखि जडान कार्य पुनः सुचारु गरिएको थियो। तर, अदालती निरूपणका बाबजुद पनि इम्बोस्ड जडान लागू हुन सकेन। अदालतले भाषागत विवाद निरूपण गरेर इम्बोस्डमा अंग्रेजी नै प्रयोग गर्ने बाटो खुला गरिदिए पनि सामाजिक रूपमा यसको विरोध भने आजका दिनसम्म पनि जारी छ।

इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने र अंग्रेजी भाषा प्रयोग गर्ने सरकारको निर्णयविरुद्ध 'जाग नेपाली' अभियानले आन्दोलनको घोषणा गरेको छ। सरकारको कदम नेपालको लिपि मेट्ने षड्यन्त्रअन्तर्गत भएको अभियानका संयोजक डा. दीपेश केसी बताउँछन्। 'अर्बौं कमिसनको लोभमा नेपाली जनता चुसेर विदेशीलाई पैसा पनि दिलाउने र देवनागरी लिपि पनि मेटाउने षड्यन्त्र परास्त गर्नुपर्छ,' आइतबार पत्रकार सम्मेलन गर्दै उनले भने, 'रोमन लिपिको इम्बोस्ड नम्बर प्लेट बहिष्कार गरेर जडान अवज्ञा गर्न अपिल गरेका छौँ। रोमन लिपि राख्न बाध्य पार्नेहरूको विरोधमा जनता उत्रिन्छन्।'

सम्झौता भएको नौ वर्ष पुग्न लाग्दासमेत इम्बोस्ड नम्बर प्लेटको कार्यान्वयनमा जटिल हुनुका पछाडि अनियमितता र कमिसनको जालो रहेको आशंका छ। 'पाँच वर्षमा सम्पन्न गर्ने गरी सुरु गरिएको आयोजना नौ वर्षसम्म जारी रहँदा पनि ठेक्का जारी छ। हरेक वर्षजसो ठेक्काको म्याद थपिँदै लगिएको छ,' विभागका एक पूर्वमहानिर्देशकले भने, 'यो महँगो प्रोजेक्ट हो। कमिसनको चलखेल त भैहाल्छ।'

सम्झौता भएलगत्तै इम्बोस्ड ठेक्कामा भ्रष्टाचार भएको उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि परेको थियो। तर, अख्तियारले हालसम्म पनि उजुरी टुंगो लागे/नलागेको सार्वजनिक गरेको छैन।

डेढ अर्ब...

पृष्ठ १ बाट क्रमशः

प्रतिक्विन्टल ७० रुपैयाँ सरकारी अनुदान चालू आर्थिक वर्ष ०८२/८३ बाट कटौती गर्ने निर्णय गरेको छ भने गत आव ०८१/८२ का लागि पनि प्रतिक्विन्टल ३५ रुपैयाँका दरले मात्रै भुक्तानी दिने मन्त्रिपरिषद्बाट निर्णय भएको छ। गत आवका लागि उखुको समर्थन मूल्य निर्धारण गर्दा उद्योगीले पाँच सय ८५ रुपैयाँका दरले भुक्तानी गर्ने र सरकारले ७० रुपैयाँ अनुदान दिने निर्णय मन्त्रिपरिषद्ले नै निर्णय गरेको थियो।

तर, बजेट अभावको कारण देखाउँदै किसानलाई आधा मात्रै अनुदान दिने निर्णय कार्यान्वयनको अन्तिम तयारीमा कृषि तथा पशुपक्षी विकास मन्त्रालय जुटेको छ। कृषिमन्त्री रामनाथ अधिकारीले गत आवको सरकारी अनुदानबापत प्रतिक्विन्टल ३५ रुपैयाँका दरले हिसाब गरेर ७५ करोड रुपैयाँ निकासा हुन लागेको बताए। 'एक हप्ताभित्र किसानको बैंक खातामा पैसा पुग्ने गरी प्रतिक्विन्टल ३५ रुपैयाँका दरले रकम निकासा हुन लागेको छ,' उनले भने, 'किसानका अन्य मागबारे गम्भीरताका साथ थप गृहकार्य हुनेछ।'

गत आवमा देशभरका चिनी मिलहरूले दुई करोड १५ लाख क्विन्टल उखु क्रसिङ गरेका थिए। यो हिसाबले सरकारी अनुदानबापत किसानले एक अर्ब ५० करोड ५० लाख रुपैयाँ पाउनुपर्ने हुन्छ। तर, सरकारले आधा रकम मात्रै निकासा गर्न लागेको जानकारी पाएपछि किसानहरू काठमाडौँकेन्द्रित आन्दोलनमा जुटेका हुन्।

उखु किसान महासंघका संयोजक रायले न्यूनतम समर्थन मूल्यलाई उद्योगीले मानेको, तर सरकारले अटेरी गरिरहेको गुनासो गरे। 'गत वर्ष सरकारले मूल्य निर्धारण गर्दा नै प्रतिक्विन्टल अनुदान ७० र चिनी मिलले पाँच सय ८५ रुपैयाँ भुक्तानी दिने निर्णय भएको थियो,' उनले भने, 'मन्त्रिपरिषद्बाट भएको निर्णयअनुसार उद्योगीले पैसा दिए, तर सरकार आफैँले बेइमानी गर्न पाउँदैन।'

चालू आर्थिक वर्षबाट अनुदान कटौती नभई निरन्तरता पाउनुपर्ने पनि उनीहरूको माग छ। 'ज्यालालगायत धेरै खर्च बढेको छ। यस्तो वेलामा सरकारले अनुदान बढाएर प्रोत्साहन गर्नुपर्नेमा कटौती गर्नु ठीक होइन,' उनले भने। बजेटबाट अनुदान कटौती हुनासाथ उखु किसानका प्रतिनिधिमण्डलले अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई भेटेका थिए। भेटमा अनुदान कटौती नगर्न आग्रह गर्दा मन्त्री पौडेलले नोक्सानी भए खेती गर्न छाडे हुन्छ भन्ने ओठे जवाफ दिएकोप्रति किसानले गुनासो गरेका छन्। 'सरकारी अनुदान कटौती भए खेती गर्न पोसाउँदैन भनेका थियौँ, तर मन्त्रीले त खेती छाडिदिनुस्, हामी विदेशबाट मगाएर खान्छौँ भन्नुभयो,' रायले भने, 'उखुखेतीबाट किसानलाई आम्दानी भएको छ, रोजगारी पाएको छ। उद्योगहरू पनि चलेका छन्, उद्योगमा हजारौँ रोजगारी पाएका छन्। यो कुराको ज्ञान प्रधानमन्त्री, मन्त्रीलाई छ कि छैन ?'

■ दलित बालकको मृत्यु प्रकरण

सुदूरपश्चिमका भौतिक पूर्वाधारमन्त्री पालमाथि छानबिन गर्न माग

बैतडीमा **लोकेश साउद**

बैतडीको डिलाशैनी गाउँपालिका-३ मा १४ वर्षीय बालक किरण कोलीका मृत्यु प्रकरणमा सुदूरपश्चिमका भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्र पालको नाम मुछिएको छ। सामाजिक सञ्जालमा मन्त्रीको गाडीले किचेर मारेको र दलितमाथि जातीय विभेद गरेको भन्दै उनको आलोचना भइरहको छ। गिरीबगडस्थित चमेलिया नदीको छेउमा बिजुलीको लाइनमुनि अवैध रुपमा थुपारिएको बालुवामा चढ्दा करेन्ट लागेर गत १७ साउनमा किरणको मृत्यु भएको थियो।



मृतक बालक किरण कोली

बालकको मृत्युको विषयलाई लिएर स्थानीयले गोकुलेश्वर-गन्ना सडक बन्द गरी आन्दोलन गरेका थिए। त्यसपछि मृतक परिवारसहित स्थानीय जनप्रतिनिधि र प्रहरीको उपस्थितिमा सडक खुलाइएको थियो। पीडित परिवारलाई पाँच लाख दिने सहमतिपछि बाटो खुलाइएको मृतकका बाजे हरिशचन्द्र कोलीले बताए। मृतक बालकको आमा राजमतीसहित पारिवारिक सल्लाहमै बाटो खुलाइएको उनको भनाइ छ।

वडाध्यक्ष रघुवीर बोहराले पनि पीडित परिवारसँग सहमति गरेरै आफूहरूले रकम संकलन गरी जम्मा गरिदिएको बताए। तर मृतकको आमा राजमती कोलीले भने आफूसँग कुनै सल्लाह नभएको दाबी गरिन्। 'छोराको मृत्यु भएपछि म अर्धचेत अवस्थामा थिएँ, पाँच लाख लिने कुरामा मेरो सहमति थिएन,' उनले भनिन्।

बालकको आमा राजमतीले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिन खोज्दा दर्ता नभएको बताइन्। उनले जिल्ला प्रहरी कार्यालयले इलाका प्रहरी कार्यालय पाटन पठाएको र त्यहाँ पनि दर्ता नभएपछि हुलाकबाट पठाएको जानकारी दिइन्। प्रहरीले जाहेरी दर्ता नगरेको र मन्त्री पालले प्रहरीलाई दबाब दिएको भन्दै सामाजिक सञ्जालमा आलोचना भइरहेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका पालिका सभापति करणसिंह बोहराले १७ साउन र काग्रेस पालिका सभापति जयानन्द जोशीले २७ साउनमा विज्ञप्ति जारी गरी घटनाको छानबिन गर्न माग गरेका थिए। उनीहरूले घटनामा मन्त्री पालको नामसमेत जोडेका थिए।

जिल्ला प्रहरी कार्यालयका निमित्त प्रमुख, प्रहरी निरीक्षक बलराम पाण्डेयले भने घटनास्थल इलाका प्रहरी कार्यालय पाटनको क्षेत्रमा पर्ने भएकाले त्यही जाहेरी दिन पठाएको बताए। इलाका प्रहरी कार्यालय पाटनका प्रहरी निरीक्षक राजेन्द्र साउदले घटनाबारे अनुसन्धान भइरहेको बताए। 'घटना भएकै दिनदेखि हामीले अनुसन्धान गरिरहेका छौ, पीडितहरूको जाहेरी हुलाकबाट प्राप्त भइसकेको छ,' उनले भने।

घटनामा मुछिएका मन्त्री पालले भने बालकको मृत्यु प्रकरणमा आफ्नो कुनै संलग्नता नरहेको बताए। उनले १७ साउनमा आफू घटनास्थलमा नभई मन्त्रालयकै काममा रहेको भन्दै सामाजिक सञ्जालमा मानमर्दन हुने गरी भएका टिप्पणीले दुःखित तुल्याएको बताए। 'घटना भएको ठाउँको जमिन हाम्रो हो, त्यहाँ पहिलेदेखि नै निर्माण सामग्री जम्मा गरिएको थियो। बालुवा थुपार्ने काम कामदारहरूले गरेका होलान्, तर मन्त्री आएर बालुवा थुपारेको भन्ने जस्तो कुरा गरिरहेका छन्, मेरो बालुवा थुपार्ने काम हो र ?' उनले प्रश्न गरे। मन्त्री पालले केही स्थानीय व्यक्तिहरूले व्यक्तिगत रिसिइबीका कारणले आफूमाथि पीडितको परिवारलाई प्रयोग गरी सामाजिक सञ्जालमा गालीगलौज भइरहेको दाबी गरे। घटनालाई लिएर पीडित परिवार दुई कित्तामा बाँडिएको छ।

सुस्ता–कालापानी विवादमा छलफल गर्ने संयन्त्र भारतीय बेवास्ताले दशकदेखि नै निष्क्रिय

नेपालले नयाँ नक्सा जारी गरेपछि रुष्ट भारतद्वारा सीमावार्ता बेवास्ता, नेपालको पनि पुगेन पर्याप्त पहल

पर्शुराम काफ्ले/नयाँ पत्रिका


नेपाल-भारतबिच पटकपटक बल्झिने सुस्ता र कालापानी सीमा विवाद समाधान गर्न गठन भएको परराष्ट्रसचिवस्तरीय संयन्त्र करिब दशकयता निष्क्रिय छ। विवाद समाधानमा भूमिका खेल्ने जिम्मेवारी पाएको संयन्त्रको गठनयता एउटा पनि बैठक बस्न सकेको छैन। नेपालले नयाँ नक्सा जारी गरेपछि रुष्ट भारतले सीमावार्ता बेवास्ता गर्दै आएको छ।

सीमा विवादको दायरा र दबाब बढ्दै जाँदा नेपालको कमजोर पहल र भारतीय पक्षको बेवास्ताले महत्त्वपूर्ण मानिएको संयन्त्र भने पूर्णतः निष्क्रिय छ। जबकि उक्त संयन्त्र गठनसम्बन्धी परराष्ट्रमन्त्रीस्तरीय बैठकको निर्णयलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको ०७१ मा भएको नेपाल भ्रमणका बेला दुवै देशका प्रधानमन्त्रीले अनुमोदन गरेका थिए। प्रधानमन्त्री केपी ओलीको आसन्न भारत भ्रमणमा संयन्त्र सक्रिय बनाउने विषय एजेन्डा बनाउने अवसर छ।

भारतका लागि नेपाली पूर्वराजदूत दीपकुमार उपाध्याय सुस्ता तथा कालापानी-लिम्पियाधुरा सीमाबारे छलफल गर्न भारतको रुचि नभएको तथा यसबारे नेपालले पनि स्पष्ट पार्न नसकेको बताउँछन्। मुद्दा नटुंगिँदासम्म परराष्ट्रसचिवस्तरीय संयन्त्र सक्रिय बनाउनुपर्ने तथा नेपालले खुलस्त कुरा गर्नुपर्ने उनको मत छ।

'सुस्ता र कालापानीका विषयमा छलफलका लागि हामीले पर्याप्त प्रयास गरेका छौंनँ। उच्चस्तरीय भ्रमणका समयमा मौखिक रूपमा यो विषय उठ्छ, तर विवादित विषयमा नजाओँ भन्ने भारतीय पक्षको जवाफ आएपछि हामी थप कुरा गर्न सक्दैनौं,' पूर्वराजदूत उपाध्याय भन्छन्, 'कतिपय बैठकमा मैले नै यस्तो अवस्था देखेको छु। अब समस्याबारे नेपाल र भारतबिच खुलस्त छलफल हुनुपर्छ। समस्या लुकाएर वा पन्छाएर कहीं पनि पुग्दैनौं। यो विषय समाधान नभएसम्म नरोकिने गरी परराष्ट्रसचिवस्तरीय संयन्त्रलाई सक्रिय बनाउनपर्छ।'

१० साउन ०७१ मा नेपाल-भारत तेस्रो संयुक्त आयोग (परराष्ट्रमन्त्रीस्तरीय) बैठकले सुस्ता र कालापानीको सीमाबारे छलफल गर्ने जिम्मा परराष्ट्रसचिवहरूको संयन्त्रलाई दिएको थियो। परराष्ट्रमन्त्रीस्तरीय बैठक सकिएको नवौं दिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका अवसरमा प्रधानमन्त्री सुशील कोइरालासँग भएको औपचारिक वार्तामा उक्त निर्णय अनुमोदन भएको थियो। दुई प्रधानमन्त्रीबिच १९ साउन ०७१ मा सुस्ता र कालापानीसहित सबै सीमाबारे दुईवटा संयन्त्र गठन गर्ने परराष्ट्रमन्त्रीस्तरीय बैठकको निर्णय अनुमोदन भएको थियो। मोदीको पहिलो नेपाल भ्रमणका बेला जारी संयुक्त वक्तव्यको बुँदा नम्बर १२ मा छ, 'उनीहरू (दुवै प्रधानमन्त्री)ले कालापानी र सुस्तासहितका बाँकी सीमासम्बन्धी मुद्दाहरूमा संयुक्त कार्य समूहबाट प्राविधिक सुझावहरू प्राप्त गर्दै विदेशसचिवहरूलाई काम गर्न निर्देशन दिने संयुक्त आयोगको निर्णयलाई पनि स्वागत गरेका छन्।'



सुस्ता र कालापानीबारे परराष्ट्रसचिवस्तरको संयन्त्रले छलफल गर्ने तथा यीबाहेकका सीमाबारे भएका सहमति कार्यान्वयन गर्न नापी विभागका महानिर्देशकले नेतृत्व गर्ने सीमा कार्य समूह अर्थात् बाउन्ड्री वर्किङ ग्रुप (बिडब्लुजी) गठन भएको थियो। बिडब्लुजीको सातौं बैठक गत ३ साउनमा दिल्लीमा बसेको छ।

कोइराला-मोदीले संयन्त्र गठन गर्ने परराष्ट्रमन्त्रीस्तरीय बैठकको निर्णय अनुमोदन गरेको नौ महिनापछि १ जेठ ०७२ मा भारत र चीनले कालापानीछेउको लिपुलेक नाका खोल्ने सहमति गरे। नेपालले असहमति राखेर भारत र चीन दुवैलाई कूटनीतिक 'नोट' पठायो। भारतले नेपालको चिठीलाई स्वाभाविक रूपमा लिएन र जवाफ पनि दिएन। त्यही वर्ष असोजमा नेपालले संविधान जारी गऱ्यो। भारतीय नाकाबन्दीसँगै सीमा मुद्दा नेपालका लागि प्राथमिकतामा परेन। कात्तिक ०७६ मा भारतले कालापानी समेटेर नयाँ नक्सा जारी गरेपछि नेपालले विरोधपत्र पठायो र कूटनीतिक संयन्त्रमा छलफल गर्न अनुरोध गऱ्यो। फेरि पनि भारतले जवाफ दिएन। कालापानी हुँदै लिपुलेकसम्मको सडक भारतीय रक्षामन्त्री राजनाथ सिंहले २६ वैशाख ०७७ मा उद्घाटन गरे। यसमा पनि नेपालले भारतलाई फेरि कूटनीतिक 'नोट' पठायो। परराष्ट्र अधिकारीका अनुसार परराष्ट्रसचिवस्तरीय संयन्त्रको बैठकका लागि नेपालको अनुरोध थियो। तर, भारतले नेपालको अनुरोधको जवाफ दिएन।

'सुस्ता र कालापानीमा मात्रै नेपाल सीमित होस् भन्ने भारतको चाहना रहेछ। तर, ०७१ सालमै नेपालले लिपुलेकमाथि दाबी पेस गरेपछि भारतले असहज महसुस गरेको थियो। उसले नक्सा त सच्यायो, तर संयन्त्रको बैठक बस्नेमा रुचि देखाएन,' ती अधिकारीले नयाँ पत्रिकासँग भने। अर्का एक उच्च कूटनीतिक अधिकारी भन्छन्, 'नेपालले लिपुलेक र लिम्पियाधुरासम्मको भूभाग समेटेर नयाँ नक्सा जारी गर्दै संविधानको अंग बनाएपछि असन्तुष्ट देखिएको भारतले परराष्ट्रसचिवस्तरीय संयन्त्रमा छलफलको औचित्य छैन भन्ने अनौपचारिक सन्देश पठायो।'

'नयाँ नक्सा जारी गर्ने अन्तिम तयारीका बेला भारतबाट छलफल गर्औं भनिएको थियो। तर, कुन तहको छलफल गर्ने भन्ने स्पष्ट थिएन,' उनी भन्छन्, 'भारत नक्सा जारी गर्नबाट नेपाललाई रोक्न चाहन्थ्यो। तर, राजनीतिक र जनस्तरको दबाबका कारण नेपाल पछि हट्न सक्ने अवस्था थिएन।'

● **दीपकुमार उपाध्याय**, पूर्वराजदूत



सुस्ता र कालापानीका विषयमा छलफलका लागि हामीले पर्याप्त प्रयास गरेका छैनौं। उच्चस्तरीय भ्रमणका समयमा मौखिक रूपमा यो विषय उठ्छ, तर विवादित विषयमा नजाओँ भन्ने भारतीय पक्षको जवाफ आएपछि हामी थप कुरा गर्न सक्दैनौं। अब समस्याबारे नेपाल र भारतबिच खुलस्त छलफल हुनुपर्छ।

● **डा. निहार नायक**, नेपालविज्ञ



दुई देशबिच विगतदेखिको सहमतिअनुसार सुस्ता र कालापानी मात्रै विवादित भूभाग हुन्। द्विपक्षीय दस्ताबेजहरूमा यही उल्लेख हुँदै आएकोमा नेपालले सन् २०१५ मै लिपुलेक दाबी गऱ्यो, यतिले नपुगेर सन् २०२० मा लिम्पियाधुरासम्मको नक्सा जारी गऱ्यो र संविधानको अंग बनायो।

भारतको नेपाल नीतिबारे जानकार मनोहर पारिकार इन्स्टिच्युट अफ डिफेन्स स्टडिज एन्ड एनालाइसिस (एमपिआइडिएस)का नेपालविज्ञ डा. निहार नायकका अनुसार कालापानीबाहेक लिपुलेक र लिम्पियाधुरालाई भारतले विवादित क्षेत्र मान्दैन। उनी नेपालले नयाँ नक्सा जारी गरेपछि भारत चिढिएको र वार्ता अगाडि बढ्न नसकेको बताउँछन्।

'दुई देशबिच विगतदेखिको सहमतिअनुसार सुस्ता र कालापानी मात्रै विवादित भूभाग हुन्। द्विपक्षीय दस्ताबेजहरूमा यही उल्लेख हुँदै आएकोमा नेपालले सन् २०१५ मै लिपुलेक दाबी गऱ्यो, यतिले नपुगेर सन् २०२० मा लिम्पियाधुरासम्मको नक्सा जारी गऱ्यो र संविधानको अंग बनायो,' उनको तर्क छ, 'यसपछि अब परराष्ट्रसचिवस्तरीय संयन्त्रको छलफलले परिणाम दिन सक्दैन भन्ने भारतको बुझाइ रह्यो। नेपालले नक्सा सच्याउन तयार छौं भन्ने ग्यारेन्टी दिएमा मात्रै वार्ता हुन सक्छ।' नेपाल सर्तसहित भारतसँग कालापानी, लिपुलेक, लिम्पियाधुराबारे वार्तामा बस्न तयार छैन। 'हामीले सुगौली सन्धिअनुसार महाकाली नदी लिम्पियाधुराबाट बग्छ भन्ने प्रमाणका आधारमा नयाँ नक्सा जारी गरेका छौं। प्रामाणिक रूपमा यो भूभाग नेपालको हो, यसलाई खण्डन गर्ने कागजात भारतसँग छँदै छैन, यसका लागि कुनै पनि पूर्वसर्त राख्नुपर्ने वा मान्नुपर्ने हुँदैन,' सरकारी अधिकारीहरू भन्छन्।

दुई देशबिच परराष्ट्रसचिवस्तरीय संयन्त्रको बैठक नबसे पनि सबै संयन्त्रलाई सक्रिय बनाउने सहमति भने हुँदै आएको छ। नेपाल र भारतका प्रधानमन्त्रीबिच १८ जेठ ०८० मा भएको पछिल्लो औपचारिक द्विपक्षीय वार्तामा सीमाबारे प्रसंग चलेको थियो। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सीमासहित दुई देशका सबै संयन्त्र सक्रिय बनाउन प्रस्ताव गरेकोमा मोदीले सहमति जनाएका थिए। मोदीले सोही दिन हैदराबाद हाउसमा आयोजित पत्रकार सम्मेलनमा भनेका थिए, 'सीमाको होस् वा अन्य विषय, सबैको समाधान गर्छौं।' प्रचण्डले त्यही पत्रकार सम्मेलनमा सबै विषय स्थापित संयन्त्रबाट टुंग्याउने विषयमा छलफल भएको बताएका थिए। भारतीय प्रधानमन्त्री मोदीको शपथग्रहणमा जाँदा ०८१ जेठ २७ मा दिल्लीमा भएको भेटमा यो दोहोऱ्याएका थिए। मोदीसँग उनको संक्षिप्त भेटवार्तापछि नेपाली दूतावासमा नयाँ पत्रिकाको प्रश्नमा प्रचण्डको जवाफ थियो, 'मैले सबै संयन्त्र सक्रिय गरौं भनेपछि सीमासम्बन्धी संयन्त्रको पनि विषय आइहाल्यो नि।'

दुई देशबिच छलफलको अनिश्चितताँसगै नेपाल र भारतबिच सुगौली सन्धि भएको २०९ वर्षमा पनि नवलपरासीको सुस्ता र दार्चुलाको कालापानी (लिपुलेक र लिम्पियाधुरासमेत)मा सीमांकन हुन सकेको छैन।

■ सरकारको वैधानिकतामा सर्वोच्चको प्रश्न

अन्तरिम आदेशबारे ११ भदौमा निर्णय

काठमाडौं/ सर्वोच्च अदालतले सरकारको वैधानिकता र स्थितिबारे ११ भदौमा निर्णय गर्ने भएको छ। जनता समाजवादी पार्टी (जसपा) र नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले सरकारलाई दिएको समर्थन फिर्ता लिएको अवस्थामा विश्वासको मत लिनेबारे अधिवक्ता वीरेन्द्र केसीले दायर गरेको रिटमाथि सर्वोच्चको एक न्यायाधीशको इजलासबाट दुवै पक्षलाई छलफलमा झिकाउने आदेश भएको हो।

न्यायाधीश सुनीलकुमार पोखरेलले शुक्रबार दिएको आदेशमा अन्तरिम आदेश दिने-नदिनेबारे दुवै पक्षलाई ११ भदौको पेसी दिई डाकिएको छ।

> न्यायाधीश सुनीलकुमार पोखरेलले शुक्रबार दिएको आदेशमा अन्तरिम आदेश दिने-नदिनेबारे दुवै पक्षलाई ११ भदौको पेसी दिई डाकिएको छ

आइतबार सार्वजनिक आदेशअनुसार बाटोको म्यादबाहेक विपक्षीहरूलाई १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनिएको छ।

यस रिटसँगै नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठसमेत सामेल हुन पाउने निवेदन लिई उपस्थित भएकी थिइन्। यसैले पनि संवैधानिक तथा कानुनी प्रश्नको विषयमा दुवै पक्षको कुरा सुनी निर्णयमा पुग्नु आवश्यक देखिएको उक्त इजलासको ठहर छ। नाउपाले २२ असारमा समर्थन फिर्ताको पत्र लेखे पनि ३० दिनपछि उक्त पत्र बदर गरी पुनः ३० साउनमा समर्थन रहेको भनी पत्राचार गरेको थियो। यस्तोमा केलाई मान्ने र कसरी अगाडि बढ्ने भन्ने कुरामा स्पष्ट हुन दुवै पक्षलाई डाकिएको आदेशमा छ।

मुख्यगरी चार प्रश्नको निरूपण गर्नुपर्ने भन्दै दुवै पक्षलाई पेसीको जानकारी दिई उपस्थित हुन भनिएको छ। 'नेपालको संविधानको धारा १०० को उपधारा (२) मा भएको व्यवस्थाबमोजिम विपक्षी प्रधानमन्त्रीले नेतृत्व गरेको सरकारमा सहभागी नागरिक उन्मुक्ति पार्टीले मिति ०८२/०३/२२ मा सरकारलाई दिएको समर्थन फिर्ता लिएको र सोको ३० दिनभित्र प्रधानमन्त्रीले प्रतिनिधिसभाको विश्वासको मत नलिएको अवस्थामा सरकारको वैधानिकतामा प्रश्न खडा भई त्यस्तो सरकारलाई कामचलाउ सरकारमा परिणत गर्न अन्तरिम आदेश जारी हुनुपर्ने हो वा होइन ?' आदेशमा भनिएको छ।

धारा १०० (२) ले प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्ने व्यवस्था गरेको छ। जनता समाजवादी पार्टीले समेत समर्थन फिर्ता लिएको अवस्थामा यो धारा आकर्षित हुने वा नहुने तथा यसको परिपालनाको अभावमा अन्तरिम आदेश जारी हुन सक्ने हो वा होइन भन्नका लागि पनि दुवै पक्षको कुरा सुन्नु जरुरी रहेको सर्वोच्चको ठहर छ।

आदेशको चौथो बुँदामा भनिएको छ, 'नेपालको संविधानको धारा १०० को उपधारा (२) को व्यवस्था बाध्यात्मक प्रकृतिको हो वा सरकारमा सहभागी दलहरूको प्रतिनिधिसभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत वा अल्पमतको अंकगणितको सापेक्षता मात्र आकर्षित हुने भई अन्तरिम आदेश जारी हुन सक्ने नसक्ने के-कस्तो अवस्था हो ?' अधिवक्ता केसीले प्रधानमन्त्री केपी ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुख देवराज घिमिरे, संघीय संसद् सचिवालय तथा राष्ट्रपति कार्यालयलाई विपक्षी बनाई रिट दर्ता गराएका थिए। जसपाले विश्वासको मत फिर्ता लिए पनि संवैधानिक प्रावधानबमोजिम विश्वासको मत लिनुपर्नेमा प्रधानमन्त्रीले नलिएको दाबी रिटमा थियो। यसैगरी, नागरिक उन्मुक्ति पार्टीले पनि सरकारलाई समर्थन नदिने र विपक्षीको भूमिकामा रहने भन्दै उक्त दलका तर्फबाट मन्त्री रहेका अरुणकुमार चौधरीले राजीनामा दिएका थिए।

एमसिसी परियोजनाबारे कम्युनिस्ट नेताहरूको चासो र चिन्ता

नयाँ पत्रिका

विभिन्न कम्युनिस्ट पार्टीका नेता र विज्ञहरूले अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)बारे चासो र चिन्ता व्यक्त गरेका छन्। फाउन्डेसन फर पिस, डेभलपमेन्ट एन्ड सोसलिजमले काठमाडौंमा आयोजना गरेको काष्ठमण्डप संवाद शृंखला २ मा 'एमसिसीले नेपालमा के ल्याउँछ : तथ्य र पाठहरू' विषयमा बहस सुरु भएको हो। दुईदिने संवादमा विभिन्न कम्युनिस्ट पार्टीका नेतासहित विज्ञहरूले प्लेनरी सेसनमा छलफल गर्दै छन्।

आइतबार संवादको उद्घाटन सत्रमा पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले अमेरिकासँग एमसिसी सम्झौता नेपालको सार्वभौमसत्ता, भूराजनीतिक सन्तुलन र संविधानको भावनाविपरीत रहेको दाबी गरे। एसिया प्यासिफिकमा अमेरिकी सुरक्षा रणनीति अघि बढाउने क्रममा एमसिसी परियोजना अघि बढेको उनले बताए। 'सम्झौता कार्यान्वयनबारे अझै पनि स्पष्ट छैन। संसद्मा गहन छलफल पनि भएन। यसले नेपालको सार्वभौमसत्ता र राष्ट्रिय हितलाई चुनौती दिने खालको छ। यस्ता प्रावधान स्वीकार्य छैन। एमसिसी सम्झौतामा पुनर्विचार गर्नुपर्ने आवश्यकता छ,' खनालले भने।

एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डेले भावनामा भन्दा तथ्यमा रहने कुनै पनि परियोजनाको समर्थन र विरोध गर्नुपर्ने बताए। तथ्यविपरीत हुने विरोध र असहमतिप्रति आफू सहमत नहुने उनले स्पष्ट पारे। एमसिसी कार्यान्वयनका क्रममा नेपालमा अमेरिकी सैन्य अड्डा स्थापना हुने आशंका निराधार भएको उनले दाबी गरे। 'कूटनीतिबारे स्पष्ट नहुँदा नेपालले सधैं घाटा व्यहोरिरहेको छ। तथ्यविपरीत अनावश्यक विश्लेषण गर्नुहुँदैन। नेपालको विकासका लागि एमसिसी र बिआरआई दुवै अपरिहार्य छ। वनको बाघले भन्दा मनको बाघले खाइरहेको स्थिति देख्छु म। के हामीले जोगाएर चीन जोगिने हो ?' उनले भने।



माओवादी महासचिव देव गुरुङले एमसिसी सैन्य रणनीतिसँग जोडिएको छ कि छैन भनेर निगरानी गर्नुपर्नेमा जोड दिए। सैन्य रणनीतिसँग सम्बन्धित रहेको पुष्टि भए सरकारले तत्काल खारेज गर्नुपर्ने उनले बताए।

नेकपा महासचिव नेत्रविक्रम चन्दले अमेरिकाले दबाब दिएर एमसिसी संसद्बाट अनुमोदन गराएको आरोप लगाए। संसद्ले अनुमोदन गरे पनि नेपाली जनताले एमसिसीलाई मान्यता नदिएको उनले जिकिर गरे। 'नेपालको संसद् र सरकार अमेरिकी नवउपनिवेशवादी दबाबसामु टिक्न सकेन र संसद्बाट अनुमोदन गर्न पुग्यो। यथार्थमा संसद्ले पास गरे पनि नेपाली जनताले एमसिसीलाई मान्यता दिएका छैनन्,' उनले भने।

नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले अमेरिकाले सैन्य रणनीतिअन्तर्गत नै एमसिसी परियोजना अघि बढाएको दाबी गरे। उक्त परियोजना नेपाल र नेपालीको हितमा नरहेको उनको जिकिर थियो।

संक्षेप

एमालेबाट निर्वाचित वडाध्यक्षमाथि सांघातिक आक्रमण

ताप्लेजुङ/ एमाले जिल्ला सदस्य तथा आठराई त्रिवेणी गाउँपालिका- २ का वडाध्यक्ष टेकेन्द्र सेन्दाङमाथि सांघातिक आक्रमण भएको छ। एमालेका अनुसार जिल्ला कमिटीको बैठक सकेर घर फर्कन लाग्दा शनिबार तोक्मेडाँडा क्षेत्रमा सेन्दाङ र एमाले जिल्ला सदस्य मनकुमार तेङबुङमाथि पाँचदेखि सातजनाको समूहले सांघातिक आक्रमण गरेको थियो। आक्रमण गर्नेको पहिचान खुलेको छैन। कुटपिटबाट गम्भीर घाइते भएका सेन्दाङको ताप्लेजुङ जिल्ला अस्पतालमा प्रारम्भिक उपचार भएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि उनलाई थप उपचारका लागि झापास्थित बी एन्ड सी अस्पताल रिफर गरिएको छ। वडाध्यक्ष सेन्दाङमाथि भएको सांघातिक आक्रमणप्रति एमाले सचिव तथा प्रतिनिधिसभा सदस्य योगेश भट्टराईले आपत्ति जनाएका छन्।

क्षमता अभिवृद्धि गर्न इस्टपोलको 'मिस्टर एन्ड मिसेस' प्रतियोगिता

काठमाडौं/ काठमाडौंको गोकर्णेश्वरमा रहेको इस्टपोल स्कुलले विद्यार्थीको क्षमता अभिवृद्धि तथा सिर्जनशीलता विकासका लागि एकदिने 'मिस्टर एन्ड मिसेस' प्रतियोगिता आयोजना गरिएको छ। शनिबार नेपाल पुलिस क्लबमा आयोजित प्रतियोगितामा ४७ विद्यार्थीले आ-आफ्नो क्षमता प्रस्तुत गरे। राष्ट्रिय सभा सदस्य विष्णु पुडासैनीले यस्तो प्रतियोगिताले विद्यार्थीको क्षमता विकास गर्ने र भविष्यको बाटो तय गर्ने बताइन्। प्रतियोगितामा सहभागी विद्यार्थीमध्येबाट उत्कृष्ट विद्यार्थीसमेत चयन गरिएको थियो। निर्णायकमण्डलको टिमले उत्कृष्ट प्रतिभा प्रस्तुत गर्ने विद्यार्थीलाई चयन गरेको थियो। निर्णायकमण्डलको टिममा वरिष्ठ कलाकार भुवन चन्द, नम्रता श्रेष्ठ, अशोक दाहाललगायत थिए। विद्यार्थीले आफूसँग भएको क्षमता, आफ्नो रुचि र भविष्यमा के बन्ने भन्ने सन्दर्भमा प्रस्तुति दिएको विद्यालयका निर्देशक कुशल थापाले बताए।

शाखा कार्यालय तथा लकर स्थानान्तरण हुने सम्बन्धी सूचना !!!

मिति २०८२ भाद्र २२ गते तदनुसार 07 September 2025 देखि यस बैंकको निम्न स्थानमा अवस्थित शाखा स्थानान्तरण भई नयाँ स्थानबाट संचालन हुने भएको हुँदा तहाँ रहेको लकर समेत हालको शाखाबाट करिब १०० मीटर दक्षिणतर्फ स्थानान्तरण भई सोही मिति देखि तपसिलमा उल्लेखित स्थानबाट संचालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शाखा रहेको स्थान	शाखा स्थानान्तरण हुने स्थान	हालको शाखाबाट दुरी
एनआईएमबी पोखरा शाखा, पोखरा महानगरपालिका वडा नं. ८, सभागृह चोक, गण्डकी प्रदेश फोन नं. ०६१-५८१११२, ५८१११३	एनआईएमबी पोखरा शाखा, पोखरा महानगरपालिका वडा नं. ८, सभागृह चोक, गण्डकी प्रदेश सम्पर्क नं. ९८५१०९२५३६, ९८४६०२७०५१	हालको शाखाबाट करिब १०० मीटर दक्षिणतर्फ

माथि उल्लेखित शाखा कार्यालयमा रहेको लकरमा ग्राहक महानुभावहरुले टुटफुट हुने सामानहरु राख्नु भएको भए मिति २०८२ भाद्र २० गते तदनुसार 05 September 2025 भित्र लकर रहेको शाखामा बिहान १० बजे देखि दिउँसो २ बजे भित्र सम्पर्क राखि सामानहरु सुरक्षित गर्नहुन अनुरोध गर्दछौं। अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति भएमा बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराउँदछौं। यसबाट ग्राहक माहानुभावहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थी छ।

थप जानकारीको लागि बैंकको सम्बन्धित शाखामा सम्पर्क राख्नहुन अनुरोध गर्दछौं।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

SHREE MAHAKALI WINE PVT. LTD. Dhunibeshi-9, Dhading

यस उद्योगद्धारा उत्पादित तल उल्लेखित ब्राण्डको वाइन नेपाल अधिराज्यभर मिति २०८२/०५/५ गते देखि लागू हुने गरि निम्न बमोजिम मुल्यमा विक्री वितरण गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

Brand Name	Size	National Distributor Price	Margin	Regional Distributor	Margin	Distributor Price	Margin	Wholesale Price	Margin	Retail Price	Margin	Maximum Retail Price	MRP Per Unit
Ultrablacks Divine Wine Red Sweet A/c 11.5%	750 ML	6465	1280	7745	280	8025	485	8510	430	8940	1080	10020	835
Divine Wine White A/c 11.5%	750 ML	6465	1280	7745	280	8025	485	8510	430	8940	1080	10020	835
Divine Wine Honey A/c 11.5%	750 ML	6465	1280	7745	280	8025	485	8510	430	8940	1080	10020	835
Divine Wine Premium Red Sweet A/c 11.5%	750 ML	7310	1500	8810	315	9125	550	9675	500	10175	1225	11400	950
Divine Wine Premium White Sweet A/c 11.5%	750 ML	7310	1500	8810	315	9125	550	9675	500	10175	1225	11400	950
Ultrablacks Divine Wine Red Sweet A/c 11.5%	4 LTR BOX	11700	1100	12800	400	13200	500	13700	500	14200	1000	15200	3800
Divine Wine White A/c 11.5%	4 LTR BOX	11700	1100	12800	400	13200	500	13700	500	14200	1000	15200	3800

उपरोक्त बिक्री मूल्यहरुमा व्यापारिक एवं अन्य छुट समावेश गरिएकोले विभिन्न तहका वितरकहरुले मूल्य अभिवृद्धि करमा दर्ता भएका बाहेक अन्य विक्रेतालाई छुट दिन पाईने छैन । साथै अनुमान गर्न नसकिने खर्चको शोधभर्ना दिन र आवश्यकता अनुसार खर्च अभिलेख गर्न सक्नेछ ।

Note :- Above rates are inclusive of VAT

एमालेभित्रको अन्तरसंघर्षको चिरफार

एमालेभित्रको अन्तरसंघर्ष वैचारिक नभई नेतृत्वको कार्यशैलीमा रहेको मतभेद तथा सत्ता, शक्ति र अवसरका निम्ति हुने संघर्ष मात्र हो



● डा. कृष्णराज पन्त

अग्रलेख


अहिले कांग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा, नागरिक उन्मुक्ति पार्टीलगायत संसद्मा प्रतिनिधित्व गर्ने ठुलासाना सबैजसो पार्टीमा अन्तरविरोध चर्कंदै गएको छ। तर चार वर्षपछि फेरि गम्भीर रूप धारण गरेको एमालेभित्रको अन्तरद्वन्द्वले राजनीतिक बजार तताएको छ। लामो समय पार्टीभित्र एकअर्काका सहयोगी रहेका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी एक-अर्काविरुद्ध खरो उत्रिएका छन्। आफू अध्यक्ष हुने घोषणासहित सक्रिय राजनीतिमा फर्केकी पूर्वराष्ट्रपति भण्डारीको नवीकरण भइसकेको पार्टी सदस्यता अध्यक्ष ओलीले अपमानपूर्वक खोसेका छन्। यससँगै मुलुकमा पूर्वराष्ट्रपति सक्रिय राजनीतिमा फर्कनुहुन्छ कि हुँदैन भन्ने बहस सुरु भएको छ। संविधानले नरोकेको भण्डारीको कदमलाई रोक्ने अध्यक्ष ओलीको हर्कतले एमालेभित्र चरम अन्तरविरोध र अन्तरद्वन्द्व सिर्जना गरेको छ। ओलीको कदमको बदलामा भण्डारीले पत्रकार सम्मेलनमार्फत आफू विद्यमान अन्तरसंघर्षमा दृढतापूर्वक अघि बढ्ने बताउँदै सम्पर्क कार्यालयसमेत खोलेर सक्रियता बढाएकी छिन्।

मार्क्सवादी दृष्टिकोणमा अन्तरपार्टी संघर्ष : मार्क्सवादका तीन आधारभूत द्वन्द्वात्मक भौतिकवादी नियम छन्- विपरीतहरूको एकता र संघर्ष, परिमाणात्मक परिवर्तनबाट गुणात्मक परिवर्तन र निषेधको निषेध। वस्तु तथा समाज परिवर्तनको नियमका रूपमा विकसित यी नियमलाई राजनीतिक दलभित्रको अन्तरविरोधको विकाससँग पनि दाँजेर हेर्न सकिन्छ। हरेक पार्टीभित्र विभिन्न विचार (स्वार्थ) समूह विद्यमान हुन्छन्। बाहिरबाट एकताबद्ध देखिए पनि भित्र विपरीत विचार (स्वार्थ) समुहबिच शक्ति संघर्ष चलिरहेको हुन्छ। यस्ता द्वन्द्वमा संलग्न पात्रहरूको संख्या वा द्वन्द्वको तह बढ्दै जाँदा त्यसले आन्तरिक विरोधदेखि विद्रोहसम्मको रूप धारण गर्न सक्छ। जसले अन्ततः या त संस्थापन पक्ष वा नेतृत्वलाई विस्थापित गर्छ या त संस्थापनविरोधी समूहलाई किनारा लगाइदिन्छ र पार्टी विभाजनउन्मुख हुन सक्छ। एमालेभित्र पनि त्यस्तै अवस्था देखिएको छ। तत्कालीन एमालेमा माधव नेपाल समूहविरुद्ध ओली समूहमा एक भएर रहेका नेता कार्यकर्ताबिच पार्टी विभाजनपश्चात् सुषुप्त रहेको स्वार्थको टकरावको मात्रा बढ्दै गएको देखिन्छ। यो टकराव बिस्तारै आपसी अन्तरविरोधका रूपमा विकास हुँदै हाल ओली र भण्डारीको सक्रियतामा पार्टीभित्र ओली गुट (संस्थापन पक्ष) र विद्या गुट (प्रतिपक्ष)का रूपमा मुखरित भइरहेको छ। कुनै पनि पदार्थको विग्रह वा विनाशको मूल कारण त्यसैभित्र निहित हुन्छ भनेझैँ लामो समयसम्म एकै समूहमा रहेर पार्टीभित्र हैकम चलाएका दुई नेता पुरानो एकताको परिस्थितिलाई विस्थापित गर्दै एकले अर्कालाई निषेधको प्रयास गर्ने तहसम्म पुगेका छन्।

असैद्धान्तिक अन्तरविरोध र अन्तरसंघर्ष : राजनीतिक दलभित्रको संघर्ष खासगरी वैचारिक मतभेद, शक्ति संघर्ष, स्रोतमा पहुँचका निम्ति हुने गर्छ। एमालेभित्रको संघर्ष वैचारिक रूपमा न त उग्रवामपन्थ वा दक्षिणपन्थी अवसरवादको सन्दर्भमा रहेको छ न त वर्ग विश्लेषणका सन्दर्भमा भएको मतभेद वा क्रान्तिको बाटोको सम्बन्धमा नै। अन्तरविरोध न त संसदीय अभ्यासलाई हेर्ने दृष्टिकोणमा छ न त राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषणको सवालमा नै छ। यो तत्कालीन सोभियत कम्युनिस्ट पार्टीमा रहेको मेन्सेविक र बोल्सेविकबिचको संघर्षजस्तो पनि छैन, न त ठ्याक्कै स्टालिन र ख्रुस्चेवबिचको संघर्षजस्तो नै छ। यो चीनमा माओकालीन दुई लाइनको संघर्षजस्तो पनि होइन। यसकारण एमालेभित्रको अन्तरसंघर्ष खासगरी वैचारिक नभई केही नीतिगत र नेतृत्वको कार्यशैलीमा रहेको मतभेदका कारण उत्पन्न संघर्ष हो। यस्तो पुँजीवादी पार्टीभित्र सत्ता, शक्ति र अवसरका निम्ति हुने संघर्षजस्तो मात्र हो। चिनियाँ कम्युनिस्ट पार्टीका नेता लिउ साओ चि अन्तरपार्टी संघर्षलाई पार्टीबाहिरको वर्गसंघर्षको प्रतिबिम्ब मान्छन् (लिउ साओ चि, अन इनर पार्टी स्ट्रगल, १९२६)। एमालेभित्रको अन्तरसंघर्ष लिउको दृष्टिकोणसँग पनि मेल खाँदैन। किनकि दलाल पुँजीवादको प्रभाव रहेको यो पार्टीभित्रका दुवै समूहको वर्ग दृष्टिकोण समान छन्।

अन्तरसंघर्षका आन्तरिक र बाह्य कारण : कुनै पनि पार्टीभित्र उत्पन्न हुने अन्तरसंघर्षका निम्ति आन्तरिक र बाह्य कारण हुन्छन्। आन्तरिक कारणमा नीतिगत असहमति (वैचारिक भिन्नता र शासकीय पद्धति एवं कार्यशैलीमा असहमति), स्रोत र अवसरको पहुँचमा विभेद, कमजोर आन्तरिक लोकतन्त्र (निर्णय प्रक्रियामा सीमित पहुँच र अपारदर्शी कार्यशैली) र नेतृत्वको होडबाजी (नेतृत्वमा प्रतिस्पर्धा एवं उत्तराधिकारीबारे विवाद र नेतृत्व चयनमा निरंकुश प्रवृत्ति) आदि पर्छन्। त्यसैगरी, पार्टीमा स्पष्ट नीति र विधिको अभाव, मौजुदा विधि तथा पद्धतिको उल्लंघन र अन्तरविरोध समाधानका निम्ति प्रभावकारी नीति, संयन्त्र र कार्यान्वयन अभावले पनि अन्तरपार्टी संघर्षको उत्पत्ति र विकासमा भूमिका खेलेको हुन्छ। पार्टीभित्रको समूहगत दबाबबाहेक सामाजिक दबाब र विदेशी स्वार्थमा आधारित लबिङ, घुसपैठ र हस्तक्षेपजस्ता बाह्य कारणले पनि पार्टीभित्र अन्तरसंघर्षको प्रवर्द्धन गरेको हुन्छ।

एमालेमा देखिएको अन्तरसंघर्ष वैचारिक मतभेदबाहेक उल्लिखित सबै कारणले विकसित भएको देखिन्छ। पार्टी र शासन सञ्चालनका सन्दर्भमा पटक-पटक निरंकुशतातर्फ उन्मुख ओलीको कार्यशैली, उत्तराधिकारी प्रथामा नश्लबन्दी र आजीवन नेतृत्वमा रहने सोच, शासकीय अवसर (निर्वाचनमा टिकट वितरण, मन्त्री चयन र राजनीतिक नियुक्ति आदि)का क्षेत्रमा एकल निर्णय र विनामापदण्ड निश्चित मनपसन्दलाई अवसर प्रदान गर्ने स्वेच्छाचारी प्रवृत्तिका कारण पार्टीभित्र अन्तरसंघर्ष चुलिएको छ। ओली नेतृत्वमा आएपछि पार्टीभित्र वैचारिक कामको शून्यता, हरेक तहका नेतृत्व चयनमा संस्थापन पक्षको नांगो हस्तक्षेप, ओली नेतृत्वको हावादारी कार्यशैली, अन्य कम्युनिस्ट पार्टीप्रतिको असहिष्णु शैली, छिमेकी राष्ट्रहरूसँगको असन्तुलित परराष्ट्र नीति, शैली र सम्बन्ध, सुशासनको स्खलन र भ्रष्टाचार वृद्धिजस्ता कारणले पार्टी पंक्तिभित्र निराशा छाएको र आमजनतामा एमालेको प्रभाव खस्किँदै गएको कारण आगामी निर्वाचन जित्न मुस्किल हुन सक्ने भयले पनि एकथरी नेताहरूले पार्टीमा ओली नेतृत्वको विकल्पमा भण्डारीलाई अघि सारेको देखिन्छ।



वैचारिक विचलन र दक्षिणपन्थी अवसरवादको बाटो : जब कम्युनिस्ट पार्टीभित्र नेता तथा कार्यकर्ताको वैचारिक धरातल कमजोर हुन्छ तब तिनमा निम्न पुँजीवादी चिन्तन हावी हुन्छ र त्यसको प्रभाव बढ्दै जान्छ। वर्गीय दृष्टिकोणमा विचलनका कारण पार्टीभित्र दक्षिणपन्थी अवसरवादको जन्म हुन्छ। यसको फलस्वरूप पार्टीभित्र सैद्धान्तिक बहसको सट्टा असैद्धान्तिक अन्तरविरोधले ठाउँ पाउँछ। त्यससँगै पार्टी जीवनभित्र लोकतान्त्रीकरणको पक्ष कमजोर हुँदै जान्छ र पार्टी अवसरवादीको कब्जामा पुग्छ। बिस्तारै नेतृत्वमा प्रतिक्रान्तिकारी सोचको विकास हुँदै जान्छ। नेतृत्वले जनवादी केन्द्रीयताको लेनिनवादी संगठनात्मक सिद्धान्तको उल्लंघन गर्छ। पार्टीभित्र जनवाद समाप्त हुन्छ र केन्द्रीयता मात्र हाबी हुन्छ। बैठक, छलफल र निर्णय प्रक्रियामा फरक विचार निषेधित गरिन्छ अनि संस्थापन पक्षको निर्णयलाई पार्टी निर्णयका रूपमा स्विकार्न बाध्य तुल्याइन्छ। पार्टीभित्र प्रतिपक्ष कमजोर हुँदा नेतृत्व झन् निरंकुश र स्वेच्छाचारी बन्दै जान्छ र पार्टीलाई दक्षिणपन्थी अवसरवादतर्फ धकेल्छ। एमालेभित्र पनि ठिक त्यस्तै भइरहेको छ। यो पार्टी दिनानुदिन वामपन्थी विचार र कार्यशैलीबाट च्युत हुँदै छ र ओलीको नेतृत्वमा दक्षिणपन्थी अवसरवादको बाटोबाट गुज्रिरहेको छ।

> पटक-पटक निरंकुशतातर्फ उन्मुख ओलीको कार्यशैली, उत्तराधिकारी प्रथामा नश्लबन्दी, आजीवन नेतृत्वमा रहने सोच, शासकीय अवसरका क्षेत्रमा एकल निर्णय र विनामापदण्ड आसेपासेलाई अवसर प्रदान गर्ने स्वेच्छाचारी प्रवृत्तिका कारण एमालेभित्र अन्तरसंघर्ष चुलिएको हो

कार्टेल पार्टी थ्योरी, अन्तरसंघर्ष र अधिनायकवादको उदय : राजनीतिशास्त्रका प्राध्यापकहरू रिचार्ड एस क्याट्स र पिटर मेरले पार्टी संगठन र पार्टी जनवादको मोडेलमा परिवर्तन र कार्टेल पार्टीको उदयका सन्दर्भमा उल्लिखित कृतिमा 'कार्टेल पार्टी थ्योरी'को प्रस्ताव गरेका छन् (क्याट्स एन्ड मेर, चेन्जिङ मोडल्स अफ अर्गनाइजेसन एन्ड पार्टी डेमोक्रेसी : द इमरजेन्स अफ द कार्टेल पार्टी, १९९५)। यो सिद्धान्त मुलुकको सिंगो पार्टी प्रणालीमा मात्र नभई निश्चित राजनीतिक पार्टीको सांगठनिक जीवनमा पनि सार्थक हुन सक्छ। उनीहरूका अनुसार, राजनीतिक पार्टीहरू समयक्रममा सदस्यको सक्रिय सहभागिता र आन्तरिक लोकतन्त्रको प्रवर्द्धनभन्दा नेतृत्वको स्वार्थसिद्ध गर्न र पार्टीभित्र उनीहरूको स्थान स्थापित गर्नेतर्फ केन्द्रित हुने 'कार्टेल पार्टी'का रूपमा विकसित हुन्छन्। जसमा पार्टी निर्णय र कार्यान्वयनमा निश्चित सिन्डिकेट कायम गरिएको हुन्छ। नेपालमा पनि कार्टेल पार्टी थ्योरीको अभ्यास भइरहेको छ। एकातर्फ, दुई ठुला पार्टी कांग्रेस र एमाले मिलेर शासकीय क्षेत्रमा सिन्डिकेट कायम गरेका छन् भने पार्टीमा क्रमशः देउवा समूह र ओली समूहको सिन्डिकेट चलिरहेको छ।

सन् १९२६ मा रुसी नेता स्टालिनले आफ्नो बोल्सेभिक कम्युनिस्ट पार्टीको पोलिटब्युरो बैठकमा अन्तरपार्टी संघर्षको निप्टाराको उपायबारे भनेका थिए- सापस्निकोभ र मिदभिजेवलाई समर्थन गर्नेलाई केन्द्रीय कमिटीमा ल्याउन सकिँदैन र रुथ फिस्चर, अर्बन्सहरूको संघर्ष, र कोमिन्टर्न तथा पार्टीविरुद्ध लाग्नेलाई केन्द्रीय कमिटीमा राख्न सकिँदैन (जेभी स्टालिन, मिजर्स फर मिटिगेटिङ द इनर पार्टी स्ट्रगल, १९२६)। त्यस्तै, केन्द्रीय कमिटीमा रहन मन हुने विपक्षी नेताहरूले तिनको गुटको विघटन, आत्मालोचना र पार्टीभित्र वा बाहिरका अवसरवादीसँगको सम्बन्धविच्छेदसहित निम्न शर्त पालना गर्नुपर्छ- तिनीहरूले पार्टीको निर्णयलाई पालना गर्नुपर्छ, आफ्ना गुटगत गतिविधिले पार्टीलाई नोक्सान पुगेको स्विकार्नुपर्छ र ओसिस्की, मिदभिजेबजस्ता नेता र रुथ फिस्चर, अर्बन्सजस्ता पार्टीविरोधमा संघर्ष गर्ने नेतासँग सम्बन्धविच्छेद हुनुपर्छ।

एमाले अध्यक्ष ओलीले पनि पार्टीभित्रको अन्तरविरोध निरूपणका सन्दर्भमा स्टालिनकै शैली अपनाएका छन्। उनले पूर्वराष्ट्रपति भण्डारीको नवीकरण भइसकेको सदस्यता केन्द्रीय कमिटीको बहुमतका नाममा खारेज गरेका छन् भने पूर्वराष्ट्रपति सक्रिय राजनीतिमा आउन नमिल्ने निर्णय गराएका छन्। त्यसैगरी, पार्टीको यो निर्णय तलसम्म प्रचार गर्न, भण्डारीसम्बन्धी बहस बन्द गर्न र भण्डारीको पक्षमा लाग्ने नेता कार्यकर्तालाई पहिले सम्झाइबुझाइ गर्न र नभए कारबाही गर्नसमेत पार्टीपंक्तिलाई निर्देशन दिएका छन्।

एमालेभित्र विचारशून्यता, ओलीको एकाधिकारवादी प्रवृत्ति र भण्डारीको नेतृत्वमा चलिरहेको संघर्षले पार्टीको कार्यक्षमतालाई अझै कमजोर तुल्याउने देखिन्छ। जसले पार्टीलाई नीतिगत पक्षाघाततर्फ उन्मुख गराउने र पार्टीपंक्तिभित्र निराशा वृद्धि गर्नेछ। यसै त नागरिकको विश्वास गुमाउँदै गएको पार्टीले ओलीको निरंकुशतामा आधारित गुटगत निर्णयबाट हुने उम्मेदवारी चयन र निर्वाचनका बखत हुने घात-अन्तर्घातको परिणाम अझै बढी भोग्नुपर्नेछ। ओलीको निरंकुश कार्यशैलीविरुद्ध भण्डारीको नेतृत्वमा चलिरहेको अन्तरविरोध र अन्तरसंघर्ष उत्कर्षमा पुगेमा पार्टीभित्र ओलीको अधिनायकवादको उदय हुने, पार्टी विभाजनतर्फ उन्मुख हुने वा भण्डारीको पक्षमा लाग्ने नेताहरूले भीम रावल र घनश्याम भुसालको नियति भोग्नुपर्ने सम्भावना रहन्छ। सत्तामा रहेको पार्टी भएकाले ओली अधिनायकवादको पुनरोदयले पार्टीभित्र मात्र नभई शासकीय क्षेत्रमा समेत असर गर्छ। फेरि पनि मुलुकले संसद् विघटन र संविधानवादमाथिको प्रहार व्यहोर्नुपर्ने हुन सक्छ। अस्थिर राजनीतिका कारण सरकार कमजोर हुने र सरकारी कामकाज थप अप्रभावकारी हुने सम्भावना रहन्छ। जनमुखी शासन शैली आकाशको फलजस्तै हुन सक्छ। मुलुकले कमजोर सुशासन र बढ्दो भ्रष्टाचार, नीति-निर्माण र कार्यान्वयनमा विभिन्न स्वार्थ समूह र बिचौलियाको जगजगी, गरिब निमुखा नागरिकको उपेक्षा, दलाल पुँजीपतिको हितरक्षा, बढ्दो अराजकताजस्ता परिणति भोग्नुपर्नेछ। यसरी, ओलीको अधिनायकवादसँगै मुलुक राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपमै अस्थिरतातर्फ उन्मुख हुन सक्छ।

---

३ प्रश्न

स्वास्थ्य मन्त्रालयका प्रवक्ता **डा. प्रकाश बुढाथोकी**लाई



■ वीरगन्जमा फैलिएको हैजा नियन्त्रणका लागि के-कस्ता प्रयास हुँदै छन् ?

शनिवार बिहान फाट्टफुट्ट देखिएको हैजा संक्रमितको संख्या दिउँसो ह्वात्तै बढेर स्थानीय अस्पतालको क्षमताले धान्न नसक्ने अवस्थामा पुगेपछि बिदाको दिन भए पनि हामी तत्काल त्यसको परीक्षण, उपचार र रोकथाममा जुट्यौँ। वीरगन्ज महानगरका मेयरसाब आफैँ खट्नुभएको छ। हामीले एकै परिवार वा एउटै टोलबाट आएको उस्तैउस्तै लक्षण देखिएका प्रभावितमध्ये एकजनाको परीक्षण गरी हैजा पुष्टि भएपछि सबैलाई एउटै उपचार सुरु गरेका छौँ। कल्चर गर्न अन्य विभिन्न ल्याबमा स्याम्पल पठाएका छौँ। खानेपानीको स्याम्पल पनि परीक्षण भइरहेको छ। प्राथमिक रूपमा हेर्दा यो समस्या खानेपानीबाटै फैलिएको देखिन्छ। यहाँका तीन-चार वडामा धारो, ट्युबवेल, ट्यांकरजस्ता स्रोतबाट पानी वितरण भइरहेको छ। स्थानीय तहदेखि मेडिकल कलेजका विद्यार्थी र रेजिडेन्सलाई समेत प्रयोग गरेर टोलटोलमा सचेतना फैलाउने काम सुरु गरिएको छ। शनिबारको तुलनामा आइतबार केही सुधार देखिएको छ।

■ यस्ता महामारी नियन्त्रणका लागि हाम्रो पूर्वतयारी कस्तो छ ?

हामी तयारी अवस्थामै थियौँ र त यस्तो समस्या आउँदा समयमै सम्पूर्ण स्रोत, साधन र जनशक्ति परिचालन गरी यसको नियन्त्रणमा भूमिका खेल्न सफल भयौँ। हामीले स्थानीय महानगरलाई 'लिड' गर्न दिएका छौँ। उसले २५ टोली बनाएर काम गरिरहेको छ। हामीले केन्द्र र प्रदेशबाट 'ब्याकअप' दिएका छौँ। जनशक्ति, एम्बुलेन्स, औषधिलगायत 'ब्याकअप' राखेका छौँ।

■ अन्यत्र हैजा नफैलियोस् भनेर सर्वसाधारणले के-कस्ता सतर्कता अपनाउनुपर्ला ?

सर्वसाधारण सचेत भइदिने हो भने हैजा शतप्रतिशत रोक्न सकिने रोग हो। कम्तीमा पाँच मिनेट पानी उमालेर पिउने, क्लोरिन ट्याब्लेट हालेर शुद्धीकरण गरेर मात्र प्रयोग गर्ने, चामल तथा तरकारी पखाल्नसमेत शुद्धीकरण गरिएको पानी प्रयोग गर्ने बानी गर्नुपर्छ। साबुनपानीले हात धुने, संक्रमण देखिए झोलिलो पदार्थ सेवन गर्ने, जीवनजल पिउने र बान्ता भएमा तत्काल नजिकको स्वास्थ्य संस्थामा जाने हो भने हैजाबाट जोगिन सकिन्छ।

प्रेरक प्रसंग

दृष्टिकोणमा अन्तर

कुनै एक गाउँमा दुई साधु एउटै कुटीमा बस्थे। दुवै बिहान-बेलुका गाउँकै दुई अलग-अलग मन्दिरमा पूजाआजा गर्थे। केही समय भिक्षाटन गर्थे। दिनमा मन्दिरपरिसरमा आइपुग्ने भक्तजनसँग कुराकानी गर्थे। साँझमा कुटीमा फर्किन्थे। रुखासुखा खान्थे। यसैगरी, उनीहरूको दैनिकी चलिरहेको थियो।

एक दिन उनीहरू मन्दिरमै भएको समयमा जोडले हावाहुरी चल्यो। केही समयपछि मुसलधारे पानी पनि पर्‍यो। पानी रोकिएपछि उनीहरू कुटीतिर फर्किए। दिउँसोको हावाहुरी र मुसलधारे पानीका कारण उनीहरूको कुटीको आधा छानो उडाएको थियो। यो देख्दा कुटीमा पुग्ने पहिलो साधु भगवान्‌सित निकै रिसाए र भने- भगवान्! तँ जहिल्यै मेरो साथमा गलत गर्छस्। म हरेक साँझबिहान तेरो पूजा अर्चना गर्छु। तेरै नाम जपिरहन्छु। तैपनि, तैँले मेरो कुटीको छानो उडाएर मलाई उठिबास लगाइस्। गाउँमा कैयौँ चोर, डाँका, लुटेरा पनि छन्। तर, तिनको घरमा भने तैँले कुनै विनाश गरेको छैनस्। के तँलाई प्रेम, श्रद्धा र आदर गरेको फल यही हो ?



केहीबेरमा दोस्रो साधु पनि कुटीमा आइपुगे। उनले पनि आधा मात्र बाँकी रहेको कुटीको छानो देखे। त्यो देखेर उनी दंग परे। खुसीले नाच्न थाले। नाच्दानाच्दै उनले भगवान्‌लाई धन्यवाद दिए। उनले भने- भगवान्! तपाईं कति दयालु हुनुहुन्छ ? तपाईं हामीलाई कति प्रेम गर्नुहुन्छ भन्ने आज पुष्टि भयो। त्यही प्रेमले गर्दा तपाईंले हाम्रो कुटीको आधा छानो जोगाइदिनुभयो। सायद तपाईं हाम्रो पूजाबाट खुसी हुनुभएको थियो। त्यसैले त आज हाम्रो कुटीको छानो आधा भए पनि जोगाएर हामीलाई रात काट्ने सुरक्षित ठाउँ दिनुभयो। आज मलाई तपाईंमाथि थप श्रद्धा र विश्वास बढ्यो। तपाईंको जय होस् भगवान्! सायद 'फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार' भनेको यही त होला नि, होइन र ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

इम्बोस्ड प्लेट नेपालीमै चाहियो



सरकारले नेपाली भाषा हुँदै नभएजस्तो गरी अंग्रेजी भाषामा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्न लागेको सुनियो। पहिले डेढ दुई वर्षअघि पास भएको र नवीकरण गर्न पैसा बुझाएको लाइसेन्स प्रिन्ट गरेर देऊ सरकार अनि मात्र इम्बोस्ड नम्बर प्लेटको कुरा गर। लाइसेन्स प्रिन्ट गर्न नसक्ने नालायक सरकारले इम्बोस्ड नम्बर प्लेट समयमै देला भनेर हामीलाई रत्तिभर विश्वास छैन।

● **भूमिका चाम्लिङ**, कपुरधारा, काठमाडौं

आन्दोलनमा सहमति छ र सहभागिता पनि रहनेछ। भाषाद्रोही र देशद्रोहीसँग किन डराउने ?

● **थापा लक्ष्मण**

धेरै राम्रो, भ्रष्टहरूविरुद्ध सबै उठौँ। यातायात मजदुरहरूको संगठन पनि सबै आन्दोलनमा सहभागी हुनुपर्छ।

● **फुर्साङ तामाङ**

लौ न, आन्दोलनको मिति, समय र स्थानबारे समयमै जानकारी पाउन पाए म पनि बिहानैदेखि जान्छु विरोध सभामा। यो त अति भयो। जनतालाई निराशाबाहेक केही नदिने ? चौरासीमा पनि आफ्नै सरकार बन्छ भन्नेकै सरकार छ अहिले पनि। नगर्नुपर्ने काम छिटो गर्ने र रुवाउनसम्म रुवाउने जनतालाई! अनि फेरि चौरासीदेखि पनि रुन तयार भइदिनुपर्ने हामीले ? खोइ स्मार्ट कार्ड, खोइ पश्चिममा तुइनको विस्थापन ? रेलबाट आम्दानी कति भो ? अनि भोट के भनेर मागिदिनु कार्यकर्ताले ? खेदाउँदैनन् गाउँलेले ?

● **पवन खनाल**

यदि नेपाल सरकारले इम्बोस्ड नम्बर प्लेट लागू गर्ने नै हो भने अन्तर्राष्ट्रिय कानुनबमोजिम माथि आफ्नो देशको राष्ट्रिय भाषा (देवनागरी लिपि)मा र तल अंग्रेजी भाषामा लेख्न जरुरी छ। तर, यहाँ त देवनागरी लिपिमा नलेखी अंग्रेजी भाषामा मात्र लेख्दा नेपाली भाषा चरम संकटमा परेको छ। यो भाषा जोखिममा परेको छ। यसको दुरुपयोग भएको छ र यो विभेदमा पनि परेको छ भन्ने बुझ्न सजिलै सकिन्छ। यसरी नेपाली भाषा र लिपिलाई जरैदेखि मास्न एउटा गिरोह नै लागिपरेको देखिन्छ। केही सीमित बिचौलिया र गिरोहको प्रलोभनमा परेका सरकारी उच्च ओहोदामा बसेकाहरू आफूलाई केही कमिसन आउने प्रलोभनमै यस्तो राज्य र नागरिकमाथि चरम आर्थिक शोषण गर्न लागिपरेका देख्दा दिक्क लागेर आउँछ। इम्बोस्ड नम्बर प्लेट २०-२५ वर्षपछि लागू गर्दा पनि केही फरक पर्दैन, तर त्यही पुँजी स्वास्थ्य, शिक्षा र कृषिमा लगानी गर्दा राज्यलाई अर्थतन्त्रमा ठुलो आर्थिक रूपान्तरण हुने आशा जाग्छ। त्यसैले इम्बोस्ड नम्बर प्लेटको प्रयोग घोर आपत्तिजनक र खेदजनक छ। सबैले यसको खुलेर विरोध गरौँ।

● **अर्जुन माझकोटी**

आमजनतालाई भाषा र लिपिमै अल्झाइदिएर अर्बौंको भ्रष्टाचार भएको छ। कसले कुरा उठाउने, आन्दोलन गर्ने यहाँ ?

● **कृष्ण लोहनी**

नवीकरण भएको स्मार्ट लाइसेन्स तीन महिनाभित्र दिने निर्णय होस् न सरकार। दुई-तीन वर्ष लाग्दा पनि नदिने, कस्तो लाज नभएको हो ? चन्द्रमाबाटै छपाएर ल्याउने हो कि क्या हो ?

● **राजन श्रेष्ठ**

नेपालको आफ्नै लिपि हुँदाहुँदै नम्बर प्लेटमा पूर्ण अंग्रेजी लिपि उल्लेख गरिनु यो देश अंग्रेजको गुलाम नभएकाले अब त्यसको अभ्यास हुँदै छ। धन्यवाद सरकार!

● **सुशील कठरिया**

(नयाँ पत्रिका फेसबुकबाट)

एयर इन्डियाले तत्काल सम्बोधन गर्नैपर्ने विषय

डिजिसिएले औँल्याएका समस्यालाई समाधान गर्नुको सट्टा कार्पेटमुनि लुकाउने प्रवृत्ति अन्त्य नगरी एयर इन्डियाप्रतिको विश्वास पुनर्जागृत हुनेछैन



देश/विदेश

● अञ्जुली भार्गव

निश्चय पनि यस वर्षको जुन महिना एयर इन्डियाका लागि कठिन महिना थियो। टाटा समूहले अधिग्रहण गरेपछि एयरलाइन्सले आफ्नो सार्वजनिक धारणा बनाइरहेका वेला अहमदाबादमा भएको भयानक विमान दुर्घटनाले यसको सार्वजनिक छविमा ठुलो धक्का पुर्‍यायो।

एआई १७१ अहमदाबाद दुर्घटनापछि एयरलाइन्सबारे निरन्तर मिडियाको निगरानीसँगै त्रुटि र अन्य विषयले पनि धेरैको ध्यान खिचेको छ। जुन १२ मा २६० जनाको मृत्यु भएको दुर्घटनाको केही सातापछि जुलाईमा एयर इन्डियाका उडानसँग सम्बन्धित दुई घटनाले उडान गर्ने सर्वसाधारणमा थप चिन्ता निम्त्यायो, यद्यपि ती घटनामा कोही हताहत भएनन्। एउटा घटनामा मुम्बईमा अवतरण गर्दा भारी वर्षाका कारण विमान धावनमार्गबाट चिप्लियो र जाँचका लागि 'ग्राउन्डेड' गरियो। र, अर्को घटनामा अवतरणपछि विमानको पछाडिको भागमा आगो लाग्यो, फलस्वरूप एयरलाइन्सको अर्को विमान ग्राउन्डेड गरियो।

यसपछि नागरिक उड्डयन महानिर्देशनालय (डिजिसिए)ले कारण देखाइयोस् सूचनाहरूको शृंखला जारी गर्‍यो, जसले एयरलाइन्समा विशेषगरी एयर इन्डियामाथिको छानबिनलाई तीव्र बनायो। कारण देखाइयोस् भन्ने सूचनाले एक वर्षको अवधिमा (जुन २०२४ देखि जुन २०२५) २९ उल्लंघन/त्रुटिलाई प्रकाश पारे। डिजिसिएले यो पनि औँल्यायो कि विगतमा पनि बारम्बार चेतावनी जारी गरिएको थियो र त्यस्ता उल्लंघनको पुनरावृत्तिले प्रभावकारी नियन्त्रण संयन्त्र स्थापना गर्न असफलतालाई संकेत गर्छ।

उडान सञ्चालन निर्देशकलाई जारी गरिएको अर्को सूचनामा तीन विशिष्ट चालक दलका सदस्यको हकमा साप्ताहिक आराम उल्लंघन उल्लेख गरिएको थियो। गत वर्ष जुन २४ मा दुईवटा र यस वर्ष जुन १३ मा एउटा उल्लंघन भएको थियो। 'यी उल्लंघनले उडान सञ्चालन कार्यभित्र चालक दलको तालिका, सञ्चालन योजना र नियामक निरीक्षणमा गम्भीर कमजोरी प्रतिबिम्बित गर्छ,' डिजिसिएको सूचनामा औँल्याइएको छ। उडान सञ्चालनको मामिलामा नियामक आवश्यकता उल्लंघनका लागि एयर इन्डियाको केबिन सुरक्षा प्रशिक्षण प्रबन्धकलाई थप सूचना जारी गरिएको थियो- चालक दलले धेरैपटक फर्जी योग्यता कार्डका साथ उडान सञ्चालन गर्‍यो।

त्यसपछि १९ जना चालक दलका सदस्यले गरेको उल्लंघनका सम्बन्धमा एयर इन्डियाका निर्देशकलाई कारण देखाऊ सूचना जारी गरिएको थियो। यी सूचनाले प्रशिक्षण मापदण्ड र प्रोटोकलमा पाइएका त्रुटिलाई प्रकाश पारे। जुलाईको अन्त्यसम्ममा एयरलाइन्समा स्तर १ (अधिक गम्भीर) र स्तर २ निष्कर्षमा डिजिसिएको अडिटले गत वर्ष टाटा समूहका एयरलाइन्ससँग कुल १९ वटा स्तर २ (अधिक गम्भीर) नतिजा फेला पारेको थियो, जुन भारतीय वाहकमध्ये स्तर १ नतिजाबारे लेखापरीक्षण गरिएको एक मात्र विमान कम्पनी थियो। डिजिसिएले लेखापरीक्षण निष्कर्षलाई दुई स्तरमा वर्गीकृत गर्छः स्तर १ मा अनुचित विमान मर्मतसम्भार, म्याद सकिएका भागको कागजात वा चालक दल प्रशिक्षणमा गम्भीर कमजोरीसहित प्रत्यक्ष सुरक्षा जोखिम समावेश छन्, जबकि स्तर २ ले सामान्यतया प्रक्रियागत उल्लंघन वा प्रशासनिक निरीक्षणलाई जनाउँछ।

यतिखेर यात्रुहरूले एयर इन्डियाले कहिले आफ्नो काम सुरु गर्छ भन्ने प्रश्न गर्न थालेका छन्। केवल सेवाको हिसाबले मात्र होइन, तर एयरलाइन्सको सुरक्षा रेकर्डका हिसाबले पनि यस्तो प्रश्न उठ्न थालेको छ। जुनको अन्त्यतिर, टाटा अध्यक्षले एयरलाइन्सको सञ्चालनमा थप संलग्न हुने निर्णय गरे।



तस्बिर : रोयटर्स

सायद बाहिरी व्यक्ति र केही कम्पनीभित्रका व्यक्तिले पहिचान गरेको सबैभन्दा ठुलो समस्या भनेको शीर्ष व्यवस्थापन सदस्यको असहज समस्यालाई समाधान गर्नुको सट्टा कार्पेटमुनि लुकाउने प्रवृत्ति हो। यो कुरा एयरलाइन्सको 'ह्विसलब्लोअर्स'को 'ह्यान्डलिङ' र एयरलाइन्सको सञ्चालन, इन्जिनियरिङ, तालिम र समग्र व्यवस्थापनमा विसंगति देखिएको छ, जुन कुरा प्रायः डिजिसिए र अन्य पर्यवेक्षकले औँल्याएका छन्। 'विगत तीन वर्षमा कसैमा केही कमजोरी देखेको पाइएमा उनीहरूलाई पदमुक्त गरिन्छ, तर वास्तविक समस्यालाई सम्बोधन नगरी छोडिन्छ,' डिजिसिएका एक पूर्ववरिष्ठ सदस्य तर्क गर्छन्। उनी भन्छन् कि एयरलाइन्सले प्रतिक्रियाशील कदम चालेको छ र यस पक्षमा कहिल्यै सक्रिय छैन।

एयरलाइन्सका एक आन्तरिक स्रोतले दुर्घटनापछि यस विषयमा अनुसन्धान भइरहेको बतायो। 'समस्या आइपर्दा अरू कसैलाई यसको जिम्मेवारी दिनुको सट्टा निर्णय लिनेहरू नै प्रत्यक्ष रूपमा जवाफदेही हुनेछन्,' उनले भने। उनका अनुसार एयरलाइन्सभित्र यो कुराको महसुस भएको छ कि विगत तीन वर्षदेखि जारी गरिएका चेतावनीलाई टाटाका उच्च अधिकारीदेखि नै निरन्तर बेवास्ता गरिएको छ। यदि यस्ता चेतावनीलाई गम्भीरतापूर्वक लिइएको भए यो दुर्घटना रोक्न सकिन्थ्यो कि भन्ने कुरा अझै पनि विवादास्पद र छलफलकै विषय बनेको छ।

बिक्रीपछि गम्भीर धक्का लागेको अर्को क्षेत्र इन्जिनियरिङ डिभिजन हो, जुन सरकारी स्वामित्वको एआइइएसएल (एयर इन्डिया इन्जिनियरिङ सर्भिसेज लिमिटेड)बाट विभाजनपछि अझै आफ्नो खुट्टामा उभिन सकेको छैन। स्रोतहरू भन्छन् कि हालको एयर इन्डिया इन्जिनियरिङ सेटअपमा क्षमता, पूर्वाधार र आवश्यक सीप सेटको अभाव छ। 'बिक्री हुनासाथ नयाँ इन्जिनियरिङ पूर्वाधार र योग्य इन्जिनियर राख्नु आवश्यक थियो। तर, यो भएन,' एक एयरलाइन स्रोतले भन्यो, 'अहिले यो महसुस भइरहेको भए पनि एयरलाइनको इन्जिनियरिङ क्षमता बढाउन समय र स्रोत दुवै आवश्यक पर्नेछ। क्षणभरमा यो सुधार गर्न सकिँदैन।'

(पत्रकार भार्गव शासन, पूर्वाधार र सामाजिक क्षेत्रबारे लेख्छिन्)

हिन्दुस्तान टाइम्सबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

गाजामा पश्चिमाको 'पाखण्ड शैली'

बेलायत, फ्रान्स, इटली, स्पेन, नेदरल्यान्ड्स, अस्ट्रेलिया र क्यानडाले इजरायललाई प्रत्यक्ष र सैन्य गुप्तचरमार्फत महत्त्वपूर्ण सैन्य सहयोग प्रदान गरेका छन्

पछिल्ला केही महिनामा लाखौं अरूजस्तै म पनि प्यालेस्टाइनमा इजरायलको नरसंहार अभियानविरुद्ध संघर्ष गरिरहेको छु। सबैभन्दा पछिल्लो घटनामा इजरायलले गाजाको अल सिफा अस्पतालबाहिर पत्रकारको पालमा बसेका बेला अलजजिराका पत्रकार अनस अल सरिफको हत्या गरे। इजरायलले अनसलाई लक्षित नगरेकोसमेत भन्न सकेन। वास्तवमा इजरायली रक्षाबलले कुनै पनि विश्वसनीय प्रमाण प्रस्तुत नगरी अनसलाई 'हमास सेलको प्रमुख' भनेर सम्बोधन गऱ्यो र उनको हत्यामा खुसियाली मनायो।

उक्त आक्रमणमा अनससँगै अलजजिराका अन्य तीन पत्रकार पनि मारिए। इजरायलले उनीहरूको हत्याको औचित्य पुष्टि गर्न सकेको छैन। त्यो दण्डहीनताको पराकाष्ठ हो, जसलाई तीव्र पार्न विश्वले अनुमति दिएको छ। सन् २०२३ को अक्टोबर ७ देखि इजरायलले २४० भन्दा बढी पत्रकारको हत्या गरिसकेको छ। तर, यसबारे विश्वनेताले धेरै कम बोलेका छन्। आक्रमणबारे खासै निन्दा भएको छैन।

१० वर्षपहिले अल्जेरियन मुस्लिम अतिवादीले फ्रान्सको चार्ली हेब्दो पत्रिकाका पत्रकारलाई निसाना बनाएको घटनालाई स्मरण गर्नुहोस्। पत्रिकाले मुस्लिम धर्मगुरु पैगम्बर मोहम्मदको खिल्ली उडाउने कार्टुन प्रकाशित गरेको थियो। अतिवादीले कार्यालयमा गोलीबारी गर्दा १२ जनाको मृत्यु भएको थियो। उक्त आक्रमणको विश्व नेताले तुरुन्तै निन्दा गरे। पेरिसमा अहिलेसम्मकै सबैभन्दा ठुलो सडक आन्दोलन देखियो, जहाँ अनुमानित २० लाख मानिसले हत्याको विरोध गरे।

पेरिस 'युनिटी मार्च'को नेतृत्वमा दर्जनौं राष्ट्र तथा सरकार प्रमुखहरू- फ्रान्कोइस होलान्डे, एन्जेला मर्केल, डेभिड क्यामरुन, माटेओ रेन्जी र बेन्जामिन नेतन्याहुलगायत व्यक्ति उपस्थित भए। उनीहरूले हातमा हात मिलाएर हिँडे र पत्रकारमाथि हुने कुनै पनि आक्रमणविरुद्ध एकताबद्ध जाहेर गर्दै 'जे सुइस चार्ली (म चार्ली हुँ)' घोषणा गरे। गाजामा छिटो अगाडि बढ्नुहोस्। इजरायलद्वारा पत्रकारको लक्षित हत्यामा रहस्यमय मौनता छ। त्यहाँ भएका आक्रमणविरुद्ध कुनै पनि विश्व नेताहरूले हातमा हात मिलाएर हिँडेका छैनन्। कुनै भाइरल ह्यासट्याग छैनन्। 'प्रेस स्वतन्त्रता'को लागि मार्च गर्ने नेतन्याहु नै पत्रकारको हत्याको आदेश दिने कमान्डर-इन-चिफ हुन्।

विगत दुई वर्षमा पश्चिमको पाखण्डलाई बेवास्ता गर्न गाह्रो छैन। दुई ठुला युद्ध- युक्रेन र गाजा समाचारको प्रमुख शीर्षक बनेका छन्। दुवै देशमा नागरिकमाथि बम विस्फोट गराइएका छन्, पत्रकार मारिएका छन् र अन्तर्राष्ट्रिय कानुन बारम्बार उल्लंघन गरिएको छ। तैपनि, पश्चिमले विपरीत अडान लिएको छ।

भारत इजरायलको एक मात्र प्रमुख गैरपश्चिमा सहयोगीको रूपमा उभिएको छ। वास्तवमा जब युक्रेन र गाजा दुवैको कुरा आउँछ, भारत प्रत्येक अवस्थामा आक्रमणकारीसँग बढी नजिकबाट पंक्तिबद्ध एक मात्र देश हुन सक्छ। पश्चिमाको सन्दर्भमा उनीहरू प्यालेस्टिनीसँग ऐक्यबद्धता छैनन्। तर, पश्चिम कसरी प्यालेस्टिनीसँग ऐक्यबद्धतामा उभिन सक्छ ? यो तटस्थ दर्शक होइन। यो यस नरसंहार अभियानमा सक्रिय समर्थक र युद्धकारी हो।



● कविर अग्रवाल

पत्रकार अग्रवालले राजनीतिक अर्थशास्त्र, जलवायु परिवर्तन र खाद्य सुरक्षाजस्ता विषयमा कलम चलाउँछन्।

इजरायललाई हतियार प्रदान गर्दै संयुक्त राज्य अमेरिकाले १९ महिनामा इजरायललाई कम्तीमा ३० अर्ब डलरको हतियार बिक्रीलाई अनुमोदन गरेको छ। यसमा लेजर निर्देशित मिसाइल, एफ-१५ जेट, दुई हजार पाउन्ड बमलगायत समावेश छन्। यसको धेरैजसो भाग डोनाल्ड ट्रम्पले होइन, बरु जो बाइडेनले अनुमोदन गरेका थिए।

अमेरिका निर्मित बम नागरिकलाई लक्षित गर्न प्रयोग गरिएका त्यहाँ यथेष्ट प्रमाण छन्। न्युयोर्क टाइम्सको समाचारले प्रमाण देखाउँछ कि अमेरिका निर्मित जिबियू-३९ बमहरू रफाहमा विस्थापित मानिसको शिविरमा बस्ने कम्तीमा ५० प्यालेस्टिनीलाई मार्न प्रयोग गरिएको थियो। बाइडेनले इजरायललाई अमेरिकी मानव अधिकार कानुनबाट जोगाउन र इजरायललाई निरन्तर हतियार पठाउन विशेष कानुनी संयन्त्र पनि प्रयोग गरे। जर्मनी इजरायलमा हतियारको दोस्रो ठुलो आपूर्तिकर्ता भएको छ। यस वर्षको अक्टोबर र मेको बिचमा उसले ५६४ मिलियन डलरको निर्यात इजाजतपत्र प्रदान गरेको छ।

संयुक्त अधिराज्य, फ्रान्स, इटली, स्पेन, नेदरल्यान्ड्स, अस्ट्रेलिया र क्यानडाले इजरायललाई प्रत्यक्ष बिक्री र सैन्य गुप्तचरमार्फत महत्त्वपूर्ण सैन्य सहयोग प्रदान गरेका छन्। उल्लेखनीय कुरा के छ भने इजरायलको हतियार आपूर्तिकर्तामध्ये भारत एक मात्र प्रमुख गैरपश्चिमा देश हो। यसले रकेट इन्जिन, विस्फोटक पदार्थ र ड्रोन कम्पोनेन्ट निर्यात गरेको छ। केही अधिकारीले भनेझैं सन् १९९९ मा पाकिस्तानसँगको कारगिल युद्धमा इजरायलले आपूर्ति गरेका हतियारका लागि 'अनुग्रह फिर्ता गर्दै' उसले यस्तो सहयोग गरेको हो।

भारत आफ्नो वर्तमान दक्षिणपन्थी शासनकालमा प्यालेस्टाइनमा आफ्नो ऐतिहासिक अडानबाट अलग्गिएको छ। युद्धविराम र मानवीय युद्धविरामका लागि आह्वान गर्ने संयुक्त राष्ट्र महासभाको मतदानबाट बारम्बार अलग्गिएको छ।

एकपटक प्यालेस्टिनी राज्यलाई मान्यता दिने पहिलो गैरअरब देश भारत अब इजरायलको मुख्य गैरपश्चिमा सहयोगी बनेको छ। यो परिवर्तन हिन्दू राष्ट्रवाद र यहुदीवादबिचको वैचारिक आत्मीयताको कारणले हो। तर, यो अर्कोपटकका लागि कथा हो।

अमेरिका इजरायलका लागि अहिलेसम्मको सबैभन्दा ठुलो कूटनीतिक

> विगत दुई वर्षमा पश्चिमाको पाखण्डलाई बेवास्ता गर्न गाह्रो छैन। दुई ठुला युद्ध- युक्रेन र गाजा समाचारको प्रमुख शीर्षक बनेका छन्। दुवै देशमा नागरिकमाथि बम विस्फोट गराइएका छन्, पत्रकार मारिएका छन् र अन्तर्राष्ट्रिय कानुन बारम्बार उल्लंघन गरिएको छ।

'फलामे ढाल' बनेको छ। यसले मानवीय युद्धविरामको माग गर्ने पाँचवटा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को मस्यौदा प्रस्तावलाई भिटो प्रयोग गरेको छ। युरोपले आफ्नै ब्रान्डको आवरण प्रदान गरेको छ। युद्धविरामका लागि साझा माग जारी गर्ने ब्रसेल्सको कुनै पनि प्रयासलाई जर्मनी, अस्ट्रिया र चेक गणतन्त्रले अवरोध पुऱ्याएको छ।


त्यसपछि अन्तर्राष्ट्रिय कानुनको पालना गर्न अस्वीकार गर्ने र युद्ध अपराधका लागि खोजीमा रहेका नेतन्याहुलाई पक्राउ गर्ने मुद्दा छ। नोभेम्बर २१, २०२४ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतले मानवताविरुद्धको अपराध र युद्ध अपराधका लागि नेतन्याहु र रक्षामन्त्री योभ ग्यालान्टलाई पक्राउ वारेन्ट जारी गऱ्यो। सहयोगको वाचा गर्नुको सट्टा वासिंटनले बदला लियो, अदालतको इजरायलमाथि 'कुनै क्षेत्राधिकार' नभएको तर्क गर्दै फेब्रुअरी २०२५ मा ह्वाइट हाउसले चार आइसिसी न्यायाधीश र वरिष्ठ कर्मचारीमाथि आर्थिक प्रतिबन्ध र भिसा प्रतिबन्ध लगायो।

फ्रान्सले घोषणा गऱ्यो कि इजरायल आइसिसी सदस्य नभएका कारण नेतन्याहुमा 'उन्मुक्ति लागू हुन्छ।' जर्मन चान्सलर फ्रेडरिक मर्जले योभन्दा अघ अगाडि बढ्दै भने कि उनी नेतन्याहुलाई जर्मनी भ्रमणका लागि रातो कार्पेट बिछ्याउने तयारीमा थिए। उनको यो भनाइसँगै बर्लिनले पनि वारेन्ट लागू नगर्ने प्रभावकारी रूपमा संकेत गऱ्यो। जब हंगेरीले २०२५ बुडापेस्ट प्राइड मार्चमा प्रतिबन्ध लगायो, जर्मन अधिकारीले यो कदमको निन्दा गरे। जर्मन नागरिकले विरोध प्रदर्शन आयोजना गरे र केहीले प्रतिबन्धलाई अवज्ञा गर्न बुडापेस्टको यात्रा पनि गरे। तैपनि, जब युद्ध अपराधका लागि खोजिएको सहयोगीलाई सुरक्षित मार्ग प्रदान गर्ने कुरा आउँछ, जर्मनी र हंगेरी एउटै पक्षमा दृढतापूर्वक उभिन्छन्।

जर्मनीले पनि आफ्नो सडकमा प्यालेस्टिनी ऐक्यबद्धतालाई दबाउन आक्रामक रूपमा कदम चालेको छ। अधिकारीले धेरै प्यालेस्टिनी समर्थक संगठनलाई प्रतिबन्ध लगाएका छन् र प्रदर्शनमा अस्थायी प्रतिबन्ध लगाएका छन्। बर्लिनको 'फ्री' विश्वविद्यालयमा धर्ना विरोधमा भाग लिएकोमा चार कार्यकर्तालाई देश निकाला गरिएको छ।

- द वायरबाट

इतिहासमा आज



सन् १९९० : संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्द्वारा इराकविरुद्ध सैन्य कारबाहीका लागि स्वीकृति।

सन् १६०९ : ग्यालिलियोले आफ्नो पहिलो टेलिस्कोप प्रदर्शन गरे।

सन् १७१८ : सर्यौं फ्रान्सेली उपनिवेशवादीहरू अमेरिकाको लुजियानामा पुगेर न्यु अर्लेन्सको स्थापना गरे।

सन् १७६८ : क्याप्टेन जेम्स कुकद्वारा इंग्ल्यान्डको प्लेमाउथबाट प्रशान्त महासागर पार गर्ने यात्रा सुरु।

सन् १८९४ : जापानी वैज्ञानिक सिवासाबुरो कितासातोले संक्रामक विषाणु (ब्ल्याक डेथको जीवाणु) पत्ता लगाए। उनको आविष्कार जीवाणु अध्ययनमा कोसेढुंगा साबित भयो।

विश्व संक्षेप


बंगलादेशमा डेढ वर्षपछि मात्र निर्वाचन हुने

ढाका/ बंगलादेशमा आगामी वर्षको फेब्रुअरीमा आमनिर्वाचन हुने भएको छ। बंगलादेशको निर्वाचन आयोगका प्रमुखले आमचुनाव २०२७ को फेब्रुअरीको पहिलो हप्तामा हुने, तर यसलाई स्वतन्त्र र निष्पक्ष रूपमा सुनिश्चित गर्नु प्रमुख चुनौती रहेको बताए। प्रमुख निर्वाचन आयुक्त (सिइसी) एएमएम नासिर उद्दिनले निर्वाचन तालिका घोषणा हुनुभन्दा दुई महिनाअघि नै उचित मिति सार्वजनिक गरिने बताए। 'जनताले निर्वाचन प्रणाली, निर्वाचन आयोग र निर्वाचन प्रक्रियामा संलग्न प्रशासनिक संयन्त्रमाथि विश्वास गुमाएका छन्,' राज्य सञ्चालित बंगलादेश संवाद संस्था (बिएसएस)ले उत्तर-पश्चिमी रंगपुर जिल्लामा आयोजित एक कार्यक्रममा उद्दिनलाई उद्धृत गर्दै भनेको छ। आयोगले 'यो हराएको विश्वास पुनर्स्थापित गर्न अथक प्रयास गरिरहेको,' उद्दिनले बताए।

अन्तरिम सरकारका प्रमुख सल्लाहकार मुहम्मद युनुसले अर्को वर्ष फेब्रुअरीमा चुनाव हुने घोषणा गरेको चार दिनपछि आयोगका प्रमुखको टिप्पणी आएको हो। युनुसले अगस्ट ५ मा प्रधानमन्त्री शेख हसिनाको अवामी लिग शासनको अपदस्थको पहिलो वार्षिकोत्सवको अवसरमा यो घोषणा गरेका थिए। फेब्रुअरी २०२७ को चुनाव १३औं संसदीय चुनाव हुनेछ। उद्दिनले रंगपुरस्थित डिभिजनल कमिस्नरको कार्यालयमा रंगपुर डिभिजनका आठ जिल्लाका उपआयुक्त र प्रहरी सुपरिटेन्डेन्टसँगको बैठकमा कानुनी व्यवस्थाको मुद्दामा भाग लिएका छन्। मुख्य निर्वाचन आयुक्तले 'वर्षौंदेखि मानिस मतदान प्रक्रियाबाट अलग्गिएका' भन्दै मतदातामा बढ्दो उदासीनता रहेको आशंका व्यक्त गरे। तर, निर्वाचन आयोग आफ्नो जिम्मेवारीप्रति सचेत रहेमा सबै नियम र कानुनको कडाइका साथ पालना हुने बताए। यद्यपि, मुख्य निर्वाचन आयुक्तले विभिन्न चुनौतीका बाबजुद छोटो समयसीमाभित्र मतदान गर्ने तयारी गरिरहेको वेला तालिका घोषणा हुनुभन्दा दुई महिनाअगाडि नै निर्वाचनको सही मिति सार्वजनिक गरिने बताए।

यसैबिच, युनुसको सरकारले कार्यकारी आदेशअन्तर्गत आफ्ना गतिविधि भंग गरेपछि पूर्वप्रधानमन्त्री खालिदा जियाको बंगलादेश राष्ट्रवादी पार्टी (बिएनपी) अवामी लिगको अनुपस्थितिमा सबैभन्दा ठुलो दल बनेको छ। बिएनपीका स्वनिर्वासित कार्यवाहक अध्यक्ष तथा जियाका छोरा तारिक रहमानले शुक्रबार पार्टी र यसका समान विचारधारा भएका साझेदारहरूले फेब्रुअरीको चुनावमा गठबन्धनको रूपमा भाग लिने बताए।

गाजामा मारिने प्यालेस्टिनीको संख्या ६२ हजार नाघ्यो




गाजा सिटी/ गाजामाथि इजरायलले चलाइरहेको दुई वर्ष लामो नरसंहारकारी युद्धमा मारिने प्यालेस्टिनीको संख्या ६२ हजार नाघेको छ। इजरायलको निरन्तर बमबारी र उसले सिर्जना गरेको भोकमरीका कारण अझै हरेक दिन दर्जनौं प्यालेस्टिनी मरिरहेका छन्। इजरायलले गाजापट्टीको कुनै वेलाको सबैभन्दा ठुलो बस्तीमाथि आक्रमण तीव्र पारिरहेको छ। यसले त्यहाँ बाँकी रहेका हजारौं प्यालेस्टिनी दक्षिणतर्फ विस्थापित भएका छन्।

इजरायली गोलाबारुदका अतिरिक्त पछिल्लो समय कुपोषणले पनि प्यालेस्टिनीको ज्यान लिन थालेको छ। इजरायलको महिनौं लामो नाकाबन्दीको परिणामस्वरूप लाखौं मानिस कुपोषणको जोखिममा छन्। गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार अगस्ट १८ सम्म गाजामा भोकमरीले मर्नेहरूको ज्ञात संख्या कम्तीमा २६३ पुगेको छ, जसमा ११२ बालबालिका पनि समावेश छन्।

संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)ले पछिल्लो समय जुलाईमा, गाजाका साढे तीन लाख बालबालिका अर्थात् गाजामा बसोवास गर्ने पाँच वर्षमुनिका सम्पूर्ण जनसंख्या कुपोषणको जोखिममा रहेको चेतावनी दिएको थियो। अहिले त्यहाँ अधिकांश परिवार न्यूनतम आधारभूत खानामा बाँचिरहेका छन्।

पानामाको जंगलमा आप्रवासीले भोग्छन् भयावह पीडा

यो बाटोमा पार गरेका कुनै एकजना व्यक्ति भेटिँदैनन्, जसले बाटोमा बेवारिसे अवस्थाका शव नदेखेका हुन्



● बेलेन फर्नान्डेज

अलजजिराकी स्तम्भकार फर्नान्डेजको 'ड्यारियन ग्याप: अ रिपोर्टर्स जर्नी थ्रु द डेड्ली क्रसरोड्स अफ द अमेरिका' नामक पुस्तक हालै प्रकाशित भएको छ।



गत जनवरीमा डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकाको कमान्ड दोस्रोपटक सम्हाल्नुभन्दा ठिक अघि ट्रम्पका भावी 'बोर्डर जार' टम होमनले ट्रम्प प्रशासनले 'राष्ट्रिय सुरक्षा'का लागि कुख्यात 'ड्यारियन ग्याप' बन्द गर्ने घोषणा गरे। 'ड्यारियन ग्याप' पानामा र कोलम्बियाबिच पर्ने घना जंगल क्षेत्र हो। ९६ किमिदेखि १०६ किलोमिटरबिचको लम्बाइमा फैलिएको यो जंगलको धेरै भाग पानामा पर्ने भएकाले यसलाई 'पानामाको जंगल' पनि भन्ने गरिन्छ।

धेरै वर्षदेखि विश्वका लाखौं विपन्न मानिसहरूका लागि अमेरिकासम्म पुग्ने प्रमुख मार्ग रहँदै आएको छ, ड्यारियन ग्याप। अझ, विकासोन्मुख देशका हजारौं नागरिकका लागि अमेरिकाको शरणार्थीको हैसियत दिलाउने सम्भावना भएको एक मात्र मार्ग हो यो। आफ्नो गरिबीको कारणले 'वैध रूपमा' अमेरिका जाने सबै अवसरबाट वञ्चित गरिएकाहरू विकल्प खोज्दा अपराधी करार हुने गर्छन्।

यो मार्गबाट अमेरिका हिँड्नेहरूले धेरै घातक अवरोध सामना गर्ने गर्छन्। ठुला नदीको बलियो धार, ठाउँठाउँमा हिलाम्य भास र अचानक आउने ठाडो-गहिरो खोँचहरू त छँदै छ। यस भेगमा आप्रवासीलाई लुट्न सक्रिय सशस्त्र समूहले जुनसुकै आक्रमण गर्ने र बन्धक बनाउने जोखिम पनि उत्तिकै छ। पर्याप्त खाना र पानीविना कठिन भूवनोटमा कैयौं दिन वा हप्ताको पैदल यात्राले जोकसैलाई थकाइले लोथ बनाउँछ। यात्रामा ज्यान गुमाएकाहरू बाटोमा त्यसै बेवारिसे छाडिन्छन्।

ड्यारियन ग्यापको पानामापट्टिको भागमा बलात्कार र यौनहिंसा बढ्न थालेको छ। अप्रिल २०२४ को एक रिपोर्टमा 'द न्युयोर्क टाइम्स'ले त्यस भेगमा अहिले 'युद्धबाहिर विरलै देखिने स्तरको' यौनहिंसा देखिएको लेखेको थियो। हुन पनि 'ड्यारियन ग्याप' एक हिसाबमा युद्धक्षेत्र त हो, जहाँ प्रणालीगत असमानता कायम राख्नका लागि कमजोर मानव शरीर माथि दण्डात्मक अमेरिकी नीति खेलिरहेको छ। तर, यस्तो कठिनाइबिच पनि सन् २०२३ मा मात्र झन्डै पाँच लाख बिस हजार मानिसले 'ड्यारियन ग्याप' पार गरेका थिए।

उसो त 'ड्यारियन ग्याप'लाई 'बन्द' गर्छु भन्नु भूमध्यसागर वा सहारा मरुभूमि बन्द गर्छु भनेजस्तै असम्भव कार्य हो। तर, ट्रम्प प्रशासनले अहिले अमेरिकाको सिमाना बन्द गरेपछि यस मार्ग भएर यात्रा गर्नेहरू हतोत्साही भएका छन्। जस्तो मार्चमा ट्रम्पले कार्यकाल सम्हालेको दुई महिनापछि पानामाको अध्यागमन विभागले कोलम्बियाबाट ड्यारियन ग्याप हुँदै भित्रिनेको संख्या केवल १९४ आगमन दर्ता गरेको थियो। तुलनाका लागि अघिल्लो वर्षको मार्चमा यो संख्या ३६,८४१ थियो।

> यो मार्गबाट अमेरिका हिँड्नेहरूले धेरै घातक अवरोध सामना गर्ने गर्छन्। ठुला नदीको बलियो धार, ठाउँठाउँमा हिलाम्य भास र अचानक आउने ठाडो-गहिरो खोँचहरू त छँदै छ। यस भेगमा आप्रवासीलाई लुट्न सक्रिय सशस्त्र समूहले जुनसुकै आक्रमण गर्ने र बन्धक बनाउने जोखिम पनि उत्तिकै छ।

मैले लामो अनुसन्धानपछि 'ड्यारियन ग्याप' माथि लेखेको पुस्तक यही वर्ष प्रकाशित भएको छ। पुस्तक लेखनका लागि अनुसन्धान गर्दा, मैले घेटघाट र कुराकानी गरेका कुनै यस्ता व्यक्ति थिएनन् जसले बाटोमा शव नदेखेका हुन्। उदाहरणका लागि, फेब्रुअरी २०२३ मा मैले पानामामा भेनेजुएला घर भएकी युवती ग्वाइलिससँग कुराकानी गरेको थिएँ। उनले आफ्नो पतिका साथ दुई वर्षको छोरा लिएर दस दिनमा यो जंगल पार गरेकी थिइन्। बाटोमा आफूहरूले कैयौं लास देखेको बताएकी ग्वाइलिसले एक वृद्ध मानिसको शव बिर्सिन सकेकी थिइनन्। उनका अनुसार चिसोले कठ्याग्रिएर डल्लो परेजस्तो अवस्थामा ती वृद्ध मरिरहेका थिए।

ग्वाइलिसले बाटोमा हाइटीकी एक शोकाकुल महिलालाई पनि भेटेकी थिइन् जसको ६ महिनाको बच्चा भर्खरै उनको आँखाअगाडि खोलाका धारले बगाएको थियो। ग्वाइलिसका पतिका अनुसार बाटोमा उनको एक शवसँग झम्काभेट हुन पुगेको थियो। उनका अनुसार एक भयानक भिरबाट खसिरहँदा उनले रुखको जरा भनेर समातेको सहारा खासमा हिलोमा गाडिएको शवको बाहिर निस्किएको हात रहेछ। त्यो घटना सम्झँदै उनले भने, 'त्यो हात नभएको भए म बाँच्ने थिइनँ।' धेरैले नदीमा तैरिरहेका फुलेका लासहरू देखेको बताए। त्यस्तै, अर्का एकजनाले टेन्टमा मृत नवजात जुम्ल्याहा बच्चानजिक मरिरहेकी महिला देखेको बताए। अर्को उस्तै घटनामा दुई मृत बच्चाको छेउमा अर्की मृत महिला भेटिएकी थिइन्। ती तीन शवको नजिकै एकजना पुरुष आत्महत्या गरेको भेटिएको पनि तिनले बताए, जो सम्भवतः मृत बच्चाका बुबा हुन सक्थे।

सन् २०२३ को अन्त्यमा भेटिएकी युर्बिस नामक युवती १० जनाको विशाल परिवारकी सदस्य हुन्। युर्बिसको ठम्याइमा पानामा जंगल पार गर्ने हरेक व्यक्तिले आफूअघि सो मार्ग हिँड्ने क्रममा मरेका कोही न कोही व्यक्तिका पाइला टेकेकै हुने बताइन्। यसको अर्थ हो, सो मार्गमा हिँड्ने हरेक आप्रवासी प्रत्येक पाइला चाल्दा मृत्युको नजिक हुने गर्छन्। यस तथ्यले मात्रै पनि अमेरिका नेतृत्वको वर्तमान विश्व व्यवस्थामा विकासोन्मुख देशका मानिसको नगन्य मूल्यको सम्झना गराउँछ।

'ड्यारियन ग्याप'बाट आउने आप्रवासीहरू केही समय रोकिएलान्, तर जीवनमा गुमाउन केही बाँकी नरहेका हतास मानिस भौतिक र आर्थिक सुरक्षाका लागि जुनसुकै खतरनाक मार्ग पछ्याउन रोक्न गाह्रो पर्छ। आमबोलीचालीको स्पेनिस भाषामा यस मार्गलाई 'एल इन्फर्नो भेर्डे' वा 'हरित नर्क' भन्न थालिएको छ। हुन पनि यो जंगल यही उपनामअनुसारकै छ। यो जंगल विपन्नहरूले सुरक्षित जीवन बाँच्न चाहनु नै अपराध भनिने हाम्रो समयको संकटको प्रतीक बनेको छ। त्यस अर्थमा ड्यारियन ग्याप आफैंमा 'विश्व व्यवस्था' हो।

- अलजजिराबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ९ भदौ ०८२

■ अर्थतन्त्र सुस्त देखाउने राष्ट्र बैंकको तथ्यांक

विकास खर्च कमजोर बन्दा विदेशी मुद्रा सञ्चिति २६ खर्ब ७७ अर्ब नाघ्यो

अर्थशास्त्री भन्छन्– विदेशी मुद्रा सञ्चिति थुप्रिनु भनेको शरीरमा बोसो थुप्रिएजस्तै हो

पवन तिमिल्सिना/नयाँ पत्रिका

आर्थिक वर्ष ०८१/८२ मा देशको अर्थतन्त्र सुस्त नै रहेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ। लक्ष्यभन्दा न्यून कर्जा प्रवाह, कमजोर मुद्रास्फीति र थुप्रिँदै गइरहेको विदेशी मुद्रा सञ्चितिको तथ्यांकले देशको आर्थिक गतिविधि चलायमान हुन नसकेको राष्ट्र बैंकले स्पष्ट पारेको हो।



यस्ता छन् अर्थतन्त्रका परिसूचकहरू

आर्थिक वर्ष ०८१/८२ मा रेमिट्यान्स आप्रवाह १९.२ प्रतिशतले बढेर १७ खर्ब २३ अर्ब २७ करोड पुगेको छ। अघिल्लो वर्ष १४ खर्ब ४५ अर्ब ३२ करोडको रेमिट्यान्स भित्रिएको थियो।

आव ०८१/८२ मा चालू खाता चार खर्ब नौ अर्ब २० करोडले बचतमा छ। अघिल्लो वर्ष ०८०/८१ मा चालू खाता दुई खर्ब २१ अर्ब ७१ करोडले बचतमा थियो।

समीक्षा वर्षमा प्रत्यक्ष वैदेशिक लगानी १२ अर्ब दुई करोड भित्रिएको छ। अघिल्लो वर्ष ०८०/८१ मा यस्तो लगानी आठ अर्ब ४७ करोड थियो।

समीक्षा वर्षमा शोधनान्तर स्थिति पाँच खर्ब ९४ अर्ब ५४ करोडले बचतमा छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति पाँच खर्ब दुई अर्ब ४९ करोडले बचतमा थियो।

आव ०८१/८२ मा खुद सेवा आय ९० अर्ब ९४ करोडले घाटामा छ। अघिल्लो वर्ष खुद सेवा आय ५५ अर्ब ८६ करोडले घाटामा थियो। सेवा खाताअन्तर्गत समीक्षा वर्षमा भ्रमण आय ७.७ प्रतिशतले बढेर ८८ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आय ८२ अर्ब ३३ करोड थियो। समीक्षा वर्षमा सेवा खाताअन्तर्गत भ्रमण व्यय १८.१ प्रतिशतले बढेर दुई खर्ब २३ अर्ब ७२ करोड पुगेको छ। यसमध्ये शिक्षातर्फको व्यय एक खर्ब ३८ अर्ब ४८ करोड छ। अघिल्लो वर्ष भ्रमण व्यय एक खर्ब ८९ अर्ब ४३ करोड रहेकोमा शिक्षातर्फको व्यय एक खर्ब २५ अर्ब १३ करोड थियो।

आव ०८१/८२ मा कुल वस्तु आयात १३.३ प्रतिशतले बढेर १८ खर्ब चार अर्ब १२ करोड पुगेको छ। कुल वस्तु निर्यात ८१.८ प्रतिशतले बढेर दुई खर्ब ७७ अर्ब तीन करोड पुगेको छ।

अर्थशास्त्री भन्छन्– विदेशी मुद्रा सञ्चिति थुप्रिनु भनेको शरीरमा बोसो थुप्रिएजस्तै हो। तीन तहका सरकारबिच समन्वय अभावमा पुँजीगत खर्च बढ्न सकेको छैन। थापाले भने, 'निजी क्षेत्रमा निराशा छाएको अवस्थामा सरकारले पुँजीगत खर्च बढाउनुपर्थ्यो। तीन तहका सरकारबिच संयोजनको अभाव देखियो। विकास निर्माणमा सरकारको सक्रियता कमजोर देखिन्छ।'

सरकारले आँबुखैरेनी-पोखरा सडकखण्ड बनाएको चर्चा गरिरहे पनि पछिल्लो समय ठुला पूर्वाधारले गति लिन सकेको छैन। विगतमा काठमाडौं-तराईमधेश द्रुतमार्गका सुरुङमार्ग ब्रेक थ्रुका विषय चर्चा हुने गरेकोमा यसपालि खासै काम हुन सकेको छैन। थापाले भने, 'कुनै पनि परियोजनामा डिपिआरमा काम भएको देखिन्छ, निर्माणमा काम भएको छैन। सरकारले समयमा भुक्तानी गरेको देखिँदैन। त्यसैले ठुकुटीमा पैसा थुप्रिएको छ। तीन तहका सरकारको आर्थिक गतिविधिलाई चलायमान बनाउने गतिविधि नै बढाउन सकेनन्।'

०८१/८२ मा संघीय सरकारको कुल खर्च १५ खर्ब २३ अर्ब ११ करोड छ। यसमध्ये चालू खर्च नौ खर्ब ८० अर्ब ३८ करोड, पुँजीगत खर्च दुई खर्ब २२ अर्ब ६८ करोड र वित्तीय व्यवस्था खर्च तीन खर्ब २० अर्ब चार करोड छ।

समीक्षा अवधिमा रकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) ११ खर्ब ७८ अर्ब ८२ करोड पुगेको छ। यसअन्तर्गत कर राजस्व १० खर्ब ४९ अर्ब ८८ करोड र गैरकर राजस्व एक खर्ब २८ अर्ब ९४ करोड परिचालन भएको छ।

अर्थतन्त्र सुस्त चित्र देखाउने अर्को सूचक हो, ब्याजदर। बैंक तथा वित्तीय संस्थाले निक्षेपको ब्याजदर घटाउँदै लगिरहेका छन्। अधिक तरलताले आर्थिक गतिविधि चलायमान हुन नसकेको स्पष्ट चित्रण गरेको थापाको भनाइ छ।

०८१ असारमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ५.७७ प्रतिशत, विकास बैंकहरूको ६.६३ प्रतिशत र वित्त कम्पनीहरूको ७.९३ प्रतिशत थियो। ०८२ असारमा निक्षेपको भारित औसत वाणिज्य बैंकको ४.१९ प्रतिशत, विकास बैंकको ४.८८ प्रतिशत र वित्त कम्पनीको ६.०१ प्रतिशत कायम भएको छ।

विकास निर्माण सुस्त हुँदा विदेशी मुद्रा थुप्रियो

राष्ट्र बैंकको तथ्यांकअनुसार ०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड थियो। ०८२ असारसम्म आइपुग्दा यो ३१.२ प्रतिशतले बढेर २६ खर्ब ७७ अर्ब ६८ करोड पुगेको छ। सरकारले विकास निर्माण र उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न नसकेकाले विदेशी मुद्रा सञ्चिति थुप्रिँदै गइरहेको राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक थापाको भनाइ छ। उनले भने, 'अहिले थुप्रिएको विदेशी विनिमय सञ्चिति शरीरमा बोसो पलाएजस्तै हो। नेपालजस्तो देशका लागि विदेशी मुद्रा थुप्रिँदै जानु सकारात्मक विषय होइन। विदेशी मुद्राको सुविधा देश विकासमा खर्च हुनुपर्ने हो। अर्थतन्त्रको गतिहीनताले बोसोरूपी विदेशी मुद्रा सञ्चिति थुप्रिँदै गएको हो।'

आर्थिक वर्ष ०८१/८२ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १८.२ महिनाको वस्तु आयात र १५.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ।

हुलाकी र मध्यपहाडी राजमार्गका व्यवसायलाई अब सस्तोमा ऋण

दुई लोकमार्गआसपासका व्यापार-व्यवसायमा प्रवाह गरिने कर्जाको आधारदरमा दुई प्रतिशत विन्दु मात्रै प्रिमियम थप गरेर ब्याजदर निर्धारण गर्नुपर्ने व्यवस्था



राष्ट्र बैंकका सहायक प्रवक्ता सुमन न्यौपाने भन्छन्– राजमार्गका आसपासमा आर्थिक गतिविधि बढाउन सहयोग पुऱ्याउने उद्देश्यले यो नीति ल्याइएको हो। सरकारले सडक पूर्वाधार बनायो। तर, त्यसआसपासमा आर्थिक गतिविधि भएन भने त त्यसको बेस्ट भ्यालु भएन। त्यसबाट अर्थतन्त्रलाई लाभ पनि भएन। तसर्थ, त्यस्ता क्षेत्रमा आर्थिक गतिविधि बढाउन बैंकिङ क्षेत्रबाट पनि योगदान होस् भनेर यस्तो नीति ल्याएका हौं। यसले त्यस्ता क्षेत्रमा आर्थिक गतिविधि बढाउन थप सहयोग पुग्नेछ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले पूर्व-पश्चिम जोड्ने राष्ट्रिय गौरवका हुलाकी र मध्यपहाडी लोकमार्गआसपासका व्यापार-व्यवसायमा दिने ऋणको ब्याजदर सस्तो बनाउने नीति ल्याएको छ। राष्ट्र बैंकले आइतबार एकीकृत निर्देशन २०८१ संशोधन गर्दै उक्त दुई लोकमार्गआसपासका व्यापार-व्यवसायमा प्रवाह गरिने कर्जाको आधारदरमा दुई प्रतिशत विन्दु मात्रै प्रिमियम थप गरेर ब्याजदर निर्धारण गर्नुपर्ने व्यवस्था गरेको हो।

यो सुविधा तीन करोडसम्मका उत्पादनमूलक उद्योगमा लागू हुनेछ। यस्तै, सरकारबाट 'ग्रिन स्टिकर' प्राप्त होटेल तथा रेस्टुरेन्टले पनि यस्तो सुविधा पाउनेछन्। 'हुलाकी राजमार्ग तथा मध्य-पहाडी लोकमार्गआसपासका क्षेत्रमा सञ्चालनमा रहेका तीन करोडसम्मका उत्पादनमूलक उद्योग तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य स्वच्छता स्तरीकरणसम्बन्धी ग्रिन स्टिकर लिएका होटेल तथा रेस्टुरेन्टलाई कर्जा प्रवाह गर्दा आधारदरमा बढीमा २ प्रतिशतसम्म मात्र थप गरी कर्जाको ब्याजदर तोक्नुपर्नेछ,' संशोधित निर्देशिकामा भनिएको छ।

यस्तो कर्जालाई लघु, घरेलु, साना एवं मझौला उद्यमका क्षेत्रमा वर्गीकरण गर्न पाइने सुविधा पनि राखिएको छ। बैंकहरूले असार ०८५ सम्म यस्तो क्षेत्रमा १५ प्रतिशतको अनुपातमा कर्जा प्रवाह गर्नुपर्ने यसअघिकै निर्देशन छ।

सामान्यता बैंकहरूले स्थिरबाहेकको अवस्थामा आधारदरमा ४-५ प्रतिशत विन्दुसम्म प्रिमियम थप गरेर ब्याजदर निर्धारण गर्छन्। तर, उक्त दुई राजमार्गआसपासका व्यापार-व्यवसायमा कर्जा प्रवाह गर्दा आधारदरमा दुई प्रतिशत मात्रै प्रिमियम थप गरेर ब्याजदर निर्धारण गर्न निर्देशन दिइएको हो, फलस्वरूप त्यस्ता कर्जाको ब्याजदर सस्तो हुनेछ। यसले त्यस्ता क्षेत्रमा व्यापार-व्यवसाय गर्न प्रोत्साहन गर्ने विज्ञहरू बताउँछन्।

राष्ट्र बैंकका सहायक प्रवक्ता सुमन न्यौपानेले उक्त राजमार्गका आसपासमा आर्थिक गतिविध बढाउन सहयोग पुऱ्याउने उद्देश्यले यो नीति ल्याएको बताए।



नार्कले सिफारिस गरेका बालीमा पनि सस्तोमा ऋण

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले सिफारिस गरेका जातका कृषिउपजको उत्पादनका लागि प्रवाह गरिने कर्जाको ब्याजदर पनि आधारदरमा १.५ प्रतिशत विन्दु मात्रै प्रिमयम थप गरेर निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ।

'नार्कले सम्बन्धित क्षेत्रका लागि सिफारिस गरेका जातका कृषिउपजको उत्पादन अभिवृद्धि गर्ने कृषि परियोजनामा कर्जा प्रवाह गर्दा आधारदरमा बढीमा १.५ प्रतिशत विन्दुसम्म मात्र प्रिमियम थप गरी कर्जाको ब्याजदर तोक्नुपर्नेछ,' संशोधित निर्देशनमा भनिएको छ, 'ग्रेस अवधि प्रदान गरेको पहिलो वर्ष असल कर्जाका लागि कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्था ०.२५ प्रतिशत र दोस्रो वर्ष ०.५ प्रतिशत कायम गर्न सकिनेछ।' यस्तो प्रकारको कर्जामा आवश्यक ग्रेस अवधि प्रदान गर्न वा ब्याज पुँजीकरण गर्न सकिने निर्देशनमा उल्लेख छ।

कृषिमा बैंक आफैंले धितो मूल्यांकन गरेर १० लाखसम्म ऋण दिन सक्ने

बैंकहरूले आफैंले कृषिउपज, कृषियोग्य जमिन, कृषि व्यवसाय संरचनाको धितो मूल्यांकन गरी १० लाखसम्मको कर्जा दिन सक्ने व्यवस्था पनि गरिएको छ। खाद्यान्न बाली, पशुपक्षी, माछापालनलगायत कृषि व्यवसायसँग यो सुविधा लागू हुनेछ।

यसमा कर्जाको सुरक्षणका रूपमा राखिएको धितो मूल्यांकन बैंक तथा वित्तीय संस्थाका कर्मचारी वा अन्य धितो मूल्यांकनकर्ताबाट गर्न सकिनेछ। यस प्रयोजनका लागि धितो मूल्यांकन गरेबापत ऋणीसँग धितो मूल्यांकन शुल्कसमेत लिन नपाइने व्यवस्था गरिएको छ।

औपचारिक घरजग्गा कारोबारमा गएको ऋणमा पुनर्तालिकीकरण सुविधा

केन्द्रीय बैंकले औपचारिक घरजग्गा कारोबार गएका कर्जालाई पुनर्तालिकीकरण र पुनर्संरचना वा दुवै गर्ने सुविधा पनि ल्याएको छ। सरकारी निकायमा दर्ता भई सञ्चालित कम्पनीलाई मात्रै यो सुविधा दिइने राष्ट्र बैंकको भनाइ छ। साथै, बुझाउन बाँकी ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गर्नुपर्ने सर्त पनि राखिएको छ। निर्देशनअनुसार यस्तो पुनर्तालिकीकरण वा पुनर्संरचना असोजभित्रै गरिसक्नुपर्नेछ। यद्यपि, यसरी पुनर्तालिकीकरण र पुनर्संरचना गरिएको कर्जालाई गत चैत ०८१ सम्म जुन वर्ग वर्गीकरण गरिएको थियो, सोही वर्गमा राख्नुपर्ने निर्देशनमा उल्लेख छ।



सर्त तोकेर लघुवित्तलाई लाभांशको सीमा बढाइयो

राष्ट्र बैंकले थप अर्को निर्देशन जारी गर्दै सर्त तोकेर लघुवित्तलाई लाभांश बाँड्न पाउने सीमा बढाएको छ। यसअघि लघुवित्तलाई १५ प्रतिशतसम्म मात्रै लाभांश बाँड्न भनेको थियो। त्योभन्दा बढी लाभांश दिएमा १५ प्रतिशतमाथिको लभांशको ५० प्रतिशत रकम जगेडामा राख्नुपर्ने व्यवस्था गरेको थियो। तर, अब लघुवित्तले २५ प्रतिशतसम्म लाभांश बाँड्न पाउँछन्। तर, त्यसका लागि निष्क्रिय कर्जा अनुपात पाँच प्रतिशतभन्दा कम हुनुपर्नेछ। लाभांश वितरणपछिको पुँजीकोष अनुपात १२ प्रतिशतभन्दा माथि हुनुपर्नेछ। पाँच प्रतिशतभन्दा कम निष्क्रिय कर्जा भएका लघुवित्तले पुँजीकोष अनुपात १०-१२ प्रतिशत कायम हुने भए १५ प्रतिशतसम्म लाभांश वितरण गर्न पाउनेछन्।

पाँचदेखि १० प्रतिशतसम्म निष्क्रिय कर्जा भएका लघुवित्तले पुँजीकोष अनुपात ८-१० प्रतिशत कायम हुने भएमा १० प्रतिशत मात्र लाभांश बाँड्न पाउनेछन्। पुँजीकोष अनुपात १०-१२ प्रतिशत हुने भए १५ प्रतिशत र १२ प्रतिशतभन्दा माथि हुने भए २० प्रतिशतसम्म लाभांश बाँड्न पाउनेछन्।

यस्तै, १० देशि १५ प्रतिशतसम्म निष्क्रिय कर्जा अनुपात भएका लघुवित्तले पाँचदेखि १५ प्रतिशसम्म लाभांश बाँड्न पाउनेछन्। पुँजीकोष अनुपात ८-१० प्रतिशत हुने भएमा पाँच प्रतिशत लाभांश दिन पाइनेछ। पुँजीकोष अनुपात १०-१२ प्रतिशत भएमा १० प्रतिशत र १२ प्रतिशतभन्दा माथि हुने भएमा १५ प्रतिशत लाभांश वितरण गर्न पाइनेछ। १५ प्रतिशतभन्दा बढी निष्क्रीय कर्जा भएकालाई लाभांश वितरणमा रोक लगाइएको छ।

यस्तै, लघुवित्तले वैदेशिक रोजगारमा जाने व्यक्तिलाई धितो नलिई तीन लाख रुपैयाँसम्म कर्जा दिन सक्नेछन्। महिलाको हकमा भने पाँच लाख रुपैयाँसम्म कर्जा दिन सकिने निर्देशनमा उल्लेख छ।

बिमालेख धितो कर्जाबारे बिमितलाई स्पष्ट जानकारी दिन निर्देशन

काठमाडौं/ नेपाल बिमा प्राधिकरणले बिमालेख धितोमा दिने कर्जाबारे स्पष्ट जानकारी दिन बिमा कम्पनीहरूलाई निर्देशन दिएको छ। कम्पनीहरूले बिमालेख धितो राखेर बिमितलाई कर्जा दिँदै आएका छन्। अब त्यसबारे कम्पनीले बिमितलाई सम्पूर्ण जानकारी दिनुपर्ने प्राधिकरणको निर्देशन छ।

कर्जा रकम, ब्याज गणना विधि, कर्जा भुक्तानी गर्नुपर्ने समयतालिका र भुक्तानी नगर्दा हुने परिणामबारे विद्युतीय माध्यम वा पत्रमार्फत स्पष्ट बुझिने गरी समयमै जानकारी दिनुपर्ने बताइएको छ।

बिमा कम्पनीहरूले बिमालेख सुरक्षणमा प्रदान गरिएका कर्जा असुलीका क्रममा भुक्तान हुन बाँकी रहेको कर्जा रकम तथा ब्याजको गणना विधिका सम्बन्धमा बिमितलाई पर्याप्त जानकारी नदिने र अन्तिममा परिपक्व भुक्तानी तथा दाबी रकमबाट कट्टा गर्ने गर्दा बिमित तथा हिताधिकारीलाई मर्का परेको भनी गुनासो आएको सन्दर्भमा प्राधिकरणले बिमा कम्पनीहरूलाई त्यस्तो निर्देशन दिएको हो।

म्याद सकिएका सगर ग्यासका तीन हजार ३० सिलिन्डर नष्ट

काठमाडौं/ काभ्रेको बनेपा नगरपालिका-४, थापागाउँमा रहेको सगरमाथा ग्यास उद्योग प्रालिले उत्पादन गरिरहेको सगर ब्रान्डका मिति सकिएका तीन हजार ३० थान सिलिन्डर नष्ट गरिएको छ। मिति गुज्रिएका र हाइड्रोलिक टेस्ट फेल भएका सिलिन्डर उपभोगका दृष्टिले जोखिमयुक्त हुने भएकाले उद्योगपरिसरमा सरोकारवाला पक्षको रोहबरमा नष्ट गरेको सञ्चालक सावरमल अग्रवालले जानकारी दिए। दैनिक सात हजार पाँच सय सिलिन्डर रिफिल गर्दै आइरहेको सगरमाथा ग्यास उद्योगको बजारमा साढे चार लाख सिलिन्डर प्रयोगमा छन्।



कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

निकासी र कवाडी कर संकलन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०९

प्रस्तुत सम्बन्धमा यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लागि तपसिल बमोजिमको ठेक्का बढाबढ हुने गरी बन्दोबस्त गर्ने बोलपत्र आव्हान गरिएको सम्बन्धमा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। सो सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेभसाइट www.kageshworimanoharamun.gov.np तथा https://bolpatra.gov.np/egp/ मा गई हेर्न सकिने छ।

तपसिल

क्र.सं.	ठेक्का नं	विवरण	न्यूनतम कबोल अंक रु.मा (भ्याट बाहेक)	बोलपत्र दस्तुर
१.	Kageshwori/ Revenue/NCB/01/82-083	निकासी कर संकलन	रु. १,७१,११,११०।५० (अक्षरुपी रु. एक करोड एकहत्तर लाख एघार हजार एक सय दश रुपैँयाँ पचास पैसा मात्र ।)	रु. ३,०००।-
२.	Kageshwori/ Revenue/NCB/02/082-083	जडिबुटी, कवाडी र जीवजन्तु कर संकलन	रु. ४०,२०,५००।०० (अक्षरुपी रु. चालिस लाख बीस हजार पाँच सय रुपैँयाँ मात्र ।)	रु. ३,०००।-

प्रमुख प्रशासकीय अधिकृत

पर्वतारोहण संघमा कांग्रेस-एमाले गठबन्धनलाई धक्का

अध्यक्षसहित अधिकांश पदाधिकारीमा माओवादी र रास्वपाले सघाएका समूह विजयी

नयाँ पत्रिका

नेपाल पर्वतारोहण संघ (एनएमए)मा कांग्रेस-एमाले समर्थित गठबन्धन पराजित भएको छ। माओवादी र रास्वपाले सघाएका समूहले एमएनएको १८ मध्ये अध्यक्षसहित १५ पदमा विजयी हासिल गरेको हो। बाँकी तीन पद मात्रै कांग्रेस-एमाले समर्थित प्यानलले जितेको छ।

एनएमएको आइतबार बिहान सम्पन्न निर्वाचनबाट अध्यक्षमा फुगेल्जे शेर्पाले प्रत्याशि कुलबहादुर गुरुङलाई ५४ मतले पराजित गरेका हुन्। स्वतन्त्र उम्मेदवार शेर्पा तीन सय ४२ मत ल्याएर विजयी भए। अध्यक्षमा निर्वाचित शेर्पा झन्डै चार दशकदेखि पर्यटन क्षेत्रमा आबद्ध छन्। उनको ट्रेकिङ, होटेल, हेलिकोप्टरलगायत क्षेत्रमा लगानी रहेको छ।

कांग्रेस-एमालेनिकट समूहलाई स्वतन्त्र र व्यावसायिक समूहले पराजित गरेको नवनिर्वाचित अध्यक्ष शेर्पाले बताए। 'म स्वतन्त्र हुँ, कुनै पनि पार्टीमा आबद्ध छैन, त्यसैले मैले स्वतन्त्र र व्यावसायिक साथीलाई समेटेर प्यानल बनाएँ र विजयी पनि भयौं,' उनले भने, 'हामीलाई राष्ट्रिय स्वतन्त्र पार्टी, माओवादी केन्द्रका साथै कांग्रेस-एमालेका व्यावसायिक साथीको साथ सहयोग भयो।' संघलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गराएर आरोही, व्यवसायी, मजदुरलगायतको हकहित र विकासमा काम गर्ने समूहले विजयी हासिल गरेको उनले बताए।


फुगेल्जे शेर्पा

वरिष्ठ उपाध्यक्षमा तीन सय ४५ मत ल्याएर ईश्वरी पौडेल निर्वाचित भए। उनका प्रतिद्वन्द्वी टीका गुरुङले दुई सय ५८ मत प्राप्त गरे। प्रथम उपाध्यक्षमा भने सत्तागठबन्धनिकट समहूका मिङ्मा ग्याबो शेर्पा तीन सय ५९ मत ल्याएर विजयी भए। उनका प्रतिद्वन्द्वी काजी शेर्पाले दुई सय ५६ मत प्राप्त गरे। द्वितीय उपाध्यक्षमा बोधराज भण्डारी, महासचिवमा राजेन्द्रबहादुर लामा र सचिवमा चन्दन थापा निर्वाचित भएका छन्। विजयी प्रथम उपाध्यक्षबाहेकका सबै पदाधिकारी स्वतन्त्र र माओवादी समर्थित समूहका हुन्।

कोषाध्यक्षमा भने डिमानुर्बु शेर्पा र सुमी लामा दुवैले समान तीन सय चार मत पाएपछि आधा-आधा कार्यकालको सहमति भएको बताइएको छ। त्यसैगरी, सदस्यमा माधवकुमार धमला, केदार न्यौपाने, थुप्देन शेर्पा, गोकुल थापा, मुलाल गुरुङ, देन्डी शेर्पा, विक्रम कार्की, रिञ्जे शेर्पा, देवेन्द्र डंगोल, दिकी शेर्पा र निशा भोटे विजयी भएको निर्वाचन समितिले जनाएको छ।

'नेपाल र भियतनामको निजी क्षेत्रबिच समन्वय आवश्यक'

काठमाडौं/ भियतनामकी उपराष्ट्रपति भो थी आन्ह जुआनले द्विपक्षीय व्यापार विस्तार तथा लगानी प्रवाहलाई सहज बनाउन दुवै देशका निजी क्षेत्रबिच घनिस्ट समन्वय आवश्यक रहेको बताएकी छिन्।

नेपाल र भियतनामबिच व्यापार, लगानी तथा निजी क्षेत्रको सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउन नेपाल चेम्बर अफ कमर्सले भियतनामकी महामहिम जुआनसँग गरेको छलफलमा उनले यस्तो बताएकी हुन्। बैठकमा दुवै देशबिचको व्यापारिक लगानीमैत्री वातावरण निर्माण, उद्योग-व्यवसाय प्रवर्द्धन तथा आपसी सहकार्यका सम्भावनाबारे महत्त्वपूर्ण छलफल भएको छ।

छलफलमा भियतनामका अनरी कन्सुल एवं नेपाल चेम्बर अफ कमर्सका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठ, चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल, निवर्तमान अध्यक्ष राजेन्द्र मल्ल, वरिष्ठ उपाध्यक्ष दीपककुमार मल्होत्रा, महिला चेम्बर अध्यक्ष उर्मिला श्रेष्ठसहितका पदाधिकारीको सहभागिता रहेको थियो। नेपाल र भियतनामबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पूरा भएको अवसरमा भएको भेटलाई चेम्बरले व्यापार, लगानी र आर्थिक साझेदारीको नयाँ अध्याय सुरु गर्ने महत्त्वपूर्ण सम्भावनाका रूपमा रहेको छ।

टेली डिजिटल सर्भिसेस गुगल क्लाउड पार्टनरमा समावेश



काठमाडौं/ रमेश कर्पअन्तर्गतको कम्पनी टेली डिजिटल सर्भिसेस गुगल क्लाउड पार्टनर एड्भान्टेजमा सहभागी बनेको छ। कम्पनीले पार्टनरस्तरको 'गुगल वर्कस्पेस सेल पार्टनर'का रूपमा आफू सामेल भएको घोषणा गरेको हो। गुगल वर्कस्पेसले इमेल, डकुमेन्ट सिर्जना र सहकार्य टुल्सलाई एउटै प्लाटफर्ममा उपलब्ध गराई, जिमेलको भरोसायुक्त इन्फ्रास्ट्रक्चरमा आधारित उत्कृष्ट विकल्प प्रदान गर्ने बताइएको छ। साथै, गुगल वर्कस्पेस लाइसेन्सलाई सहज बनाउँदै नेपालमा भुक्तानी विकल्प, तत्काल लाइसेन्स डेलिभरीलगायतका सबै सुविधा एउटै स्थानबाट उपलब्ध गराउने पनि भएको छ।

हालसम्म कम्पनीले ५० भन्दा बढी व्यवसायलाई सेवा दिँदै आएको छ। कम्पनीले परम्परागत सिप्यानल-आधारित इमेल प्रणालीको साटो जिमेल-आधारित समाधान गरी व्यवसायलाई अझ सहज, सक्षम र प्रतिस्पर्धी बनाउँदै आएको जनाएको छ। टेली डिजिटलमा तत्काल अनबोर्डिङ र लाइसेन्स एक्टिभेसन, प्रोफेसनल इमेल एड्रेस, एउटै सब्स्क्रिप्सनमा गुगल डकुमेन्ट्स, सिट्स, ड्राइभ र मिट, नेपाली व्यवसायका लागि अनुकूल र सहज भुक्तानी सुविधा समावेश छन्।

'हामी परम्परागत इमेल प्रणालीका सीमा हटाउँदै नेपाली व्यवसायको डिजिटल सहकार्यलाई रूपान्तरण गर्दै छौं,' कम्पनीका सिइओ नवाँकुर सुदले भने, 'यसले विश्वस्तरीय डिजिटल प्लाटफर्मलाई स्थानीय व्यावसायिक आवश्यकतासँग जोड्नेछ।'

त्यस्तै, कम्पनीका मार्केटिङ प्रमुख निखिल खेराडीले तत्कालको डेलिभरी क्षमताले नै बजारमा कम्पनीलाई अलग बनाएको दाबी गरे। 'हाम्रो सिर्जना, संयोजन र सहकार्यले व्यवसायलाई प्रोफेसनल इमेल ब्रान्डिङ, डकुमेन्ट सहकार्य र सम्पूर्ण कम्युनिकेसन टुल्स एउटै सब्स्क्रिप्सनमा प्रदान गर्छ,' उनले भने।

कजारियाको ब्रान्ड एम्बासडरमा रायमाझी



काठमाडौं/ प्रिमियम टाइल्स उत्पादक कजारिया रमेश टाइल्सको ब्रान्ड एम्बासडरमा अभिनेत्री दिव्या रायमाझी नियुक्त भएकी छिन्। कम्पनीले गत साता आयोजना गरेको 'आर्क एन्ड औरा'का अवसरमा रायमाझीलाई आफ्नो ब्रान्ड एम्बासडर घोषणा गरेको हो। कम्पनीका निर्देशक सञ्जय अग्रवालले दिव्याले कजारिया ब्रान्डका मूल मूल्य, युवा ऊर्जा, जीवन्त व्यक्तित्व र प्रेरणादायी उपस्थितिलाई प्रतिनिधित्व गर्ने बताए। रायमाझीले कजारियाका आगामी अभियानमा ब्रान्डको आधुनिक र सदाबहार पहिचानको प्रतिनिधित्व गर्नेछिन्। साथै, कार्यक्रममा कम्पनीका नयाँ टाइल संग्रह, नवीन डिजाइन प्रदर्शन गरिएको थियो। कजारियाले देशभर ४५ भन्दा बढी एक्सक्लुसिभ सोरुम र सयभन्दा बढी डिलरबाट विभिन्न प्रकारका ग्लेज्ड भिट्रिफाइड टायल्स, हेभी ड्युटी ग्लेज्ड भिट्रिफाइड टाइल्स र सेरामिक वाल टाइल्स उत्पादन गर्दै आइरहेको छ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको
शाखा कार्यालयहरु गाभिने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपसिलमा उल्लेखित एकै स्थानमा रहेका शाखा कार्यालयहरु एक आपसमा गाभ्ने सम्बन्धमा स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष पेश भई स्वीकृती समेत प्राप्त भईसकेको सम्बन्धमा, तपसिलमा उल्लेखित शाखा कार्यालयहरु उल्लेखित मिति देखि एक आपसमा गाभिने भएको हुदाँ हाम्रा समस्त ग्राहक महानुभावहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

गाभिने शाखा कार्यालयबाट बैकिङ्ग कारोबार गरिरहनु भएका ग्राहक महानुभावहरुले अब उप्रान्त गाभ्ने शाखा कार्यालयबाट पूर्ववत रुपमा आफ्नो कारोबार सुचारु गर्न समेत यसै सूचना मार्फत अनुरोध गर्दछौं। यसबाट हाम्रा समस्त ग्राहकवर्ग, सेवाग्राही तथा सम्बन्धित सबैमा पर्न जाने असुविधा प्रति बैक क्षमाप्रार्थी छ।

थप जानकारीको लागि बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं।

क्र.सं	प्रदेश	जिल्ला	गाभिने शाखाको साविक नाम/ठेगाना र सम्पर्क फोन नम्बर	गाभिए पश्चात कायम हुने शाखाको नाम/ठेगाना र सम्पर्क फोन नम्बर	अन्दाजी दुरी "मिटर"	गाभिने मिति
१	गण्डकी	कास्की	गौरीघाट शाखा (पोखरा म.न.पा.-६, कास्की) सम्पर्क नं: ०६१-५९०३९१, ५९०३९२	लेकसाईड शाखा (पोखरा म.न.पा.-६, सेन्टर पोइन्ट कास्की) सम्पर्क नं: ०६१-४५६८७२, ४५६८७३, ४५६८७४	८००	२०८२।०५।२९
२	गण्डकी	कास्की	रत्नचोक शाखा (पोखरा म.न.पा.-८, कास्की) सम्पर्क नं: ०६१-५५३९५९, ५७२९१५	पोखरा २ शाखा (पोखरा म.न.पा.-८, सृजना चोक, कास्की), सम्पर्क नं: ०६१-५८६०१७, ५८६०१६	४००	२०८२।०५।२९
३	बागमती	चितवन	भरतपुर हाईट शाखा (भरतपुर म.न.पा.-१०, चितवन), सम्पर्क नं: ०५६-५१५७६१, ५२५९६१	हाकिमचोक शाखा (भरतपुर म.न.पा.-१०, चितवन) सम्पर्क नं: ०५६-४९३७७०, ४९३८७०	११००	२०८२।०५।२९
४	सुदुरपश्चिम	कैलाली	एल एन चोक शाखा (धनगढी उ.म.न.पा.-१, कैलाली), सम्पर्क नं: ०९१-५९०५१२, ५९०५१३	धनगढी शाखा (धनगढी उ.म.न.पा.-२, मेनरोड, कैलाली), सम्पर्क नं: ०९१-५२३६२०, ५२३७३२	१३००	२०८२।०५।२९
५	मधेश	धनुषा	जनकपुर शाखा (जनकपुर उ.म.न.पा.-१, मिल्स एरिया, धनुषा), सम्पर्क नं: ०४१-५२७३३१, ५२७३७१	जनकपुर शाखा (जनकपुर उ.म.न.पा.-२, जनक चोक धनुषा), सम्पर्क नं: ०४१-५९०२२६, ५९०२२७, ५९०२२८, ५९०२२९	५००	२०८२।०५।२९

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

एनआइसी एसिया र कैलाली हस्पिटलको सहकार्य, ग्राहकलाई २० प्रतिशतसम्म छुट



काठमाडौं/ एनआइसी एसिया बैंक र कैलाली हस्पिटल प्रालिबिच बैंकका ग्राहकलाई छुट प्रदान गर्ने सम्झौता भएको छ। जसअनुसार बैंकका ग्राहकले धनगढी, कैलालीमा रहेको कैलाली हस्पिटलमा स्वास्थ्य उपचार गरी डिजिटल भुक्तानी गर्दा विभिन्न सेवाहरूमा २० प्रतिशतसम्म छुट पाउने भएका हुन्।

हस्पिटलले प्रदान गर्ने कन्सल्ट्यान्ट तथा इमर्जेन्सी ओपिडीका साथै हस्पिटल भर्ना हुँदा जनरल तथा क्याबिन बेडमा उक्त छुट पाउनेछन्। त्यसैगरी आइसियू, एनआइसियू, जनरल सर्जरी, अर्थोपेडिक, गाइनेकोलोजी, ल्याप्रोस्कोपी सर्जरी, प्याथोलोजी टेस्ट, एक्सरे, भिडियो एक्सरे, इसिजी, इको, इन्डोस्कोपीलगायतका सेवामा बैंकका ग्राहकलाई अस्पतालले सेवा हेरी छुट दिनेछ।

यो सुविधा लिन भने ग्राहकले बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड वा मोबाइल बैंक एपमार्फत भुक्तानी गर्नुपर्नेछ। हस्पिटलसँगको यस सहकार्यले उक्त क्षेत्रमा यस बैंकका ग्राहकले स्वास्थ्य उपचारमा विशेष सहयोग लिने बैंकको अपेक्षा छ। साथसाथै, देशको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा पनि सघाउ पुग्ने बैंकले विश्वास लिएको छ।

सिद्धार्थका ग्राहकलाई मनोर बुटिकमा छुट

काठमाडौं/ सिद्धार्थ बैंक र माया मनोर बुटिक होटेल प्रालिबिच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्न सम्झौता भएको छ। सम्झौताअनुसार हात्तीसार काठमाडौंस्थित माया मनोर बुटिक होटेलमा बैंकका ग्राहकले कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा २० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्।

नेपाल लाइफले गच्यो सगरमाथामा थुप्रिएको फोहोर संकलन



काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सले सगरमाथामा थुप्रिएको फोहोर संकलन गरेको छ। कम्पनीले राउन्ड टेबल नेपालसँगको सहकार्यमा प्रोजेक्ट केयर अभियानअन्तर्गत सगरमाथामा थुप्रिएको पाँच हजार किलो फोहोर संकलन गरेको हो। एक कार्यक्रमबिच राउन्ड टेबल नेपालका अध्यक्ष प्रवेश अग्रवालले फोहोर संकलनसम्बन्धी प्रतिवेदन कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीलाई हस्तान्तरण गरे। उक्त कार्यक्रममा कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयाल, राउन्ड टेबल नेपालका निवर्तमान अध्यक्ष नितेशकुमार अग्रवाल, राउन्ड टेबल नेपालका पदाधिकारीको उपस्थिति थियो। साथसाथै, प्रोजेक्ट केयरको प्राविधिक साझेदारका रूपमा रहेको सगरमाथा प्रदूषण नियन्त्रण समितिका प्रतिनिधि, फोहोर व्यवस्थापन, रिसाइक्लिङ र वातावरणीय संरक्षणमा योगदान पुऱ्याउँदै आएको संस्था खालीसिसीका प्रतिनिधिसमेत उपस्थित थिए।

नेपाल लाइफले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सगरमाथा सफाइ अभियान सञ्चालन गर्न सहकार्य गरेको सिइओ पराजुलीले बताए। पहिलो चरणमा पाँच हजार किलोग्राम फोहोर संकलन गरिएको र आगामी दिनमा पनि वातावरण रक्षाका लागि संस्था तयार रहेको प्रतिबद्धता जनाए। सगरमाथा नेपालको मात्र नभई विश्वकै गहना भएकाले यसको संरक्षण गर्नु आवश्यक रहेको पराजुलीको भनाइ थियो।

त्यस्तै, राउन्ड टेबलका अध्यक्ष अग्रवालले आगामी दिनमा थप २५ हजार किलो फोहोर व्यवस्थापन गर्ने योजना बनाइएको कुरा बताए।

डेढ लाखले अवलोकन गरे नाडा अटो सो



काठमाडौं/ दुईपांग्रे तथा चारपांग्रे सवारीसाधनको मेला मानिने नाडा अटो सो-२०२५ आइबार सकिएको छ। भूकुटीमण्डपमा ३ भदौदेखि जारी १७औँ संस्करणको अटो सो आइतबार सकिएको हो। गत मंगलबार प्रधानमन्त्री केपी ओलीले उद्घाटन गरेको उक्त अटो सो आइतबार स्वास्थ्यमन्त्री प्रदीप पौडेलको प्रमुख आतिथ्यमा समापन भएको हो। कार्यक्रममा बोल्दै मन्त्री पौडेलले नेपालमा आयातीत सवारीको संख्या अत्यधिक रहेको उल्लेख गर्दै विदेशी प्रविधि र व्यवसायलाई आधार बनाएर नेपालमा पनि उत्पादन थाल्नतिर जोड दिनुपर्ने बताए। त्यस्तै, नाडाका अध्यक्ष करण चौधरीले यसपटक एक लाख ६० हजारजनाले अवलोकन गरेको बताए। 'यसपटकको नाडा अटो सो मेरा लागि ऐतिहासिक बनेको छ। यो मेरा लागि ठुलो सफलता हो,' अध्यक्ष चौधरीले भने।

सोमा लुब्रिकेन्ट, पार्टसूलगायतका स्टल रहेका थिए। त्यस्तै, बैंक तथा वित्तीय संस्थाको समेत सहभागिता छ। विभिन्न कम्पनीले नयाँ गाडी लन्च गर्नेदेखि ग्राहकलाई बुकिङ एवं खरिदमा छुट र सुविधा दिएका थिए।

Government of Nepal
Ministry of Culture, Tourism & Civil Aviation
Tara Gaon Development Board
Kathmandu, Nepal
First Time Date of publication: 25 Aug, 2025 (2082/05/09)

The Office of the Tara gaon Development Board invites electronic bids from eligible bidders for the Supply and Delivery of Foodstuffs, Fleshy, Fruit & Vegetable Items for Canteen Operation at Ministry of Finance under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

S.N	Contract Identification Number	Description of Work	Total Amounts With VAT	Bid Security (NRs)	Bid Document Price (NRs)	Remarks
1	01/TGDB/NCB-GOODS/2082/083	Supply and Delivery of Foodstuffs, Fleshy, Fruit & Vegetable Items	1,74,73,502/	4,40,000/-	3000/-	Hard Copy Not Acceptable

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Tara Gaon Development Board Office Email: tgdboard@gmail.com, Phone no. 01-5172033 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

The Cost of Bid Document Fee (Nrs. 3000) May be Deposited to the account bellow.
Name of the Bank: Siddharth Bank Ltd.
Name of Office: Tara Gaon Development Board
Office Account no.: 01915170534 (Revenue Account) For Bid Document Fee.
Office Account no.: 01915099185 (Dharauti Account) For Bid Security.

Member Secretary

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७०/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-०७०७०१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५२ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ता को अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी फर्म : के टि एम फैशन स्टोर, प्रोप्राईटर तथा जमानीकर्ता : तुफान राम** दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विरगंजमा प्रा.फ.र.नं. ४७४५/०७७/७८, दर्ता मिति २०७७/११/०७, ठेगाना: जिल्ला पर्सा, सखुवा प्रसौनी गा.पा. वडा नं. ५
२)	**ऋणी फर्म : सृस्टि गाल्ला भण्डार, प्रोप्राईटर तथा जमानीकर्ता: तेजनारायण साह** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. १००२३/८४३, दर्ता मिति २०७७/०८/१७, ठेगाना: जिल्ला रौतहट, गुजरा न.पा. वडा नं. ९
३)	**ऋणी फर्म : दनुवार बहुउद्धेश्यीय कृषि तथा पशुपंक्षी फर्म, प्रोप्राईटर तथा जमानीकर्ता: हेम बहादुर कुमर** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुली, प्रा.फ.नं: ७४५८/०७९/०८०, दर्ता मिति: २०७९/०३/२७, ठेगाना: जिल्ला सिन्धुली, दुधौली न.पा. वडा नं. ९
४)	**१) ऋणी फर्म : आयुष कृषि फार्म हाउस, प्रोप्राईटर तथा जमानीकर्ता: चन्द्र कान्त मण्डल** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराजमा प्रा.फ.र.नं.:९९२२/२०७८/७९, दर्ता मिति २०७८/०४/०४, ठेगाना: जिल्ला सप्तरी, शम्भुनाथ न.पा. वडा नं. १०
	२) ऋणी: निता देवी मण्डल स्थायी ठेगाना : सप्तरी जिल्ला, रामपुर जमुवा गा.वि.स. वडा नं. १, हालको ठेगाना : सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १०, बाबु : देव नारायण मण्डल, ससुरा : रामदेव मण्डल, पति : चन्द्र कान्त मण्डल
५)	**ऋणी फर्म: अनिश हार्डवेयर एण्ड सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता: अरुण कुमार साह** दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं ४०८००/०७७/७८, दर्ता मिति २०७७/०९/०५, ठेगाना: जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. १९
६)	**१) ऋणी: कर्ण बहादुर शाही** स्थायी ठेगाना : बाँके जिल्ला, राधापुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना : काठमाडौं जिल्ला, काठेश्वरी मनोहरा न.पा. वडा नं. ९, बाबु : बजिर बहादुर शाही, बाजे : रण बहादुर शाही
	२) ऋणी: शारदा वस्नेत स्थायी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ५, हालको ठेगाना : काठमाडौं जिल्ला, काठेश्वरी मनोहरा न.पा. वडा नं. ९, बाबु : वीर बहादुर वस्नेत, ससुरा : बजिर बहादुर शाही, पति : कर्ण बहादुर शाही
८)	**१) ऋणी कम्पनी : लक्ष्मी हेभी सर्भिस प्रा.लि., संचालक तथा जमानीकर्ता: रुपेश सिंह वस्नेत** दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं.: २६६७७२/०७८/०७९, दर्ता मिति २०७८/०४/२०, ठेगाना: जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. ४
	२) ऋणी : रुपेश सिंह वस्नेत स्थायी ठेगाना : काठमाण्डौ जिल्ला, शेष नारायण गा.वि.स. वडा नं. ४, हालको ठेगाना : काठमाण्डौ जिल्ला, दक्षिणकाली न.पा. वडा नं. ५, बाबु : चन्द्र सिंह वस्नेत, बाजे : नारायण सिंह वस्नेत
९)	**१) ऋणी फर्म : श्री श्री खत्री ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता : कृष्ण के.सी.** दर्ता नं.: वाणिज्य कार्यालय भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ३७८६७/०७३, मिति २०७३/०५/२४, ठेगाना : जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा. वडा नं. १५
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी : दिपा पौडेल** स्थायी ठेगाना : नवलपरासी जिल्ला, दृष्टिकबास गा.वि.स. वडा नं. २, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ बाबु : सूर्य पौडेल, ससुरा : ठेक बहादुर खत्री, पति : कृष्ण के.सी.
	जमानीकर्ताहरु : १) कृष्ण के.सी., स्थायी ठेगाना : बागलुङ जिल्ला, सल्यान गा.वि.स. वडा नं. ५, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२, बाबु : ठेक बहादुर खत्री,बाजे : हिम बहादुर खत्री, **२) दिपक खत्री**, स्थायी ठेगाना : बागलुङ जिल्ला, सल्यान गा.वि.स. वडा नं. ५, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२, बाबु : ठेक बहादुर खत्री, बाजे : हिम बहादुर खत्री **३) नन्दकला खत्री**, स्थायी ठेगाना : बागलुङ जिल्ला, सल्यान गा.पं. वडा नं. ५, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२, बाबु : तेज बहादुर भण्डारी, ससुरा : हिम बहादुर खत्री, पति : ठेक बहादुर खत्री, **४) ठेक बहादुर खत्री**, स्थायी ठेगाना : बागलुङ जिल्ला, सल्यान गा.वि.स. वडा नं. ३, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२, बाबु : हिम बहादुर खत्री, बाजे : भुवन सिंह खत्री

नोट: ऋणी तथा प्रोप्राईटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ साफ यू-१७ महिला च्याम्पियनसिप

बंगलादेशविरुद्ध नेपालको कमजोर प्रदर्शन

गत महिना साफ यू-२० च्याम्पियनसिपको पहिलो चरणमा ३-२ ले हारेको नेपाल अन्तिम खेलमा बंगलादेशसँग ४-० ले हाऱ्यो । आइतबार भुटानमा भएको साफ यू-१७ मा नेपालले बंगलादेशसँग ३-० को हार नतिजा निकाल्यो ।



नयाँ पत्रिका

नेपालको उमेर समूहदेखि राष्ट्रिय महिला फुटबल टोलीले बंगलादेशविरुद्ध लगातार कमजोर प्रदर्शन गर्दै आइरहेका छन् । दक्षिण एसियाली क्षेत्रमा बंगलादेशले महिलातर्फ एकपछि अर्को उत्कृष्ट नतिजा निकाल्दा नेपालले फितलो प्रदर्शन गरिरहेको छ । डेढ महिनायता नेपालको उमेर समूहको महिला टोलीले बंगलादेशविरुद्ध जित निकाल्न सकेको छैन ।

गत साउनयता नेपालको उमेर समूह यू-२० र यू-१७ महिला फुटबल टोली समग्रमा बंगलादेशसँग तीन खेलमा पराजित भएको छ । साउनमा साफ यू-२० च्याम्पियनसिपको पहिलो चरणमा ३-२ ले हारेको नेपाल अन्तिम खेलमा बंगलादेशसँग ४-० ले हाऱ्यो । आइतबार भुटानमा भएको साफ यू-१७ मा नेपालले बंगलादेशसँग हार नतिजा निकाल्यो ।

बंगलादेशले सबै भेटमा नेपालमाथि सानदार जित हात पारेको छ । भुटानको थिम्पुमा चलिरहेको साफ यू-१७ महिला च्याम्पियनसिपको आइतबार भएको खेलमा बंगलादेशले नेपाललाई ३-० ले हराएको छ । प्रतियोगितामा नेपालको यो दोस्रो हार हो । बंगलादेशलाई जित दिलाउन थुनुए मार्मा, सौरभी प्रीति र मामोनी चक्माले सामान एक गोल गरेका थिए । जितसँगै तीन खेलमा ६ अंक जोडेको बंगलादेश दोस्रो स्थानमा छ । नेपाल समान खेलबाट ३ अंकसाथ तेस्रो स्थानमा छ । प्रतियोगितामा चेतनारायण श्रेष्ठको प्रशिक्षणमा रहेको नेपाल पहिलो खेलमा भारतसँग ७-० ले पराजित भएको थियो । नेपालले दोस्रो खेलमा कमजोर प्रतिद्वन्द्वी भुटानलाई २-१ ले हरायो । आइतबारै भएको खेलमा भारतले भुटानविरुद्ध ८-० को जित निकालेको छ । यो जितपछि भारत शीर्ष स्थानमा रहेको छ ।

दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले आयोजना गरेको प्रतियोगितामा चार टोली सहभागी छन् । डबल राउन्ड रोबिन पद्धतिमा आयोजना भएको लिगको शीर्ष स्थानमा रहने टोली सिधै च्याम्पियन बन्नेछ । पाकिस्तान, माल्दिभ्स, श्रीलंकाले उमेर समूहमा भाग लिएका छैनन् । प्रतियोगितामा भारत र बंगलादेश समान दुईपटक च्याम्पियन भइसकेका छन् । नेपाल र आमन्त्रित टोली रसियाले समान एकपटक उपाधि जितेका छन् । नेपालले फेरि बुधबार बंगलादेशविरुद्ध खेल्नेछ । यसैदिन भुटानले भारतको सामना गर्नेछ ।

पहिलो हाफमा कमजोर प्रदर्शन

भूमिका बुढाथोकीको कप्तानीमा रहेको नेपालले बंगलादेशविरुद्ध खेलको ४०औँ मिनेटसम्म सम्हालिएर खेलेको थियो । नेपालका डिफेन्डरले बलियो बंगलादेशको फिनिसिङ लाइनमा रहेका खेलाडीलाई सहज डिबक्सभित्र प्रवेश गर्न दिएका थिएनन् । तर, खेलको ४१औँ मिनेटमा नेपालको डिफेन्सको गल्तीमा बंगलादेशले खेलमा १-० को अग्रता लियो ।

बंगलादेशका लागि मार्माले अग्रता गोल गरेकी हुन् । खेलको ४५औँ मिनेटमा सौरभीले बंगलादेशलाई २-० को स्थितिमा राखिन् । मध्यान्तरपछि नेपालले खेलमा सुधार गरेको थियो ।

तर, मिडफिल्ड र फिनिसिङ कमजोर हुँदा नेपालले बंगलादेशको पोस्टमा एकपटक पनि गोल अवसर निकाल्न सकेन । दोस्रो हाफमा बंगलादेशले पनि डिफेन्स रणनीति अपनाएको थियो । यद्यपि, नेपालको तुलनामा बंगलादेशले काउन्टरमा नेपालमाथि दबाब राखेको थियो । खेलको अन्तिम इन्जुरी समयमा चक्माले गोल गर्दै बंगलादेशलाई ३-० को सहज जित दिलाइन् ।

सर्वाधिक गोलमा अनुस्का अगाडि

प्रतियोगितामा भारतकी अनुस्का कुमारी पाँच गोलका साथ अगाडि छिन् । भारतले भुटानमाथि ८-० को जित निकाल्दा उनले ह्याट्रिक गरिन् । अनुस्काले नेपालविरुद्ध दुई गोल गरेकी थिइन् । भारतकी अविस्ता बस्नेतले चार गोल गरेकी छिन् । चार खेलाडीले दुई गोल गरेका छन् । नेपालकी सहारा लिम्बू, बंगलादेशकी अल्पी अक्तर तथा भारतका निरा चानु र फर्नान्डेजले समान दुई गोल गरेका हुन् ।

प्रतियोगितामा ह्याट्रिक गर्ने पहिलो खेलाडी बन्ने क्रममा अनुस्काले भुटानविरुद्ध खेलको ५३औँ, ६१औँ र ७२औँ मिनेटमा गोल गरेकी थिइन् । भुटानले पहिलो हाफमा भारतविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको थियो । मध्यान्तरअघि भुटानले भारतलाई १-० ले रोकेको थियो । तर, दोस्रो हाफमा भुटानका खेलाडीले निरन्तर गल्ती गरिरहे । यसको फाइदा लिँदै भारतले दोस्रो हाफमा सात गोल गऱ्यो ।

बंगलादेशसँग खेलाडी आत्तिए

● **चेतनारायण श्रेष्ठ**, प्रशिक्षक, नेपाल



बंगलादेशसँग खेलाडीले ठिकै खेलेका थिए । यद्यपि, उनीहरूको पोसेसन राम्रो थियो । हामीले बलियो बंगलादेशलाई ४० मिनेटसम्म रोक्यौँ, तर त्यसपछि गोल खायौँ । नेपाली फुटबलको यो पुरानो परम्परा हो । गोल खाएपछि खेलाडीको मनोबल घट्छ । नेपालका युवा खेलाडी बंगलादेशविरुद्ध आत्तिए । खेलमा आत्तिनु नपर्ने थियो । हामीले दोस्रो हाफमा मौका पाएका थियौँ । तर, त्यसलाई गोलमा परिणत गर्न सकेनौँ । अर्को खेल बंगलादेशसँग नै छ । यो दुई दिनको समयमा आवश्यक तयार गर्नेछौँ । दक्षिण एसियाली फुटबलमा भारत र बंगलादेश धेरै माथि पुगिसके । नेपाल र उनीहरूबिच अन्तर बढिरहेको छ । उनीहरूको 'लङ टर्म प्लान' हुन्छ । पर्याप्त प्रशिक्षण गरेका खेलाडीहरू हुन् उनीहरू । हामीले कमसेकम दुई वर्षजति निरन्तर प्रशिक्षण गऱ्यौँ र पर्याप्त अन्तर्राष्ट्रिय 'म्याच एक्सपोजर' पायौँ भने नेपालको भविष्य उज्ज्वल छ । यसले भारत र बंगलादेशसँगको दूरीलाई पनि घटाउनेछ ।

एपिएफ र नासाफ भिड्दै



नेपालको प्रतिनिधित्व गरेको नेपाल एपिएफ क्लबले सोमबार एएफसी महिला च्याम्पियन्स लिग छनोटमा उज्बेकिस्तानको लिग च्याम्पियन नासाफसँग खेल्दै छ । एपिएफका मुख्य प्रशिक्षक चेतन घिमिरे हुन् । 'ए' लाइसेन्स प्राप्त घिमिरे नेपाल पुलिस क्लबमा मुख्य प्रशिक्षक पनि हुन् । प्रतियोगिताका लागि राम्रो तयारी भएको उनले बताए । 'हामीसँग सबै खेलाडी राष्ट्रिय टोलीबाट खेलिरहेका छन् । त्यसैले पनि तयारी राम्रो भएको छ,' घिमिरेले भने, 'हाम्रो लक्ष्य दोस्रो चरण हो ।'

एपिएफले छनोटका लागि नेपाल पुलिसका समीक्षा घिमिरे र त्रिभुवन आर्मी क्लबबाट विमल विकलाई भित्र्याएको थियो । एपिएफको टोलीमा सावित्रा भण्डारी र प्रीति राई छैनन् । दुवै खेलाडी विदेशी क्लबमा अनुबन्ध भएका छन् । एपिएफको कप्तानी मिडफिल्डर अनिता बस्नेतले गर्नेछिन् ।

समूह 'बी'मा आयोजक नासाफ र नेपालको एपिएफ नै बलिया प्रतिद्वन्द्वी हुन् । समूहमा मलेसियाको कलेज अफ एसिया स्कलर्स र साउदी अरेबियाको अल नासर पनि छन् । एएफसीको नियमअनुसार समूहको शीर्ष टोलीले सिधै समूह चरणमा स्थान बनाउनेछ । यस्तै, पाँच समूहका एक टोलीले उत्कृष्टका आधारमा समूहमा स्थान बनाउनेछ । एसियाली फुटबल महासंघ (एएफसी)ले दोस्रोपटक एसियाकै ठुलो महिला क्लब फुटबल आयोजना गर्न लागेको हो ।

■ दोस्रो एभरेस्ट महिला भलिबल लिग

ललितपुरले पूरा गऱ्यो विदेशी खेलाडीको कोटा



ललितपुर क्विन्सले थाइल्यान्डका विभिन्न क्लबबाट प्रतिस्पर्धा गर्ने तीनजना विदेशी खेलाडी भित्र्यायो

नयाँ पत्रिका

ललितपुर क्विन्सले थाइल्यान्ड राष्ट्रिय महिला भलिबल टोलीकी आउटसाइड हिटर दारिन पिन्सुवानलाई आबद्ध गरेको छ । पोखरामा अर्को सातादेखि सञ्चालन हुने दोस्रो एभरेस्ट महिला भलिबल लिगमा सहभागिता जनाउन ललितपुरले आफ्नो तेस्रो विदेशी खेलाडीका रूपमा दारिनलाई अनुबन्ध गरेको छ । यसअघि ललितपुरले थाइल्यान्डकै वारन्या म्लिलाओङ र पट्राथिप सान्त्रकुनलाई अनुबन्ध गरिसकेको थियो ।

लिगका लागि काठमाडौंले सुरुवातमै तीनजना विदेशी खेलाडीको कोटा पूरा गरेको थियो । ३० वर्षकी दारिनसँग थाइल्यान्ड, दक्षिण कोरिया, चाइनिज ताइपेईजस्ता देशमा खेलेको अनुभव छ । उनी सम्मिलित थाइल्यान्डको राष्ट्रिय महिला भलिबल टोलीले सन् २०१४ मा दक्षिण कोरियाको इन्चोन सहरमा आयोजना भएको एसियन खेलकुद प्रतियोगितामा कांस्य पदक जितेको थियो ।

दारिनको आगमनसँगै टोली थप बलियो भएको ललितपुरले जनाएको छ । गत वर्षको संस्करणमा थाइल्यान्डका साथीहरूको प्रतिस्पर्धा हेरेका कारण नेपाल हुने लिगबारे आफूलाई राम्रोसँग जानकारी भएको उनले बताइन् । 'गत वर्षको लिगमा साथीहरू खेलेको भएर हेरेकी थिएँ । यहाँको लिगबारे राम्रोसँग थाहा छ,' दारिनले सोसल मिडियामा भनिन् । उनले करिअरमा विभिन्न विदेशी फ्रेन्चाइज टोलीमा आबद्ध हुँदै धेरै उपाधि जितेकी छिन् । यसपटक नेपालमा आएर उपाधि जित्ने योजना रहेको उनले सुनाइन् । ललितपुरको मार्की खेलाडी तथा कप्तान सलिना श्रेष्ठ रहेकी छिन् ।

ललितपुरले अक्सनबाट संगम महतो, लक्ष्मी चन्द, सुनिता राई, सलिना बुढामगर, निशा चौधरी, सृष्टि खड्गी र भावना डाँगीलाई टोलीमा समावेश गरेको थियो । रूपसे होलिडेजले ललितपुरको मुख्य प्रायोजन गरेको छ ।

यसअघि पोखरा निन्जाजले सर्बियाकी ३१ वर्षीया आउटसाइड हिटर ल्युबिका केकमानलाई अनुबन्धन गरेको थियो । पोखराले पहिलो विदेशी खेलाडीका रूपमा केकमानलाई घोषणा गरेको थियो । केकमानसँग टर्की, फ्रान्स, ग्रिस, पोल्यान्ड, जर्मन बुन्डेसलिगा, रोमानियालगायतका शीर्ष लिगमा खेलेको अनुभव छ । उनले सर्बियाको यू-२० र यू-२१ राष्ट्रिय टोलीबाट प्रतिस्पर्धा गरिसकेकी छिन् ।

पोखराको मार्कीमा प्रगति नाथ छिन् । प्रगति पहिलोपटक मार्कीको भूमिकामा देखिन लागेकी हुन् । यसैगरी, अर्को फ्रेन्चाइज टोली लुम्बिनी लाभाजले रसियन खेलाडी भेरोनिका जुवरेभ गऱ्यो ।

लुम्बिनीले पहिलो विदेशी खेलाडीका रूपमा आउटसाइड हिटर जुवरेभलाई सार्वजनिक गरेको थियो । जुवरेभलेसँग रसिया, किर्गिस्तान, मंगोलिया र माल्दिभ्सको लिग खेलेको अनुभव छ । उनले पछिल्लो समय माल्दिभ्सको हुरा कम्युनिटी क्लबबाट खेल्दै आएकी थिइन् ।

नेपालले जित्यो सर्वाधिक २१ पदक

नयाँ पत्रिका

भुटानको थिम्पुमा भएको दक्षिण एसियाली क्षेत्रीय ब्याडमिन्टन प्रतियोगितामा नेपालले सर्वाधिक २१ पदक जितेको छ । ३० साउनदेखि ६ भदौसम्म भएको प्रतियोगितामा नेपाली टोलीले एक स्वर्ण, नौ रजत र ११ कांस्यसहित कुल २१ पदक हात पारेको हो । प्रतियोगितामा नेपाल, भुटान, श्रीलंका र पाकिस्तानका खेलाडीले सहभागिता जनाएका थिए । च्याम्पियनसिपअन्तर्गत पुरुष एकलमा नेपालले स्वर्ण हात पारेको थियो । नेपालका लागि सुदेश राजकोटीले स्वर्ण पदक दिलाएका थिए । यसै विधामा नेपालका दीप थिङले कांस्य जिते ।

प्रतियोगितामा यू-२३ को मिक्स टिम इभेन्ट्समा रसिला महर्जन, आयुष्मा नेपाल, प्रिन्स दाहाल र क्षितिज खनालले कांस्य पदक जिते । पुरुष एकलमा प्रिन्स दाहाल र क्षितिज खनाल कांस्यमै सीमित भए । पुरुष डबल्समा प्रिन्स दाहाल र क्षितिज खनालले रजत जिते । महिला एकलमा रसिला महर्जनले कांस्य जितिन् । महिला डबल्समा रसिला महर्जन र आयुष्मा नेपालको जोडी दोस्रो भयो । यसैगरी, यू-१७ मिक्स टिम इभेन्ट्समा रिहाना शेरचन, दिलासा राना, सुविन श्रेष्ठ र सदीप राईले रजत पदक जितेका छन् । यसै विधाको पुरुष एकलमा सुविन श्रेष्ठ 'बी'ले कांस्य जिते । महिलातर्फको एकलमा रिहाना शेरचन र दिलासा राना कांस्य पदकमा सीमित भए । पुरुष डबल्समा दीप र सुदेशले रजत र महिला एकलमा स्वर्लिन श्रेष्ठले कांस्य हात पारेको आयोजकले जनाएको छ ।

■ छनोटनजिक संकटा क्लब



काठमाडौं/ लगातार तेस्रो जित निकाल्दै सहिद स्मारक 'ए' डिभिजन क्लब संकटा राष्ट्रिय महिला लिगनजिक पुगेको छ । महिला लिग छनोटअन्तर्गत आइतबार संकटाले बुटवल लुम्बिनी एफसीलाई ३-० ले हरायो । च्यासल रंगशालामा संकटालाई जित दिलाउन कप्तान सिम्रन राई, सेनु परियार र रेनिशा शर्माले समान एक गोल गरेका थिए । तीन खेलमा ९ अंक जोडेको संकटा समूह 'बी'को शीर्ष स्थानमा छ । पहिलो हार सामना गरेको बुटवलले ६ अंक जोडेको छ । संकटा लगातार दोस्रोपटक महिला लिगमा छनोट हुने योजनामा छ । संकटाले नेपालको यू-२०, यू-१७ र यू-१९ टोलीबाट खेलिसकेका खेलाडी अनुबन्ध गरेको छ । अर्को खेलमा छहारी युवाले राप्ती युवा क्लबलाई गोलरहित बराबरीमा रोकेको छ ।

खेल संक्षेप

ज्ञानोदयले मल्पीलाई हरायो

काठमाडौं/ आयोजक ज्ञानोदय बालवाटिका माविले ३१औँ ज्ञान कार्निभलअन्तर्गत पुरुष फुटबलमा मल्पीलाई ४-१ ले पराजित गरेको छ । बास्केटबलको पुरुषमा रेडियन्ट रिडर्सले ओरेकल एकेडेमीलाई २९-२४ ले पाखा लगायो । महिलातर्फ रिब्सले मल्पी इन्टरनेसनलमाथि ३६-१५ को जित निकाल्यो ।

बागमती प्रदेशकी युवा तथा खेलकुदमन्त्री उर्मिला नेपाल केसीले आइतबार प्रतियोगिताको उद्घाटन गरेकी थिइन् । कार्निभलमा तीन खेल समावेश छन् । बास्केटबलको पुरुषमा २४ तथा महिलमा १२ टोली सहभागी छन् । पुरुष फुटबलमा पाँच टोलीले भाग लिएका छन् ।

एन्जल लर्ड प्रिक्वार्टरफाइनलमा

काठमाडौं/ नेमोनिक एकेडेमी र एन्जल लर्डले दोस्रो टाइमलाइन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा प्रिक्वार्टरफाइनलमा स्थान पक्का गरेका छन् । नेमोनिकले मनकामनालाई ६७-२१ तथा एन्जल लर्डले टाइमलाइनलाई ४६-१५ ले पराजित गरे । विद्या आर्जनले बाल संसारलाई ३५-२६ तथा चैतन्यले इस्टपोललाई २९-१४ ले हराए । प्रतियोगिताको सिनियर महिलामा विट्स एकेडेमीले पर्ल्स एकेडेमीलाई ६-४ ले हरायो । बाल संसारले गोकर्णेश्वरलाई ५-३ र भेनस पब्लिकले वेब स्कुललाई २४-६ ले पाखा लगाए ।

पुष्पसदन अन्तिम चारमा

काठमाडौं/ पुष्पसदन र कन्स्टिलेसनल तेस्रो न्यु जेनिथ कपअन्तर्गत अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषको सेमिफाइनलमा प्रवेश गरेका छन् । पुष्पसदनले पिपुल्स एकेडेमीलाई ३१-११ तथा कन्स्टिलेसनले कश्यपलाई ४३-२० ले पराजित गरे । आइतबार भएको सिनियर पुरुषमा ज्ञान निकेतनले स्वर्णिमलाई ६२-४४ तथा ब्राइट होराइजनले राराहिललाई ४२-४० ले हराउँदै अन्तिम चारको स्थान सुरक्षित गरेका छन् । सिनियर महिलामा रिब्सले जेसिसलाई २३-८ र स्वर्णिमले रेडियन्ट पब्लिकलाई २३-५ ले निराश बनाए । पुरुष फुटसलको यू-११ मा चेल्सी वर्ल्ड स्कुलले एआईलाई २-१ तथा बेसिक लर्निङले रेडियन्ट पब्लिकलाई ३-० ले पराजित गरी फाइनलमा स्थान बनाए ।

बेलमोन्टको कठिन जित

काठमाडौं/ बेलमोन्ट र न्युटनले १९औँ ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा आइतबार जित हात पारेका छन् । बेलमोन्टले वसुन्धरा नेसनल एकेडेमी (बिएनए)लाई १९-१७ ले पराजित गऱ्यो । न्युटनले ल्यान्डमार्कलाई २०-१७ ले हरायो । सिनियर महिलामा इडेन ब्रिज एकेडेमी (इबिए)ले क्यान्भास वसन्त ऋतुलाई १५-८ ले पराजित गऱ्यो । तेजस्वीले टिआइएलाई १८-१२ र केभिकेएसएसले गण्डकीलाई २३-१३ ले पाखा लगाए ।

जुनियर पुरुषमा हिमालयनले ज्ञानभूमिलाई १४-१३ र एन्जल्स हार्टले तेजस्वीलाई ४२-३२ ले हराएका छन् । सिनियर पुरुषतर्फ न्युटनले सेवा सदनलाई ५७-४२ को स्कोरमा पराजित गरेको छ । गण्डकीले जिनियस वर्ल्डलाई ३९-३३ ले हरायो ।

■ लामाचौर कप भलिबल

टप्स र शान्त मावि फाइनलमा

कास्कीमा रोहितराज पराजुली

नवआदर्श सामुदायिक विकास समाजको आयोजनामा आइतबारदेखि लामाचौर कप भलिबल प्रतियोगिता सुरु भएको छ । प्रतियोगिताअन्तर्गत अन्तरमावि छात्रा भलिबलमा टप्स र शान्त मावि फाइनल प्रवेश गरेका छन् । पहिलो सेमिफाइनलमा टप्सले सिर्जना माविलाई २-० सोझो सेटमा हरायो । शान्तले पोखरा युनाइटेडलाई २-१ सेटमा पराजित गर्दै उपाधि भिडन्त पक्का गऱ्यो ।

यसैगरी, खुलातर्फ आयोजकको टोली, ढुंगेदेउराली क्लब र एपिएफ क्लबले पहिलो जित निकाली समान ३ अंक बटुलेका छन् । ६ टोली सहभागी प्रतियोगितामा दुई खेल खेलेका माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समिति र कृष्णदल फूलबारी अंकविहीन हुँदै बाहिरिएका छन् । समूह 'ए'मा आयोजकले माछापुच्छ्रेलाई ३-० को सोझो सेटमा हरायो ।

आयोजकको टोलीले पहिलो सेट ३३-३१ र दोस्रो सेट २५-१३ ले जितेको थियो । माछापुच्छ्रेले तेस्रो सेटमा पुनरागमनको प्रयास गरेको थियो । तर, आयोजक टोलीले अन्तिमतिर अंक नगुमाउँदै २५-१८ ले आफ्नो पक्षमा राख्यो । अर्को खेलमा जिएम समाजले कृष्णदललाई २५-२०, २५-१८ र २५-२३ सेटमा हरायो । तेस्रो खेलमा ढुंगेदेउरालीसँग माछापुच्छ्रेले अर्को हारको सामना गऱ्यो । चौथो खेलमा एपिएफले कृष्णदलमाथि २५-२०, २५-२१ र २५-१९ सेटमा जित निकाल्यो ।

समूह 'ए'मा आयोजकसहित ढुंगेदेउराली छन् । समूह 'बी'मा जिएम समाज र एपिएफ छन् । पुरुष भलिबल विजेताले तीन लाख र उपविजेताले एक लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीलाई १० हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ । अन्तरमावि छात्रा भलिबल विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँसँगै सर्वोत्कृष्ट खेलाडीले पाँच हजार प्राप्त गर्नेछन् ।

रोनाल्डोले बनाए नयाँ रेकर्ड



भिन्दाभिन्दै चार क्लबबाट सय गोल गर्ने रोनाल्डो विश्वकै पहिलो खेलाडी

चार क्लबमा रोनाल्डोका गोल

क्लब	खेल	गोल
अल नासर	११३	१००
युभेन्ट्स	१३४	१०१
रियल म्याड्रिड	४३८	४५१
म्या. युनाइटेड	३४६	१४५

एजेन्सी

पोर्चुगलका क्रिस्टियानो रोनाल्डोले विश्व फुटबलमा अर्को कीर्तिमान बनाएका छन् । रोनाल्डो विभिन्न चार क्लबबाट सय गोल गर्ने विश्वकै पहिलो खेलाडी बनेका छन् । साउदी प्रो लिग अल नासरमा आबद्ध रोनाल्डोले शनिबार राति साउदी अरेबियाको सुपर कपको फाइनलको पहिलो हाफमा एक गोल गरेका थिए । यो गोलसँगै अल नासरबाट उनले सबैखाले प्रतियोगितामा गरी सय गोल गरे । सुपर कपको फाइनलमा अल नासर र अल अहलीबिच निर्धारित समय २-२ को बराबरी भएको थियो । जसमा रोनाल्डोले पहिलो हाफमा गोल गरेका थिए । अल नासर टाइब्रेकरमा ५-३ ले पराजित भयो । अल नासर सुपर कपको उपाधिविमुख बन्यो । सन् २०२२ मा रोनाल्डोले इंग्लिस क्लब म्यानचेस्टर युनाइटेड छाडेर अल नासरसँग सम्झौता गरेका थिए ।

फुटबल करिअरमा उनी पहिलोपटक युरोपियन लिगबाहिर आबद्ध भएका थिए । दुई दशक लामो फुटबल करिअरमा रोनाल्डोले म्यानचेस्टर युनाइटेड, रियल म्याड्रिड र युभेन्ट्सजस्ता विश्वप्रसिद्ध क्लबबाट प्रतिस्पर्धा गरेका छन् । यसक्रममा उनले म्यानचेस्टरबाट १४५ र युभेन्टसबाट १०१ गोल गरेका छन् ।

म्याड्रिडमा आठ वर्ष बिताएका रोनाल्डोले सर्वाधिक ४५० गोल गरेका थिए ।

रोनाल्डोले तीन फरक क्लबका लागि सय गोल गर्ने ब्राजिलका स्टार खेलाडी रोमारियो र नेमारलाई पछि पारेका छन् । रोनाल्डो राष्ट्रिय टोलीका लागि सर्वाधिक गोल गर्ने खेलाडीसमेत हुन् । पोर्चुगलका लागि १३८ गोल गरेका रोनाल्डोको नाममा राष्ट्रिय टोलीका लागि सर्वाधिक गोल गर्ने अर्को विश्व कीर्तिमान छ । उनले अल नासरबाट ११३ खेलमा सय गोल संख्या पुऱ्याएका हुन् ।

म्याड्रिडबाट १६ उपाधि

रोनाल्डोको करिअरमा सबैभन्दा सफल क्लब रियल म्याड्रिड हो । स्पेनिस क्लब म्याड्रिडमा कीर्तिमानी रकममा अनुबन्ध भएका रोनाल्डोले आठ वर्षभित्र १६ उपाधि जितेका थिए । यसक्रममा उनी म्याड्रिडकै सबैभन्दा बढी गोल गर्ने खेलाडी बने । उनले म्याड्रिडबाट चारपटक युरोपियन च्याम्पियन्स लिग जितेका थिए । म्याड्रिडबाट उनले च्याम्पियन्स लिगमा सर्वाधिक गोल संख्या पनि राखेका छन् । अहिले रोनाल्डो फुटबल इतिहासमा हजार गोल गर्ने अभियानमा छन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com